साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १३०औं दिन

वर्ष ४३, अंक ३३, २०८२, माघ ५ गते, सोमबार (Jan. 19, 2026) मूल्य रू. १०।-

वेबसाइट: www.sanghunews.com

## भावी प्रधानमन्त्री को ? वाह्य चासो !
## राजावादी पुनरागमनको सम्भावना कति ?

**काठमाडौं । नेपालको राजनीतिमा चुनावी माहोलसँगै विभिन्न चासो र चिन्ता बढ्न थालेको छ । नेपालको राजनीतिमा आन्तरिक शक्तिहरू राजादेखि पुराना दलहरूले निकै चासोका साथ हेरेको चुनावलाई निकै चासो राख्ने गरेको भारत, चीन, अमेरिकाको अन्तर्राष्ट्रिय चासोको अलवा अन्य शक्तिकेन्द्र पनि चिन्तासहित चासोमा देखिएका छन् ।**

जेन-जी आन्दोलनपछि भूराजनीतिक चासो बढेको छ । नेपालका राजनीतिक दलहरूको व्यवस्थापनमा समेत ती शक्तिकेन्द्रहरू सक्रिय देखिएका छन् । साथै कतिपय सन्दर्भमा वाह्यशक्तिले उम्मेदवार चयनमा समेत चासो राख्न थालेका छन् । यसले स्वभाविक रुपमा सक्रियता बढाउनेमात्र होइन, चिन्ता पनि थप्ने देखिएको छ ।

पछिल्ला दिनमा भारत र अमेरिकाको सक्रियता बढेको छ । चीनको मौनजस्तो देखिए पनि सक्रियताका लागि बाटो खोजिरहेको देखिन्छ । त्यसलाई साथ दिने शक्तिहरू पनि काठमाडौंमा देखिन थालेका छन् । त्यसकारणले राजनीतिमात्र होइन, आउने चुनाव नै पेचिलो र राजनीतिक रुपमा निकै अर्थपूर्ण हुने देखिन्छ ।

अहिले बालेनलाई प्रधानमन्त्रीको रुपमा रास्वपाले अघि सारेको छ । अनि कांग्रेसले गगन थापालाई अघि सार्ने देखिएको छ । त्यसबाहेक एमालेबाट केपी ओली र नेकपाबाट प्रचण्ड नै दाबेदार देखिएका छन् । यसमा पनि भूराजनीतिक चलखेल र चासो रहेको चर्चा गरिन्छ । रास्वपालाई पहिलो पार्टी बनाउन सहयोग गर्ने र गगन थापालाई प्रधानमन्त्री बनाउने गरी रणनीति मुभ हुन सक्ने आंकलन पनि हुन थालेको छ । तर, त्यतिबेलाको राजनीतिक परिदृश्य कस्तो हुन्छ ? भन्ने चाहिँ आंकलन हुन सकेको छैन तर चुनावी नतिजा त्यसरी नै सिर्जना गर्ने गरी प्रयासहरू गर्न सकिने चर्चा काठमाडौंमा भइरहेको छ ।

चीनको चासो भएपनि केही गर्न नसकेको अवस्थाले गर्न नेपालको अबका केही वर्ष इण्डो-वेस्ट लाइन हावी हुने चर्चा भइरहेको छ । तर, यही वीचमा राजावादीहरूको सक्रियता र राजा ज्ञानेन्द्र शाहको सक्रियता पनि बढेका कारणले केही नयाँ परिदृश्य देखिन सक्ने आंकलन हुन थालेका छ । अर्थात, नेपालभित्र बढ्दो दलहरूप्रतिको वितृष्णा अनि नयाँ दलहरूमा संविधानप्रति खासै चासो नभएका कारणले पनि राजाको स्थान बलियो बन्दै गएको विश्लेषण हुन थालेको हो ।

कुलमान घिसिङले रास्वपा छोड्ने निर्णय लिनुसँग पनि जोडिने चर्चा छ । उनी त्यही मुद्दामा अल्झेर रास्वपाबाट निस्केका थिए । अनि, रास्वपाले पनि नयाँ राजनीति मार्गबारे खासै बोलेको छैन । त्यसैले पनि आउने चुनावमा राजावादीहरूको भन्दा पनि नयाँहरूको परिणाम कस्तो आउँछ र उनीहरूले संविधानको विषयमा कतिसम्म प्रभाव राख्न सक्छन् ? भन्ने चासोको विषय बनेको छ । कतिपयले भने अबको चुनावपछि संविधानको विकल्पमा काम हुने आंकलन पनि गर्न थालिसकेका छन् । *(बाँकी पृष्ठ ८ मा)*

# सुशासनको जनमत कि रणनीतिक सत्ता–खेल ?
# उम्मेदवार, गठबन्धन र पर्दा पछाडिको रणनीति

● **साँघु राजनीतिक विश्लेषक**

**नेपालको राजनीति यतिबेला इतिहासकै एक अत्यन्तै जटिल र संवेदनशील मोडमा आइपुगेको छ । २०८२ भदौमा विकसित भएका अकल्पनीय घटनाक्रम, 'जेन-जी' (Gen Z) युवाहरूको आन्दोलन र त्यसलगत्तै भएको संसद् विघटनले मुलुकलाई नयाँ राजनीतिक सङ्क्रमणतर्फ धकेलेको छ । अहिले देशभरको ध्यान आगामी २०८२ फागुन २१ गते (मार्च २०२५) का लागि तय गरिएको प्रतिनिधि सभा निर्वाचनमा केन्द्रित भएको छ ।**

**राजनीति सङ्क्रमणको चोकमा**

२०८२ भदौको 'जेन-जी' आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले मुलुकलाई निर्वाचनसम्म लैजाने जिम्मेवारी पाएको छ। तर राजनीतिक स्थिरताको बाटो अझै पनि अनेक चुनौतीले घेरिएको छ । एकातिर स्थापित दलहरू-नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र-भित्र आन्तरिक कलह र नेतृत्व परिवर्तनको तीव्र दबाब छ भने अर्कोतिर नयाँ राजनीतिक शक्तिहरूको उदयले परम्परागत समीकरणलाई नै उथलपुथल पारिदिएको छ । विशेषगरी नेपाली कांग्रेसमा २०८२ पुस २७ गते देखिएको विभाजन र गगन थापा नेतृत्वको समूहलाई निर्वाचन आयोगले दिएको आधिकारिकताले राजनीतिलाई थप ध्रुवीकृत बनाएको छ ।

**कांग्रेसभित्रको ठूलो उलटफेर**

यसपटकको चुनावी परिदृश्यमा सबैभन्दा ठूलो फेरबदल नेपाली कांग्रेसभित्र देखिएको छ । हालै सम्पन्न विशेष महाधिवेशनबाट गगन थापाले पार्टीको नेतृत्व सम्हालेपछि कांग्रेसभित्र नयाँ तरङ्ग पैदा भएको छ। निर्वाचन आयोगले थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएसँगै दशकौंदेखि कायम शेरबहादुर देउवाको पकड औपचारिक रूपमा अन्त्य भएको छ । गगन थापा र विश्वप्रकाश शर्माको जोडीले 'रूपान्तरण' को नारा दिएर निर्वाचनमा होमिने तयारी गरिरहेको छ । तर पार्टीभित्रको आन्तरिक कलह र संस्थापन पक्षको असन्तुष्टि व्यवस्थापन गर्नु उनीहरूका लागि पहिलो र सबैभन्दा ठूलो अग्निपरीक्षा हुनेछ । पुराना मतदातालाई जोगाउँदै नयाँ पुस्ताको मत आकर्षित गर्न सके मात्र कांग्रेसका लागि आगामी निर्वाचन फलदायी बन्ने देखिन्छ ।

**पुस्तान्तरणको परीक्षा**

२०८२ फागुन २१ गते हुने भनिएको निर्वाचन केवल अर्को एउटा आवधिक निर्वाचन मात्र होइन । यो नेपाली राजनीतिमा देखिएको 'पुस्तान्तरण' (Generational Shift) को माग र सुशासनप्रतिको जनआकांक्षाको परीक्षण पनि हो । यसपटकको निर्वाचनमा मुख्यतया तीनवटा पक्ष निर्णायक हुने देखिन्छन्-सुशासन र भ्रष्टाचारविरोधी एजेन्डा, नयाँ शक्ति तथा स्वतन्त्र उम्मेदवारको प्रभाव, र निर्वाचनको सुरक्षा तथा निष्पक्षता ।

युवा आन्दोलनले उठाएका भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाह सुधारका मागहरू यसपटकका प्रमुख चुनावी मुद्दा बनेका छन् । बालेन्द्र शाह, रवि लामिछाने र स्वतन्त्र युवा समूहहरूको सक्रियताले पुराना दलहरूलाई आफ्नो कार्यशैली बदल्न बाध्य पारेको छ । तर, आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधि, फरार कैदीबन्दी र लुटिएका हतियारका समाचारहरूले निर्वाचन सुरक्षामा गम्भीर चुनौती थपेका छन् ।

**नयाँ शक्ति, स्वतन्त्र उम्मेदवार भोट विभाजन**

निर्वाचन आयोगमा हालसम्म ११४ वटा राजनीतिक दल दर्ता *(बाँकी पृष्ठ ८ मा)*

## कांग्रेस विभाजन : देउवाभन्दा ओलीलाई झड्का



*काठमाडौं । ०८२ माघ २ गते शुक्रबार निर्वाचन आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरलाई आधिकारिक रूपमा मान्यता दिएको छ । यसको झड्का कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहलाई भन्दा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सचिव महेश बस्नेतलाई बढी लागेको उनीहरूको प्रतिक्रियाबाट देखिएको छ । निवर्तमान सभापति देउवाले भने विशेष महाधिवेशन र आयोगले गरेको निर्णयबारे खासै मुख खोलेका छैनन् । तर, आयोगको निर्णयलाई लिएर एमाले अध्यक्ष ओली र सचिव बस्नेतको चासो बढ्नु राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ ।*

*अध्यक्ष ओली ०७४ देखि ०७८ सालसम्म प्रधानमन्त्री हुँदा उनकै चाहनाबमोजिम रामप्रसाद भण्डारी निर्वाचन आयोगमा सदस्य नियुक्त भएका थिए । ०८२ वैशाख ५ गते आयोगका तत्कालीन प्रमुख आयुक्त दिनेश कुमार थपलिया ६ वर्षे कार्यकाल पूरा गरी बिदा भएपछि भण्डारी कार्यबाहक प्रमुख आयुक्तको भूमिकामा रहेका छन् ।* *(बाँकी पृष्ठ ८ मा)*


## प्रचण्ड : पुराना अनुहार खोज्दै टिकट बाँड्दै



काठमाडौं । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले यो पटक चुनाव जित्ने संभावना भएका र केहीलाई भने खोजी खोजी टिकट दिएको छ। यसले चुनाव जित्नका लागि नै चाहिँ कति सहयोग गर्छ भन्न सकिन्न तर समानुपातिकमा भोट बढाउने प्रयासमा भने देखिन्छ । पुरानो माओवादीहरू जो सक्रिय थिएनन्, उनीहरूलाई पनि सक्रिय बनाउन प्रचण्डले प्रयास गरिरहेका छन् । जातीय र क्षेत्री सन्तुलन मिलाउनेमात्र होइन, दाबेदारहरूलाई टिकट दिने काममा प्रचण्डले उदार मन राखेका छन् । एकीकृत समाजवादीमा हुँदा नै माधव नेपालको विरोधमा रहेका र पार्टीमै नबस्ने बताएका प्रेम आलेलाई नेकपाबाट टिकट दिइएको छ । उनलाई कैलालीबाट टिकट दिएर आलेको प्रभावलाई कायम राख्न खोजेका छन् । हुन त उनी रास्वपामा जाने चर्चा थियो । तर, उनको उक्त चर्चाका बीच नेकपाबाटै टिकट पाएका छन् । उनकै साथमा रहेका धनबहादुर बुढाले पनि डोल्पाबाट टिकट पाएका छन् । उनी डोल्पामा जित्ने उम्मेदवारभित्र पर्छन् ।

यस्तै अवस्था जुम्लामा पनि देखिएको छ । जुम्लाका नरेश भण्डारीले यो पटक टिकट पाएका छन् । हुन त जुम्लामा नेकपाभित्र विभिन्न गुट रहेका छन् । त्यही गुटका कारण भोट कम आउने गरेको छ । यो पटक भण्डारीले कसरी समेट्छन् भन्ने चाहिँ चासो रहेको छ । उनी जुम्लाका लोकप्रिय नेतामा भने पर्छन् । प्रचण्डले लामो समयदेखि अवसर नै नदिएका *(बाँकी पृष्ठ ८ मा)*

## एमालेको टिकट वितरणले बढ्यो खतरा



काठमाडौं । एमालेले आफ्नो प्रभाव क्षेत्र भनिएका जिल्लामै उम्मेदवार कमजोर तय गरेर सबैलाई चकित पारेको छ । त्यसले गर्दा एमालेका नेताहरू रक्षात्मक बन्न थालेका छन् । एमालेको प्रभाव रहेको कोशी प्रदेशमा पछिल्ला दिनमा जातीय राजनीति हावी भएको थियो । त्यही कारण हुनसक्छ, राईहरूलाई उम्मेदवार बढाएको छ । तर, ती राईहरू तुलनात्मक रुपमा कमजोर पनि देखिएका छन् । एमालेको बलियो प्रभाव रहेको खोटाङमा विशाल भट्टराईले पहिलोपटक टिकट पाएनन् ०५६ सालपछि । उनको सट्टा देवविक्रम राईलाई उम्मेदवार बनाएको छ ।

भट्टराईभन्दा कमजोर उम्मेदवार हुन् । अघिल्लोपटक राईहरूको भोटले हारेका कारण अहिले राई उम्मेदवार उठाएको देखिन्छ । त्यसरी ओखलढुंगा पनि एमालेले कमजोर उम्मेदवार उठाएको छ । सानो पालिकाकी उपाध्यक्ष त्यसमा पनि महाधिवेशन प्रतिनिधि नै पराजित भएकी अस्मिता थापालाई उम्मेदवार बनाएको छ । कांग्रेसका रामहरि खतिवडासँग प्रतिस्पर्धा गर्न एमालेले यज्ञराज सुनुवार, अम्बिर गुरुङजस्ता नेतालाई पन्छाएर थापालाई टिकट दिएपछि एमाले कमजोर भएको चर्चा छ । अर्कातिर सोलुखुम्बुमा पनि नयाँ अनुहारलाई टिकट दिइएको छ । कल्पना राईलाई टिकट दिएर एमालेले पहिलाका सांसद मानबहादुर राईसहितलाई पाखा लगाएको छ ।

त्यतिमात्र होइन, मोरङका उम्मेदवार पनि कमजोरहरू रहेका छन् । झापामा पनि केही नयाँ अनुहार देखिएका छन् तर पुराना बलियो पकड भएका नेताहरूले पनि *(बाँकी पृष्ठ ८ मा)*

## रास्वपा : काठमाडौंमा बलियो कि कमजोर ?



काठमाडौं । यतिबेला सबैभन्दा धेरै रीष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरूको निर्वाचन चहलपहल बढेको छ । चुनाव जित्ने लाइनमा रहेको भन्दै नेताहरू एकपछि अर्को दम्भमा देखिएका छन् । अनि जो जहाँबाट उठेपनि जितिन्छ भन्ने भ्रममा पनि देखिन्छन् । २०७० सालको माओवादी केन्द्रजस्तै अहिले रास्वपाका नेताहरू निर्वाचन क्षेत्र साटफेर गरेर चुनावमा जाँदैछन् । तर, काठमाडौंको २ नम्बर क्षेत्र भने अहिले निकै चर्चामा रहेको छ। यो क्षेत्रमा अनपेक्षित रुपमा रास्वपाकी सोविता गौतमले २०७९ चुनावमा परिणाम निकालेकी थिइन् । त्यही क्षेत्रमा उनी सक्रिय पनि थिइन् । तर, अहिले उनलाई चितनव-३ मा पठाइएको छ । रास्वपाले चितवनमा उनलाई पठाउनुका खास कारण चाहिँ सभापति रवि लामिछानेसँग जोडिएको छ । रवि लामिछानेसँग लामो समय काम गरेका र सहकारीको विवादमा परेका सहमहामन्त्री विपिनकुमार आचार्यका लागि सोवितालाई चितवन पठाएको चर्चा छ । आचार्य समानुपातिका बसेका थिए । उक्त सूचीमा पनि विवाद भएपछि प्रत्यक्ष चुनाव लड्न तयार भएका हुन् । तर, त्यसमा पनि विवाद भने देखिएको छ ।

सोविता आफैले चाहिं काठमाडौं २ क्षेत्र छोड्न चाहेकी थिइनन् । *(बाँकी पृष्ठ ८ मा)*

## सचिव सरुवामा 'हिस्स' बुढी !

काठमाडौं । २०८२ माघ २ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा कार्यरत सचिव राधिका अर्यालको सरुवा गरेको छ । उनलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाइएको छ भने उक्त मन्त्रालयमा कार्यरत सचिव लक्ष्मी कुमारी बस्नेतलाई सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयको सचिवमा सरुवा गरिएको छ ।

सञ्चारमन्त्री जगदीश खरेलले विगत एक महिनादेखि विभिन्न निर्णय कार्यान्वयनमा सचिव अर्यालसँग समन्वय हुन नसकेको समाचार बाहिर आएका थिए । मन्त्रीले दिएका निर्देशन कार्यान्वयन नगरी आनाकानी गरेको आरोप सचिव अर्यालमाथि लाग्दै आएको थियो । मन्त्री खरेलले गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेलाई *(बाँकी पृष्ठ ८ मा)*

## ठूला करदातामा को ?

काठमाडौं । अर्थ मन्त्रालयअन्तर्गत आन्तरिक राजस्व विभागको ठूला करदाता कार्यालय सहसचिवहरूका लागि राम्रै कमाई हुने आकर्षक कार्यालयका रूपमा चिनिन्छ । उक्त कार्यालयको नेतृत्व २०८२ माघ २ गतेदेखि रिक्त छ । प्रमुख दिलिप गौतम ५८ वर्षे उमेरहद पूरा गरी अवकाशमा गएका छन् ।

उनी अवकाशमा गएपछि अर्थमन्त्री रामेश्वरप्रसाद खनालले मन्त्रालय वा मातहत निकायबाहेक अन्य निकायबाट सहसचिव सरुवा गरी कार्यालयमा पठाउने तयारी गरेको बुझिएको छ । यसअघि राजनीतिक पहुँचका आधारमा ठूला करदाता कार्यालयमा प्रमुख नियुक्त हुँदा राजस्व चुहावट हुने गरेको आरोप लाग्दै आएको थियो । *(बाँकी पृष्ठ ८ मा)*

## सेनाको खरिदमा सम्धीको सेटिङमात्रै चल्ने !
## अर्बौंको बन्दोबस्ती खरिद : अपारदर्शी खेल

● **साँघु संवाददाता**

**काठमाडौं । फलामे अनुशासनमा रहनुपर्ने संस्था नेपाली सेनाले पोशाक तथा बन्दोबस्तीका सामग्री खरिदमा अपारदर्शी प्रक्रिया अपनाउँदै आएको भन्दै आपूर्तिकर्ताहरूले हरेक वर्ष गुनासो गर्दै आएका छन् । विशेषगरी संभार रथी विभागमार्फत हुने खरिद प्रक्रियामा खुला प्रतिस्पर्धा नहुने, 'माथिको आदेश' भन्दै निश्चित सप्लायर्सलाई ठेक्का दिने र त्यस क्रममा सरकारी बजेटको दुरुपयोग हुने गरेको आरोप उठ्दै आएको छ ।**

स्रोतका अनुसार, संभार रथी विभागबाट हुने खरिद हेर्दा स्वस्थ र स्वच्छ प्रतिस्पर्धा भएको देखिँदैन । जुन कम्पनीलाई पूर्वनिर्धारित रूपमा सप्लाइको ठेक्का दिनुपर्ने हुन्छ, त्यही सप्लायर्सको मात्रै प्राविधिक प्रस्ताव पास गरिने र अन्य एक-दुई दर्जनसम्मका बोलपत्रदाता कम्पनीहरूले गुणस्तरीय बोलपत्र पेश गरे पनि ती सबैका प्राविधिक प्रस्ताव सजिलै अस्वीकृत (फेल) गरिने गरेको गुनासो छ ।

अन्य बोलपत्रदाताका प्राविधिक प्रस्ताव किन अस्वीकृत गरियो भन्ने विषयमा सेनाका संभारसँग सम्बन्धित जर्नेल वा कर्नेल तहका अधिकारीहरूले सप्लायर्ससँग छलफल गर्ने त परै जाओस्, प्रतिस्पर्धीहरूलाई सामूहिक रूपमा सामान्य भेटसमेत नदिने गरिएको आपूर्तिकर्ताहरूको आरोप छ । अन्ततः 'सेटिङ' मा रहेका सप्लायर्सको मात्रै बजेटको हाराहारीमा (२-४ प्रतिशत मात्र घटाएर) पेश गरिएको आर्थिक प्रस्ताव खोलिने र स्वीकृत गरिने गरिन्छ । यसरी पचासौं करोड रुपैयाँको टेन्डरमा बोलकबोल र घटाघटको प्रक्रिया कागजमै सीमित हुने गरेको बताइन्छ ।

सेनाभित्रैका इमानदार अधिकृतहरूका अनुसार, खरिद ऐन र नियम कागजमा मिलाएर



निश्चित सप्लायर्ससँग मिलेमतो गरी राज्यको बजेट दुरुपयोग गर्ने परम्परा निरन्तर चल्दै आएको छ। जतिसुकै राम्रो कम्पनीले बोलपत्रमा भाग लिए पनि अन्ततः सबै आउट हुने अवस्था सिर्जना गरिएको उनीहरूको दाबी छ ।अन्य सरकारी निकायमा भने कम्तीमा दुई-तीनवटा प्राविधिक प्रस्ताव पास गरेर सामग्रीको गुणस्तर, टेस्ट रिपोर्ट र सप्लायर्सको विश्वसनीयताबारे छलफल तथा जाँचपड्ताल गरिने प्रचलन रहेको छ । तर, नेपाली सेनाको संभारको अर्बौं रुपैयाँको खरिदमा यस्ता प्रक्रिया अपनाइँदैन भन्ने गुनासो आपूर्तिकर्ताहरूको रहेको छ । यसको प्रमुख कारण, सेनाको खरिद प्रक्रियामा जति ठूलो अनियमितता भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्न नपाउने कानूनी संरचना रहेको उनीहरूको दाबी छ ।

यसैबीच, सैनिक स्रोतका अनुसार, संभार रथी विभागले सन् २०२५ नोभेम्बर २० मा क्यामुफ्लाज कपडा (Camouflage Fabric) र संयुक्त राष्ट्रसंघ (UN) का लागि प्रयोग हुने चुस्ता कपडा (Chusta Fabric) आपूर्तिका लागि बोलपत्र आव्हान गरेको थियो । यी दुवै बोलपत्र २०८२ पुस २० गते खोलिएका हुन् । हाल मूल्यांकनको प्रक्रियामा रहेका छन् । सेटिङ्गका बाहेक अन्य राम्रा सप्लार्यस कम्पनीहरू यस पटक पनि आउट हुने आशंका व्याप्त छ । संभार रथी विभागका नयाँ विभागीय प्रमुख उपरथी प्रकाशराज थापाको भूमिका यस पटकको टेण्डरमा के कस्तो रहने हो ? सप्लार्यसहरूले प्रतिक्षा गरिरेहका छन् । स्रोतका अनुसार, कुल आपूर्ति रकम करिब रु. २८ करोड बराबरको *(बाँकी पृष्ठ ८ मा)*

## दुई लाख कम्पनी खारेज हुँदै ?

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत उद्योगतर्फको कम्पनी रजिस्ट्रार कार्यालयले अध्यावधिक गर्न चासो नदेखाएका करिब दुई लाख कम्पनीको दर्ता खारेज गर्ने भित्री तयारी गरेको बुझिएको छ । हाल उक्त कार्यालयमा करिब चार लाख कम्पनी दर्ता रहेका छन् । जसमध्ये चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म २ लाख १ हजार १ सय ८० वटा कम्पनीले अनलाइनमार्फत विवरण अध्यावधिक गर्दै कम्पनी नवीकरण गरेको कार्यालय स्रोतले जानकारी दिएको छ। यो संख्या गत आर्थिक वर्ष २०८१/८२ को तुलनामा करिब ३१ हजारले बढी हो ।

२०८२ पुस मसान्तमा १ लाख ७० हजार कम्पनीले वार्षिक विवरण बुझाएर अध्यावधिक गरेका थिए । गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा करिब ३१ हजारभन्दा बढी कम्पनीले अनलाइन विवरण बुझाएका छन् । तर करिब दुई लाख कम्पनीका सञ्चालकले अझै वार्षिक विवरण, नवीकरण तथा अध्यावधिक गरेका छैनन् । ती कम्पनीका सञ्चालकहरू सम्पर्कमा नआएको र पर्याप्त समय दिँदा पनि विवरण नबुझाएकाले त्यस्ता कम्पनी खारेज गर्ने तयारी कार्यालयले अघि बढाएको बुझिएको छ ।

कार्यालयमा 'क्यामिक्स' सफ्टवेयर जडान गरेपछि सेवा प्रवाह छिटोछरितो र सहज हुँदै गएको सेवाग्राहीहरू बताउँछन् । यसअघि विवरण अध्यावधिक गर्न खोज्दा सफ्टवेयर नचल्ने र सर्भर डाउन हुने समस्याका कारण सेवाग्राही हैरान हुँदै आएका थिए । यसले कार्यालयको नेतृत्वप्रति असन्तुष्टि र आक्रोशसमेत देखिएको थियो । नयाँ क्यामिक्स सफ्टवेयर जडानपछि सेवा प्रवाहमा समस्या *(बाँकी पृष्ठ ८ मा)*

## प्रहरी फोर्सको आत्मबल फर्काउने प्रयास
## घुस र हस्तक्षेपविनाको दुर्लभ अभ्यास !



**आईजी दानबहादुर कार्की**

काठमाडौं। नेपाल प्रहरी संगठनमा बिल्लादारदेखि एसएसपीसम्मको बढुवाको जाम अन्ततः खुल्न थालेको छ । सहायक हवल्दारदेखि वरिष्ठ अधिकृत तहसम्म यसपटक भएको बढुवा तथा बढुवा सिफारिस प्रक्रियालाई संगठनकै पछिल्ला ३५ वर्षमध्ये सबैभन्दा सन्तुलित, निष्पक्ष र संस्थागत मापदण्डअनुसारको अभ्यासका रूपमा लिइएको छ । राजनीतिक हस्तक्षेप, शक्ति केन्द्रको दबाब र घुसको थैलीबिनै वरिष्ठ र कार्यसम्पादनलाई आधार मानेर बढुवा गरिएको अनुभूति प्रहरी संगठनमा दुर्लभ मानिएको छ ।

प्रहरी संगठनका एक वरिष्ठ अधिकृतका अनुसार, २०४७ सालपछिको अवधिमा यस्तो वातावरण प्रहरी महानिरीक्षक दान वहादुर कार्कीको कार्यकालको सुरुआतबाटै पहिलो पटक बनेको हो । "यसअघि बढुवाका बेला फोन, दबाब र 'थैली डिल' नगरी नाम सूचीमा पर्नै नसकिने अवस्था थियो," ती अधिकृत भन्छन्, "यसपटक भने कसैले कसैका लागि सिफारिस गरिरहनु परेन ।" यही कारण बढुवा सूची सार्वजनिक भएपछि संगठनभित्र खुलेर खुसी व्यक्त गर्ने क्रम देखिएको छ ।

**राजनीतिक दबाबविनाको बढुवा : संगठनभित्र खुसीको लहर**

यसपटकको बढुवा प्रक्रियाका लागि गृह मन्त्रालय बढुवा समितिको सचिवालय र विभागीय नेतृत्वले अपनाएको कार्यशैलीप्रति प्रहरी संगठनभित्र सकारात्मक प्रतिक्रिया आएको छ । विशेषतः प्रहरी महानिरीक्षक दान बहादुर कार्कीप्रति कृतज्ञता प्रकट गर्ने क्रम बढ्दो छ। बढुवा निष्पक्ष भएको अनुभूति भएपछि लामो समयदेखि मौन बस्न बाध्य प्रहरी अधिकृतहरू पनि खुलेर बोल्न थालेका छन् । विगतमा डीएसपीबाट एसपी हुँदै एसएसपी पद(राजपत्रांकित प्रथम श्रेणी) मा बढुवा हुन आर्थिक चलखेल अनिवार्यजस्तै रहेको गुनासो रहँदै आएको थियो । *(बाँकी पृष्ठ ८ मा)*

## रंगिला अधिकृतको चर्तिकला

काठमाडौं । सामाजिक सञ्जालमा नाचगान र रमाइलोका भिडियो पोस्ट गरेर सार्वजनिक गर्ने अधिकृत उत्तम शर्मा रिजालका कारण भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय बदनाम भएको गुनासो छ । सचिव मदन भुजेल र मन्त्री प्रा. डा. कुमार इङनामसमेत उनको कृयाकलाप र कार्यशैलीप्रति असन्तुष्ट रहेको बताइन्छ ।


रिजाल यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा लामो समय बसेका थिए । त्यतिबेला भिजिट भिसा प्रकरणसँग जोडिएका आरोपसमेत उनीमाथि लाग्दै आएको थियो। पछिल्लो समय मन्त्रालयले मालपोत कार्यालयका प्रमुखहरूलाई सरुवा गर्दा उनीहरू प्रशासकीय अदालत पुगेका छन् । अदालतका फरक-फरक आदेशले प्रशासनिक क्षेत्रमा असन्तुष्टि थप बढेको बताइन्छ ।

सरकारका विभिन्न निकायमा सरुवा बदर माग्दै अदालत जाने प्रवृत्ति बढ्दै गएको छ । अवधि नपुगी गरिएको सरुवा, राजनीतिक पहुँच र लेनदेनका आधारमा हुने व्यवस्थापनका कारण प्रशासनिक विकृति मौलाउँदै गएको सरोकारवालाहरूको भनाइ छ ।

## कांग्रेसमा सत्ता उलटफेर : नयाँ युग कि नयाँ भ्रम ?

**तात्कालीन महामन्त्री गगन थापालाई पार्टी सभापति बनाएको घोषणा गर्दै नेपाली कांग्रेसको विशेष महाधिवेशन २०८२ पुस ३० गते सम्पन्न भएको छ । अर्का तात्कालीन महामन्त्री विश्वप्रकाश शर्मा विशेष अधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा उपसभापति बनेका छन् । लामो समयसम्म सभापति शेरबहादुर देउवाको निकट रहेर काम गरेका केही पुराना नेताहरू समेत थापाको नेतृत्वमा गठित केन्द्रीय समितिमा समेटिएका छन् ।**

### यो बेला



**युवराज पाण्डे(पीएचडी)**

**२०६३ साल पछि नेपाली राजनीतिमा विचारको युग समाप्त भई पद, सत्ता प्राप्ति र धनार्जनका लागि जे गर्न पनि जायज ठानिने प्रवृत्तिको युग सुरु भएको मानिन्छ ।**

निर्वाचन आयोगले पनि ठुलो दवावपछि विशेष अधिवेशनले गरेको निर्णयलाई नेपाली कांग्रेसको आधिकारिक निर्णयका रूपमा २०८२ माघ २ गते मान्यता दिएको तथ्य सार्वजनिक भइसकेको छ ।

कतिपय राजनीतिक विश्लेषकहरूले यस घटनालाई नेपाली कांग्रेसको इतिहासमा मात्र होइन, समग्र नेपालको राजनीतिक इतिहासमै एउटा नयाँ युगको प्रारम्भका रूपमा चित्रण गरेका छन् । तर, यसले नेपालको राजनीतिमा कस्तो दूरगामी-सकारात्मक वा नकारात्मक-प्रभाव पार्ला भन्ने निष्कर्षमा पुग्न भने अझै केही समय प्रतीक्षा गर्नुपर्ने देखिन्छ ।

**विशेष महाधिवेशनको समय : अपरिहार्यता कि हतार ?**

गगन थापा र उनका सहयोगीहरूले २०८२ पुसभित्रै विशेष महाधिवेशन बोलाउने प्रक्रिया अघि बढाएपछि देउवाले आगामी २०८३ वैशाखमा नियमित महाधिवेशन गर्ने प्रस्ताव अघि सारेका थिए । साथै, उनले उक्त महाधिवेशनमा आफू सभापतिको उम्मेदवार नबन्ने घोषणा समेत गरेका थिए । २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएको र त्यसको तीन महिनापछि नै वैशाखमा महाधिवेशन हुने तय भइसकेको अवस्थामा पुसमै विशेष अधिवेशन नगरी महाधिवेशनसम्म पर्खिएको भए उपयुक्त हुने थियो भन्ने तर्क अस्वाभाविक मान्न सकिँदैन ।

तर, थापा समूहले विशेष महाधिवेशनको निर्णयमा पुनर्विचार गर्न अस्वीकार गऱ्यो । अघिल्ला वर्षदेखि नै महाधिवेशनको मितिलाई लिएर खिचातानी चलिरहेकै बेला निर्वाचन नजिकिँदै गर्दा हतारहतार विशेष महाधिवेशन किन गरियो भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । यसमा युवा नेतृत्वको पद-आकांक्षाले कति भूमिका खेलेको थियो भन्ने विषय गम्भीर विश्लेषणको माग गर्छ ।

**आन्तरिक असन्तुष्टि र बाह्य शक्तिको सम्भावना**

कतिपयले वर्तमान घटनाक्रमलाई केही बाह्य शक्तिको सक्रियताबाट सम्भव भएको राजनीतिक उपलब्धिका रूपमा पनि व्याख्या गरेका छन् । *(बाँकी पृष्ठ ८ मा)*

## जीवनधारा

### संगतको फल

एकपटक एकजना राजा अनकन्टार जंगलमा बाटो भुलेर यताउता भड्किन थाले। ती थकित राजा एउटा रुखको फेदमा आराम गर्न बसे। त्यो रुखको हाँगोमा एउटा सुगा थियो । राजालाई देख्नासाथै त्यो सुगा, समात, ठोक, भएजति लुट जस्ता शब्द चिच्याई चिच्याई करायो। केही समय आराम गरेपछि राजा त्यहाँबाट हिंडे। त्यहाँबाट हिंडेको केही समयपछि राजा एउटा कुटीमा पुगे। कुटीको ढोकामा पुग्नासाथै मधुर स्वरहरू राजाको कानमा गुञ्जिन थाल्यो । कुटीमा रहेको अर्को सुगाले उसलाई आउनुहोस्, बस्नुहोस्, तपाईंलाई स्वागत छ भनिराखेको थियो । कुटीमा रहेका महात्मासँग राजाले दुई सुगाले मुखबाट यसरी विपरीत शब्दहरू आउनुको कारण सोधे । राजाको जिज्ञासालाई शान्त पार्दै महात्माले भने–यी सुगाहरू दाजुभाइ हुन्, एउटा जंगलमा रुखमा बसेर चोर डाँकाको कुरा सुन्दछ र उनीहरूको संगतमा परेर त्यो सुगाले पनि चोर डाँकाकै भाषा बोल्दछ। जव कि यो कुटीमा बसेको सुगाले भने सत्–पुरुषहरूका संगतमा रहेको कारणले गर्दा राम्रा र मधुर शब्दमात्र जान्दछ। यो सब संगतको फल हो राजन !

धनी आफ्नो धनको कारणले सुखी छैन र गरिब आफ्ना गरिबीको कारण दुःखी छैन ।
– महात्मा गान्धी

## सम्पादकीय

# वैदेशिक शिक्षाको आवरणमा संगिठत ठगी सपना बेच्ने बजार र राज्यको मौनता

नेपालमा वैदेशिक अध्ययन र रोजगारी अब आवश्यकता मात्र होइन, बाध्यता जस्तै बन्दै गएको छ । देशभित्र रोजगारीको अभाव, अस्थिर अर्थतन्त्र र रोजगारीको सीमित अवसरले गर्दा हजारौं युवा हरेक वर्ष विदेशिने सपना देख्छन् । तर, यही सपना पछिल्लो समय ठग गिरोह र ठगीको सबैभन्दा उर्बर भूमि बन्दै गएको छ। विदेश जाने चाहना, भविष्यप्रतिको आशा र अभिभावकको भरोसामाथि खेलवाड गर्दै ठगहरूको एउटा संगठित बजार मौलाइरहेको छ ।

पछिल्ला दिनहरूमा वैदेशिक शिक्षाको नाममा लाखौं रुपैयाँ असुली ठगी गर्ने कन्सल्टेन्सी सञ्चालकहरू पक्राउ पर्नु सकारात्मक कदम हो। तर यो कारबाहीले एउटा प्रश्न उठाएको छ–यी केही व्यक्ति मात्रै दोषी हुन् कि प्रणाली नै दोषी छ ?

देशभर खुलेका सयौं कन्सल्टेन्सीहरू मध्ये कति वैध छन्, कति अर्धवैध र कति खुला ठगी केन्द्र ? राज्यसँग स्पष्ट तथ्यांक छैन । कन्सल्टेन्सी खोल्न सजिलो छ, तर, राज्यको नियमन अति नै कमजोर छ। शिक्षा मन्त्रालय, श्रम मन्त्रालय, स्थानीय प्रशासन र प्रहरीबीच समन्वयको पनि अभाव छ । राज्य र राज्यका निकाहरुको यही कमजोरीको फाइदा उठाउँदै ठगहरू 'शिक्षा सेवा'को आवरणमा डिग्री र भिसा व्यापार गरिरहेका छन् ।

विदेशी विश्वविद्यालयको नाम, अन्तर्राष्ट्रिय मान्यता, क्रेडिट ट्रान्सफर जस्ता शब्द प्रयोग गरेर विद्यार्थीहरूलाई झुक्याइन्छ। कागजमा सबै प्रक्रिया कानूनी देखिन्छ, तर व्यवहारमा विद्यार्थीहरू मान्यता नपाएका संस्थानमा पुऱ्याइन्छन् । जब समस्या देखिन्छ, तब कन्सल्टेन्सी पन्छिन्छ, विद्यार्थी अलपत्र पर्छ ।

सबैभन्दा चिन्ताजनक पक्ष के हो भने, अधिकांश पीडितहरू खुलेर उजुरी गर्न डराउँछन्। "लाज लाग्छ", "फेरि विदेश जान पाइँदैन कि", "पैसा फिर्ता आउँदैन" भन्ने मानसिकताले उनीहरू चुप लाग्छन् । यही मौनताले ठगहरूलाई झनै बलियो बनाएको छ। ठगीको श्रृंखला यति गहिरो छ कि एउटा देश बन्द भयो भने अर्को देशको नाममा ठगीको नयाँ योजना सुरु हुन्छ ।

राज्य संयन्त्र प्रायः घटना भएपछि मात्र जाग्ने देखिन्छ । पक्राउ पर्नु समाचार बन्छ, तर ठगी रोक्ने स्थायी संरचना अझै कमजोर छ। वैदेशिक अध्ययन अनुमति (NOC) दिने निकाय, कन्सल्टेन्सी दर्ता गर्ने कार्यालय र अनुगमन गर्ने संस्थाबीच समन्वय प्रभावकारी छैन । नतिजा–विद्यार्थी ठगिन्छन्, कन्सल्टेन्सी फेरि नयाँ नाममा खुल्छ ।

यस सन्दर्भमा हालै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (CIB) को सक्रियता स्वागतयोग्य छ । तर प्रहरी मात्रले यो समस्या समाधान गर्न सक्दैन । नीति, नियमन र राजनीतिक इच्छाशक्ति बिना ठगी नियन्त्रण असम्भव छ । कन्सल्टेन्सीको लाइसेन्स नवीकरण कडा हुनुपर्छ, विदेशी शैक्षिक संस्थाको मान्यता सार्वजनिक रूपमा उपलब्ध हुनुपर्छ, र ठगी प्रमाणित भएमा कडा दण्डको व्यवस्था आवश्यक छ।

अर्कोतर्फ, विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुनुपर्छ । विदेश जाने निर्णय भावनामा होइन, तथ्यमा आधारित हुनुपर्छ । "छिटो भिसा", "गारेन्टी जा'ब", "सस्तो प्याकेज" जस्ता शब्द आफैंमा शंकास्पद हुन् । प्रश्न नगर्ने संस्कृतिले ठगलाई सजिलो बनाउँछ ।

अन्ततः, वैदेशिक शिक्षा र रोजगारी ठगी केवल आर्थिक अपराध होइन, युवाको भविष्य र राष्ट्रको भरोसामाथिको अपराध हो । राज्यले यसलाई सामान्य ठगीको रूपमा होइन, राष्ट्रिय चिन्ताको विषयको रूपमा लिनु जरुरी छ । नत्र, विदेश जाने सपना देख्ने पुस्ता एकपछि अर्को ठगिँदै जानेछ, र हामी हरेक पटक समाचार पढेर मात्र आक्रोश व्यक्त गर्नेछौं ।

अब प्रश्न स्पष्ट छ–ठगको पछि लाग्ने कि ठगी रोक्ने ? निर्णय राज्यको हातमा छ ।

# माधव–प्रचण्ड : कस्तो दल ? कस्ता कमिटी ?

**एक अरब चालिस करोड जनसंख्या भएको चीनमा चिनियाँ कम्युनिस्ट पार्टीका दुई करोड बढी सदस्य छन् । विश्वको ठूलो दल चिनियाँ कम्युनिष्ट पार्टी हो । चीनको नेशलन पिपुल्स कँग्रेसमा दुई हजार आठ सय असी सदस्य छन् । 'खुद्रा नाङ्ले पसल टाइप'का समूहलाई भेला गरी बनाइएको प्रचण्ड नेतृत्वको दलले चीनको कम्युनिस्ट पार्टीको हाराहारीमा दुई हजार पाँच सय सदस्यीय केन्द्रीय कमिटी निर्माण गऱ्यो । 'छाता आकारका पार्टी' गठनको 'नौटङ्की'ले नेपालको लोकतन्त्रमा कस्तो पार्टी ? कस्ता कमिटी ? भन्ने प्रश्न फेरि उठ्यो ।**

## समय र विचार



डा. प्रेमराज सिलवाल, अधिवक्ता

**'त्यो फेरि एमालेमा जाला कि ?' 'त्यसलाई पनि थुम्थुमाउँ', 'उसलाई पनि थामथुम गरुँ' र 'यो मेरो कोटा, त्यो तेरो कोटा–भाग' भन्ने सूत्र र आधारबाट केन्द्रीय कमिटीमा मान्छे हाल्दा पार्टीको स्वरुप र आकार पूरै 'छातामा' परिणत हुन्छ ।**

**प्रचण्डद्वारा लोकतन्त्रको खिल्ली**

२०६७ सालमा प्रचण्डको नेकपा माओवादी केन्द्रले त्यस्तै 'जस्बो छाता' आकारको केन्द्रिय कमिटी निर्माण गऱ्यो । त्यो बेला तीन सय उनान्सय सदस्यको केन्द्रिय कमिटी लगातार बढाउँदै-बढाउँदै लगियो । सार्वजनिक, बौद्धिक र नागरिक स्तरमा तीव्र आलोचना भयो । विवाद र असन्तुष्टिको ज्वाला 'भुसको आगोसरी' फैलियो । 'सँगैको अर्को कामरेड केन्द्रीय सदस्य मनोनित भयो मलाई किन लगिएन ?' यस्तै खाले असन्तुष्टि थाम्न नसकेपछि प्रचण्डले तत्कालै ४ सय उनान्सय सदस्यको केन्द्रीय कमिटी बनाए । फेरि आन्तरिक विरोध भयो । उनले त्यही क्रमले बढाउँदै ९ सय उनान्सय सदस्यको कमिटी निर्माण गरे। आन्तरिक विरोध झन तीव्र भयो । 'त्यो केन्द्रमा जाने म तल्लो कमिटीमा बस्ने ?' भन्ने भएपछि प्रचण्डले संख्या बढाउँदै–बढाउँदै गएर अन्तमा ३ हजार नौ सय उनान्सय सदस्यीय केन्द्रीय कमिटीको निर्माण गरे । लोकतन्त्रमा नाङ्गो हर्कत थियो त्यो। छाता संगठनको निर्माणले लोकतन्त्रमाथि व्यङ्ग गऱ्यो । प्रचण्डले अहिले फेरि त्यस्तो नाङ्गो नाँच देखाउनुभयो । यस्तो हर्कतले 'नयाँ दल'ले के सिक्दछन् ? 'क्रान्ति' गरेको भनेर सत्ता सञ्चालन समेत गरिसकेको माओवादी पार्टीले गरेका त्यस्ताले लोकतन्त्रलाई बदनाम मात्र गऱ्यो ।

**सिद्धान्तहीन हर्कत**

राजनीतिक संगठन धरहरा (पिरामिड) आकारको हुनुपर्दछ भन्ने मनिन्छ । त्यसमा पनि सिद्धान्ततः कम्युनिस्ट पार्टी जनताद्वारा जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक मुक्तिको लागि निर्माण गरिएको वैचारिक र राजनीतिक संगठन हो भन्ने छ । जनताको संगठन भएकाले त्यसको स्वरुप, आकार, संगठन र संरचना पिरामिड आकारको हुनुपर्दछ भन्ने नै हो । अर्थात, तलको जग ठूलो, मजबुत, बलियो, कस्सिएको र कुनै पनि राजनीतिक भूकम्पले धक्का दिन नसक्ने हुनुपर्दछ भन्ने हो । जति माथि गयो उती सानो आकारको हुँदै पिरामिड आकारको हुनुपर्दछ भन्ने हो । तर विगत र हालैका कतिपय कम्युनिस्ट पार्टीका कार्यशैली चाहिँ पिरामिड आकारका होइन 'छाता आकार'का भए । छाता अर्थात, माथि ठूलो आकार हुन्छ तल समात्ने भागतर्फ चाहिँ सानो हुन्छ । एमालेले आफ्नो केन्द्रीय कमिटी तीन सय एकको बनाएको छ । फुटेको बेला एमालेले पनि १ हजार दुई सय हाराहारीको केन्द्रिय कमिटीको निर्माण गरेपनि उसले त्यसलाई तत्कालै 'करेक्शन' गऱ्यो । राजनीतिक पार्टी त्यसमा पनि कम्युनिस्ट पार्टी 'छाता आकार'को होइन कि 'पिरामिड आकार'का हुनुपर्दछ । विगतमा प्रचण्डले केन्द्रिय समितिमा मान्छे भर्ति गर्दागर्दा चार हजार पुऱ्याएर 'छाता पार्टी' बनाएर सच्चिए होलान भन्ने मानिसले पूरै धोका खाएका छन् । यस्तो छाता आकारको पार्टी निर्माणको विधिले लोकतान्त्रिक पार्टी मात्र डुब्ने होइन प्रणाली नै बदनाम हुन्छ। छाता आकारका राजनीतिक दल निर्माण गरेर कोही सन्तुष्ट हुने होइन । 'त्यो केन्द्रमा म किन तल्लो कमिटी' भन्ने असन्तुष्टि र रोग बढ्ने मात्र हो । निश्चित विधि, विधान, मापदण्ड, आधार, औचित्य, अर्थ, कारण केही होइन 'त्यो रिसाउला कि ?' 'त्यो फेरि एमालेमा जाला कि ?' 'त्यसलाई पनि थुम्थुमाउँ', 'उसलाई पनि थामथुम गरुँ' र 'यो मेरो कोटा, त्यो तेरो कोटा-भाग' भन्ने सूत्र र आधारबाट केन्द्रीय कमिटीमा मान्छे हाल्दा पार्टीको स्वरुप र आकार पूरै 'छातामा' परिणत हुन्छ । जसले जनता र लोकतन्त्रप्रति अविस्वास पैदा गर्दछ । यो विधि र तरिकाबाट जति धेरैलाई भर्ती गरेपनि थप असन्तुष्टि बढ्दै जाने हो । 'पोलिटिकल–सोसल पोजिशन र विजीनेश' केही नभएका केन्द्रीय सदस्यलाई समाजले मात्र होइन स्वमय् प्रचण्ड वा पार्टी अध्यक्षले पनि चिन्न सक्ने अवस्था हुँदैन । काम र औचित्य नभएका 'नाम-पद' भएको कसैलाई समाजले किन 'एसेप्ट' गर्नुपर्ने ? यस्तो सिद्धान्तहीन हर्कतले लोकतन्त्रमा कस्ता दल ? कस्ता कमिटी ? भन्ने प्रश्न र बहस फेरि सतहमा ल्याएको छ ।

**कस्ता कम्युनिस्ट ?**

आलोचकहरूले कम्युनिस्ट नामधारी सबै कम्युनिस्ट पार्टी खासमा कम्युनिस्ट पनि छैनन् भन्ने गरेका छन् । वास्तवमा कतिपय अवस्थामा रूपमा कम्युनिस्ट खोल ओडेका कम्युनिस्ट छन् । प्रचण्डका हर्कत र पत्रु तरिकाले कम्युनिस्ट पार्टीलाई पूरै बदनाम मात्र गरायो । जति सानो पार्टी र समूह त्यति ठूला संख्यामा केन्द्रीय कमिटीको संख्या निर्माण गर्ने जस्तो तरिका लोकतन्त्रको लागि लाजमर्दो कुरा हो । जति कम हैसियत र क्षमता उती ठूला संख्याको केन्द्र बनाउनु छाता आकारको सिद्धान्तबाट संगठनको निर्माण गर्नु हो । यसले कसैको पनि इज्ययत र सम्मान गर्न सक्दैन । त्यस्ता केन्द्रिय सदस्यलाई समाज र नागरिकले चिन्दा पनि चिन्दैन । खासमा कम्युनिस्ट पार्टी समाज, देश र नागरिकको अवस्थामा आमुल परिवर्तन गर्न खुलेका हुन् भन्ने मानिन्छ। देशको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण तथा संस्कृतिको निर्माण समेत गर्न निर्माण गरिएका कम्युनिस्ट पार्टी जनताको संगठन भएकाले 'पिरामिड' आकारका हुनुपर्दछ ।

छाता आकारका पार्टी हुनु भनेको अन्तमा सकिने दिशातर्फ अघि बढ्नु हो । मुलुकलाई समाजवादमा लैजाने, समाजमा प्रगतिशील सुधार गर्ने र राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा आमूल परिवर्तन गरी समाजको पूरातन गतिलाई उल्ट्याउने भन्दै खुलेका राजनीतिक दलले छाता आकारमा केन्द्रीय कमिटीको निमार्ण गर्दा नागरिक स्तरमा पनि तीव्र आक्रोस पैदा गरेको छ । यही कारण विरोधीले कम्युनिस्टलाई अनेकौं आरोप लगाउँदै आएका हुन् । दुई करोड बयान्नब्बे लाख जनता भएको नेपालमा एक सय पचास बढी दल खुलेका छन्। एक करोड तेत्तीस करोड जनसँख्या भएको भारतको लोकसभामा पाँच सय त्रीचालीस सदस्य मात्र रहन्छन् ।

नेपालमा चाहिँ पिरामिड आकारमा कम्युनिस्ट पार्टी निर्माण नगरी 'छाता' आकारमा निर्माण हुनुले राजनीतिमा आशंका र तीव्र असन्तुष्टि बढाउँदै छ । यस्तो सोच, प्रवृत्ति, शैली र विधिबाट पार्टी सञ्चालन गर्न खोज्दा आधारभूत तहमा पार्टी 'खोक्रो' बन्ने हुन्छ। छाता आकारबाट होइन पिरामिड आकारबाट मात्र जनताको संगठन निर्माण हुनुपर्दछ । अन्यथा सर्वत्र आलोचना र अविस्वास बाहेक केही हुने छैन । छाता आकार डुबाउने सूत्र र विधि हो । पिरामिड आकार सुदृढ हुने र बन्ने सूत्र हो । यस्तो विकृति माओवादीको नाममा प्रचण्डले भित्र्याएका हुन् । 'माओवादी दललाई बागमतीमा तिलाञ्जली दिएर बगाइसकेका' भए पनि प्रचण्डले पुनः पुरानो 'पत्रु र बद्नाम माओवादी कम्युनिस्ट पार्टी' को 'नयाँ भ्यारेन्ट' भित्र्याएर दुनियाँ हँसाउने काम मात्र भएको छ ।

# राजस्वमा असफलता : सरकारको दोहोरिएको कथा ! अर्थतन्त्र चलायमान होइन, संकटतर्फ उन्मुख

● सुशील बुढाथोकी

**नेपालको आर्थिक अवस्था पछिल्ला केही वर्षदेखि निरन्तर दबाबमा छ । २०८२/८३ आर्थिक वर्षको मध्यसम्म आइपुग्दा सार्वजनिक वित्त व्यवस्थापन झनै जटिल बन्दै गएको देखिन्छ । २०८२ पुस मसान्तसम्मको राजस्व संकलनको तथ्यांकले सरकार स्वयंले तोकेको लक्ष्य पूरा हुन नसक्ने स्पष्ट संकेत दिएको छ । यो केवल चालु वर्षको समस्या मात्र होइन, नेपालको संरचनागत आर्थिक कमजोरीको परिणाम हो, जसले देशलाई हरेक वर्ष दोहोरिने आर्थिक संकटबाट मुक्त हुन नदिएको यथार्थ उजागर गरेको छ ।**

**अव्यावहारिक लक्ष्य र कमजोर संकलन**

राजस्व व्यवस्थापन महाशाखाबाट सार्वजनिक तथ्यांकअनुसार २०८२/८३ आर्थिक वर्षका लागि करिब १४ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलनको वार्षिक लक्ष्य लिइएको छ । तर, २०८२ पुस मसान्तसम्म जम्मा संकलन ५ खर्ब ७८ अर्ब रुपैयाँ हाराहारीमा सीमित छ, जुन वार्षिक लक्ष्यको करिब ३९ प्रतिशत मात्र हो । सामान्यतया आर्थिक वर्षको पहिलो छ महिनामा करिब ५० प्रतिशत राजस्व संकलन हुनुपर्ने मान्यता राखिन्छ । तर, चालु वर्षमा त्यो अनुपातसम्म पुग्न नसक्नु गम्भीर संकेत हो ।

यसअघिल्लो आर्थिक वर्ष २०८१/८२ सँग तुलना गर्दा पनि अवस्था उत्साहजनक देखिँदैन । अघिल्लो वर्ष पनि पुस मसान्तसम्म संकलन लक्ष्यभन्दा कम नै थियो । तर, यस वर्षको वृद्धिदर झनै कमजोर देखिएको छ। राजस्व लक्ष्य आफैं अव्यावहारिक रूपमा उच्च निर्धारण गरिनु, आर्थिक गतिविधिमा सुस्तता र कर आधार विस्तार नहुनु यसको मुख्य कारण हुन् ।

**आयात–निर्भर अर्थतन्त्रको असर**

नेपालको अर्थतन्त्र आयातमा अत्यधिक निर्भर छ । भन्सार राजस्व नै कुल राजस्वको ठूलो हिस्सा हो । तर पछिल्ला वर्षहरूमा आयातमा देखिएको गिरावटले सरकारको आम्दानीमा प्रत्यक्ष असर परेको छ । घरजग्गा कारोबार ठप्पजस्तै हुनु, सवारी साधन, विलासी वस्तु तथा निर्माण सामग्रीको आयात घट्नुले भन्सार राजस्व कमजोर बनेको छ ।

आन्तरिक उत्पादन बढ्न नसकेको अवस्थामा आयात घट्नु भनेको राजस्व घट्नु नै हो । उद्योग-व्यवसाय विस्तार हुन नसक्दा मूल्य अभिवृद्धि कर (भ्याट), आयकर र अन्तःशुल्कजस्ता आन्तरिक करहरू पनि अपेक्षित रूपमा बढ्न सकेका छैनन्। यसले अर्थतन्त्रको कमजोर आधार संरचना उजागर गरेको छ।

**ग्रे लिस्ट र कमजोर आर्थिक वृद्धि**

यससँगै, नेपाल हाल फाइनान्सियल एक्सन टास्क फोर्स (FATF) को ग्रे लिस्टमा परेको अवस्थाले आर्थिक वातावरण झनै संकुचित बनाएको छ। ग्रे लिस्टमा परेपछि वैदेशिक लगानीकर्ताको विश्वास कमजोर भएको छ । अन्तर र्ष्ट्रिय कारोबारमा बैंकिङ प्रणालीमार्फत




जटिलता बढेको छ । रेमिट्यान्स औपचारिक च्यानलबाट आउने क्रम कायम रहे पनि लगानी र व्यापारमा यसको नकारात्मक प्रभाव स्पष्ट देखिन थालेको छ ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत अर्थतन्त्र चलायमान बनाउने प्रयास गरेको दाबी गरे पनि व्यवहारमा त्यसको प्रभाव सीमित देखिएको छ । कर्जाको माग न्यून छ, निजी क्षेत्र लगानी गर्न हिच्किचाइरहेको छ । आर्थिक वृद्धिदर कमजोर हुँदा कर आधार स्वतः सिमित हुन्छ, जसको प्रत्यक्ष असर राजस्व संकलनमा पर्छ ।

**खर्चमुखी बजेट र दीर्घकालीन जोखिम**

सरकारको खर्च संरचना पनि समस्याको अर्को पाटो हो । चालु खर्च अत्यधिक छ-कर्मचारी तलब, सामाजिक सुरक्षा भत्ता र ब्याज भुक्तानी निरन्तर बढ्दै गएका छन् । तर, पुँजीगत खर्च भने न्यून रहँदै आएको छ । पुँजीगत खर्च बढ्न नसक्दा उत्पादन, रोजगारी र आर्थिक गतिविधि विस्तार हुँदैन, जसले दीर्घकालमा राजस्व बढाउने आधार नै कमजोर बनाउँछ ।

राजस्व लक्ष्य हरेक वर्ष कागजमा आकर्षक देखिए पनि त्यसको यथार्थपरक मूल्यांकन हुँदैन । बजेट निर्माणको क्रममा राजनीतिक दबाब र खर्चमुखी मानसिकताले राजस्व अनुमान बढाइचढाइ गरिन्छ । अन्ततः लक्ष्य नपुगेपछि आन्तरिक तथा बाह्य ऋणमार्फत सरकार चलाउने अभ्यास दोहोरिन्छ । यसले ऋणको बोझ बढाउँदै भविष्यलाई झनै जोखिमपूर्ण बनाएको छ ।

२०८२ पुस मसान्तसम्मको राजस्व तथ्यांकले यही संरचनागत संकटलाई फेरि एकपटक उजागर गरेको छ । यो केवल कर प्रशासनको कमजोरी होइन, समग्र आर्थिक नीति, शासन प्रणाली र विकास मोडेलको समस्या हो। जबसम्म उत्पादनमुखी अर्थतन्त्र निर्माण हुँदैन, करको दायरा विस्तार हुँदैन र निजी क्षेत्रको विश्वास पुनःस्थापित हुँदैन, तबसम्म नेपाल हरेक वर्ष यस्तै राजस्व संकट भोगिरहनेछ ।

अब पनि सरकारले आत्ममन्थन नगर्ने हो भने बजेट केवल खर्च धान्ने दस्तावेज बन्नेछ, विकास र समृद्धिको मार्गचित्र होइन। राजस्व यथार्थपरक बनाउने, खर्च प्राथमिकतामा आधारित गर्ने र आर्थिक सुशासन बलियो बनाउने विकल्पबाहेक नेपालसँग अर्को दीर्घकालीन समाधान छैन ।

# भ्रष्टाचार निगरानी गर्ने निकाय, बेथितिको शिकार
# प्रधानमन्त्रीको नजर सतर्कता केन्द्रमा किन पर्दैन ?

● **रामहरि चौलागाईं**

**काठमाडौं । राष्ट्रिय सतर्कता केन्द्र संघीय राजधानीको प्रशासनिक निकाय सिंहदरबारमा अवस्थित रहे तापनि सुधारका लागि सरकारको खासै नजर जान सकेको देखिँदैन । जसका कारण केन्द्र निजामती कर्मचारीहरूका लागि विकर्षणको निकाय मानिन्छ । हाल केन्द्रमा प्राविधिक विशिष्ट श्रेणीका प्राविधिक सचिवसहित विभिन्न तहका १ सय ३५ दरबन्दी रहेको छ । तर, अहिले दरबन्दीको आधा संख्यामा पनि कर्मचारी कार्यरत छैनन् । अतिरिक्त कमाइ नहुने र अर्थ मन्त्रालयले आवश्यक मात्रामा पर्याप्त बजेट पनि नदिएको कारण भ्रष्टाचार सम्बन्धी निगरानी र अनुसन्धान कार्यमा कुनै उपलब्धि हासिल हुन सकेको छैन ।**

राष्ट्रिय सतर्कता केन्द्र अनियमित कार्य गर्ने निकायका कर्मचारीका लागि सतर्कता गराउने कार्यालय नभई त्यहाँ कार्यरत सोर्सफोर्स नभएका कर्मचारीका लागि सजाय दिने केन्द्र बनेको गुनासो पीडितहरूले गरेका छन् ।

केन्द्रमा हत्पत् कर्मचारीहरू सरुवा भएर आउनै मान्दैनन् । सरुवा भएर आएका कतिपय कर्मचारी पनि काठमाडौंमा बसेर बढुवाका लागि लोकसेवा आयोगको तयारी गर्न मात्र आउने गरेको केन्द्र स्रोत बताउँछ । स्रोत भन्छ, “विरामी कर्मचारी, घर-परिवार हेर्नुपर्ने र सरकारी पेलानमा परेकाहरू मात्र केन्द्रमा सरुवा भएर भित्रिने गरेका छन् ।” केन्द्रको प्रमुख यतिखेर प्राविधिक सचिव अर्थात् जलविज्ञान तथा मौसमविद् सर्जुकुमार वैद्य रहेका छन् । शाखा अधिकृत, उपसचिव र सहसचिवस्तरका प्राविधिक कर्मचारीको दरबन्दीमा कोही पनि लामो समय बस्नै मान्दैनन् ।

केन्द्रमा प्राविधिक सहसचिवको दरबन्दी रहेको भए पनि कर्मचारी भने छैनन् । जसले गर्दा निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने प्राविधिक कर्मचारीको अभाव भएको गुनासो केन्द्र स्रोतले गरेको छ । केन्द्रको आफ्नै सरकारी भवन छैन । त्यसकारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भुइँतलामा बस्दै आएको छ । सो कार्यालयमा पनि ०८२ भदौ २३ र २४ गतेको ‘जेन-जी’ आन्दोलनको चपेटामा परेर तोडफोड र आगजनी हुँदा विध्वँस भएको छ ।

**जेन-जी आन्दोलनको मारमा केन्द्र**

तोडफोड र आगजनी भएको भवनको मर्मत-सम्भार गरी रङरोगन गर्ने काम शहरी विकास मन्त्रालयअन्तर्गतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले सानो गौचरनबाट गर्दै आएको छ । तर, केन्द्रमा हाल फर्निचर, बिजुली र पानीको अभाव रहेको छ । यस्ता भौतिक पूर्वाधारको अभावमा केन्द्रले उल्लेख्य कुनै काम गर्न सक्ने अवस्था नरहेको समाचार स्रोतको भनाइ छ । आवश्यक पूर्वाधारको अभावमा नयाँ काम गर्ने वातावरणसमेत नरहेको समाचार स्रोत बताउँछ ।

प्रधानमन्त्री कार्यालय मातहत रहेको यस्तो निकायको दुर्दशा हुनु दुर्भाग्यपूर्ण विषय भएको जानकार स्रोतले गुनासो गरेका छन् । वर्तमान अन्तरिम सरकार गठन भएको चार महिना बिते पनि केन्द्रका प्रमुख सचिव वैद्यले तीन महिना अगाडि त्रैमासिक प्रतिवेदन बुझाउँदा प्रधानमन्त्री सुशीला कार्कीलाई भेट्ने




अवसर प्राप्त गरेका थिए । त्यसयता भेट् नसमेत नपाएको बताइन्छ । कार्की मात्र नभई यसअघिका कुनै पनि प्रधानमन्त्रीले केन्द्रको सुधार र भूमिका प्रभावकारी बनाउन प्राथमिकता नदिएको चर्चा यसअघि पनि बाहिर नआएको भने होइन ।

केन्द्रले सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी बनाउन निगरानी तथा सतर्कतासम्बन्धी कार्यको जिम्मेवारी पाएको छ । सार्वजनिक निकायहरूमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको आचरणको समेत निगरानी गर्ने अधिकार केन्द्रसँग छ । साथै, जीवनशैली र सम्पत्ति विवरणको निगरानी, भ्रष्टाचारजन्य कार्य, अनियमितता र बेथितिबारे सूचना संकलन गर्ने जिम्मेवारी पनि केन्द्रको काँधमा रहेको बताइन्छ । सार्वजनिक सेवा प्रवाहमा देखिएका कमजोरी, ढिलासुस्ती र अनियमितताको पहिचान गर्दै भ्रष्टाचार नियन्त्रणका लागि नीतिगत तथा प्रक्रियागत सुधारका सुझाव प्रधानमन्त्री कार्यालयलाई दिँदै आएको छ ।

सरकारी निकायहरूमा सतर्कता प्रणाली सुदृढीकरण गर्न पहल गर्ने, नागरिकका उजुरी र गुनासो संकलन तथा प्राथमिक परीक्षण गर्नु केन्द्रको प्रमुख कर्तव्य हो । केन्द्रले तोकिएका सरकारी कर्मचारी र पदाधिकारीहरूको सम्पत्ति विवरण संकलन, अभिलेख राख्ने र विश्लेषण गर्ने, जीवनशैली र आय-व्ययबीचको असंगतता अध्ययन गर्ने जिम्मेवारी पनि पाएको छ ।

**भूमिका महत्वपूर्ण,**
**तर हुँदैन कार्यान्वयन**

केन्द्रमा प्राप्त सूचना र उजुरीको प्रारम्भिक छानबिन गरी आवश्यक परेमा सम्बन्धित निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिस गर्ने कार्य केन्द्रले गर्दै आएको छ । सतर्कतासम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सरकारलाई पेश गर्ने, सरकारी कार्यालयहरूलाई सतर्कता तथा नैतिकतासम्बन्धी निर्देशन र परामर्श दिने जस्ता कर्तव्य पनि केन्द्रले निर्वाह गर्दै आएको छ । तर पनि केन्द्र आफैं छानबिन, अनुसन्धान र अभियोजन गर्ने निकाय भने होइन । यसलाई पूर्वसतर्कता र सूचना दिने निकायका रूपमा मात्र लिइन्छ ।

संकलित सूचना र निष्कर्षका आधारमा अख्तियारलगायत निकायलाई कारबाहीका लागि सिफारिस मात्र गर्दै आएको छ । स्रोत-साधन माग गरे पनि आवश्यक रूपमा नपाएको गुनासो बाहिर आउने गरेका छन् । स्रोत-साधन र पर्याप्त जनशक्तिको अभावमा केन्द्रले छड्के अनुगमन प्रभावकारी रूपमा गर्न नसकेको आरोपसमेत खेप्दै आएको छ । योजनाअनुसार प्रदेशस्तरमा सुशासन कायम गर्न, सेवा प्रवाहमा देखिएको ढिलासुस्ती हटाउन पहल गरिँदै आएको छ ।

निर्माण कार्यमा गुणस्तर कायम गराउन मुख्यमन्त्री, प्रदेशका मन्त्री, प्रमुख सचिव, सचिव र केन्द्रको सहभागितामा प्रदेशस्तरीय अन्तरक्रिया, सचेतना कार्यक्रम र गोष्ठी आयोजना गर्दै सतर्कतामा जोड दिँदै आएको छ । तर, पनि केन्द्रलाई हतपत कसैले टेर्ने अवस्था छैन । केन्द्र सुशासन कायम गराउन असफल भएको, कानुनी तथा संरचनागत कमजोरी रहेको बताइन्छ ।

केन्द्रसँग स्वतन्त्र संवैधानिक हैसियत छैन । आफ्नै भवन नहुनुका साथै अनुसन्धान र कारबाही गर्ने प्रत्यक्ष अधिकारसमेत छैन । सिफारिस कार्यान्वयन अन्य निकायको इच्छामा निर्भर छ । कानून अस्पष्ट र दण्ड तथा प्रोत्साहन व्यवस्था कमजोर रहेको बताइन्छ ।

**राजनीतिक प्रभाव र हस्तक्षेप**

उच्च पदस्थ व्यक्तिहरूसम्बन्धी मुद्दामा राजनीतिक दबाबका कारण काम गर्नुपर्ने अवस्था छ । संवेदनशील उजुरीहरू अगाडि नबढाइने वा ढिलाइ गरिने, नेतृत्व नियुक्ति र सरुवामा राजनीतिक प्रभाव जस्ता समस्या छन् । संस्थागत क्षमता र स्रोतको अभाव छ । प्राविधिक जनशक्ति र विशेषज्ञताको कमी छ । डेटा एनालिटिक्स, डिजिटल ट्र्याकिङजस्ता आधुनिक प्रविधिको न्यून प्रयोग भएको छ । अर्थ मन्त्रालयले सीमित बजेट मात्र उपलब्ध गराएको छ ।

कार्य-दोहोरोपन र समन्वयको समस्या पनि देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक र आन्तरिक लेखा जाँचसँग भूमिका दोहोरिनु, स्पष्ट कार्यविभाजन र सूचना साझेदारी प्रणाली कमजोर हुनु समस्या बनेको छ । उजुरी व्यवस्थापन कमजोर रहेको गुनासो पनि सुनिन्छ । उजुरी संकलन भए पनि नतिजामुखी छानबिन नहुने गरेको जानकारहरू बताउँछन् । उजुरीकर्ताको गोपनीयता र संरक्षणमा पर्याप्त ध्यान नदिँदा नागरिकमा केन्द्रप्रतिको विश्वास घट्दै गएको छ ।

संस्थागत संस्कार र कार्यसंस्कृतिमा पनि समस्या छ । प्रतिवेदन बनाउने तर, परिणाम नआउने प्रवृत्ति बढ्दै गएको छ । जोखिम लिन नचाहने प्रवृत्ति, कर्मचारी कार्यसम्पादन मूल्याङ्कन कमजोर, सार्वजनिक दबाब र पारदर्शिताको कमी देखिन्छ । केन्द्रका प्रतिवेदन र गतिविधि सार्वजनिक रूपमा प्रभावकारी ढंगले आउन सकेका छैनन् । मिडिया र नागरिक समाजसँगको संस्थागत संवाद कमजोर छ । यसरी केन्द्रको असफलता व्यक्ति वा कर्मचारीभन्दा बढी संरचना, अधिकार र राजनीतिक इच्छाशक्तिको समस्या भएको बताइन्छ ।

जबसम्म केन्द्रलाई स्पष्ट कानुनी अधिकार, आंशिक वा पूर्ण संस्थागत स्वतन्त्रता, प्राविधिक क्षमता र सिफारिस कार्यान्वयनको बाध्यकारी व्यवस्था दिइँदैन, तबसम्म प्रभावकारी परिणाम अपेक्षित हुँदैन । केन्द्रलाई प्रभावकारी बनाउन कानूनी तथा संस्थागत सुधार आवश्यक छ । प्रधानमन्त्री मातहतबाट हटाई स्वतन्त्र वैधानिक वा संवैधानिक निकाय बनाउनुपर्ने माग चौतर्फी रूपमा उठिरहेको छ ।

# गुप्तचर विभागमा दुईसय पद रिक्त !
# सूचनाको अभावमा निर्वाचन हिंसात्मक हुने त्रास

● **साँघु संवाददाता**

**काठमाडौं । मुलुकको विषम परिस्थिति र सुरक्षा निकायहरूको मनोबल खस्किएको समयमा आगामी २०८२ फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचनको तयारी चलिरहेको छ । यसै सन्दर्भमा मुलुकको गुप्तचरी निकाय राष्ट्रिय अनुसन्धान बिभागको मुख्य सूचना संकलन गर्ने निकाय स्वयं संरचनागत चलायमा हुन सकेन भने निर्वाचन हिसात्मक बनेर जोखिमपूर्ण हुनसक्ने आशंकासमेत गर्न थालिएको छ । घोषित प्रतिनिधि सभा निर्वाचनमा केही राजनीतिक दलहरुले भाग नलिने र वहिस्कारको उद्घोषसमेत गरिसकेका छन् । जसले गर्दा मुलुकका सुरक्षा निकाय र अझ त्यसमा पनि अनुसन्धान बिभागको ध्यान बढी जानुपर्ने बताइन्छ ।**

बामपन्थी दलका नेताहरु सिपी गजुरेल, धर्मेन्द्र बास्तोला, ऋषि कट्टेलगायतका ६ वटा उग्रवामपन्थी कम्युनिष्ट घटकहरूले आगामी प्रतिनिधि सभा निर्वाचनमा भाग नलिने बताइसकेका छन् । उनीहरुले घोषित निर्वाचन बहिस्कार गर्ने कार्यक्रम यसअघि नै सार्वजनिकसमेत गरेका थिए । यो अवस्थामा ती घटकको बहिस्कार कार्यक्रमलाई निस्तेज पारी स्वतन्त्र, निष्पक्ष र भयरहित अवस्थामा निर्वाचन सम्पनन गर्न अन्तरिम सरकारलाई चूनौति रहेको बिश्लेषन हुन थालेको छ । मुलुकभित्र यीलगायत अन्य यस्ता विभिन्न समूहहरू सक्रिय चुनवा बिथोल्न सक्रिय रहेका छन् ।

उता, जेनजी आन्दोलनकाक्रममा बिभिन्न जेलहरुबाट भागेका ५ हजार भन्दा बढी बन्दीहरु पक्राउ पर्न नसक्नु र सुरक्षाकर्मीहरुसँग लुटिएका हातहतियार अझै फेला नपर्नु पनि सरकारका लागि अर्को चुनौती रहेको बताइन्छ । जेनजी आन्दोलन मूलतः सुशासन र संस्थागत सुधारको मागमा केन्द्रित भएपनि त्यसैको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारले नियमित प्रशासनिक प्रक्रिया सुशासनलाई प्राथमिकता नदिंदा असन्तोषको मनोविज्ञान पुन गहिरिन सक्ने चिन्ता सर्वत्र भइरहेको छ ।

**सुरक्षा निकायका यी गुनासो**

यसैबीच, नेपाल प्रहरीमा वरिष्ठ सई, सई र असई तहको बढुवा पदपूर्ति र सरूवा प्रक्रिया निरन्तर अगाडि बढिरहेको छ । तर, गुप्तचर विभागमा भने अतिरिक्त मुख्य अनुसन्धान निर्देशक जस्तो महत्वपूर्ण पद महिनौं ढिला गरी बल्ल पूर्ति गरिएको छ । यहीकारण सुरक्षा निकायहरूबीचको नीतिगत प्राथमिकता असन्तुलित हुन पुगेको बताइन्छ ।




त्यतिमात्र होइन, संगठनलाई प्रधानमन्त्री कार्यालयबाट गृहमा सार्ने प्रयोजनका लागि मन्त्रिपरिषद् बैठकले हतारमा निर्णय गरेको गुनासाहरु पनि सुनिने गरेको छ । जसलाई प्रभावकारी रूपमा समयमा कार्यान्वयन गर्न नसकेको गुनासोसमेत बाहिर आउने गरेका छन । विभागलाई प्रधानमन्त्री कार्यालयबाट गृहअन्तर्गत ल्याइएपनि, नियमित करियर पथका रूपमा रहेको बढुवामा भने समान र गाम्भिरता नदेखाइएको बताइन्छ ।

विभागमा देखिएको यो अवस्था कुनै एक पद वा व्यक्तिसँग सीमित विषय नभई राज्यको आन्तरिक सुरक्षा दृष्टिकोण, प्रशासनिक प्राथमिकता र राजनीतिक इच्छाशक्तिको परीक्षणका रूपमा हेरिएको छ । नियमावली स्पष्ट हुँदाहुँदै पनि पदपूर्ति र नेतृत्व संरचना लामो समयसम्म अनिश्चित रहनुले आन्तरिक सुरक्षा संयन्त्रमाथि गुनासो बढ्दै गइरहेका छन । ०८२ भदौ २३ र २४ को जस्तै असर अन्ततः आम निर्वाचनमा नागरिकको सुरक्षा अनुभूति, निर्वाचन सुरक्षा तथा राजनीतिक स्थायित्वमा पर्ने होकी भन्ने आशंका राजनीतिक विश्लेषकहरूले गर्दै आएका छन् ।

सरकारले यो विषयलाई कति गम्भीरतापूर्वक लिन्छ भन्ने कुराले आगामी दिनमा नेपालको गुप्तचर र सुरक्षा संरचनाको दिशानिर्देश तय गर्ने बताइन्छ । यसमा सबै भन्दा जिम्मेवार, उत्तरदायी र जवाफदेही अन्तरिम सरकार प्रमुख कार्की नै जिम्मेवार जानकारस्रोतको भनाई रहेको छ ।

**क-कसको बढुवा ?**

यसैगरी, विभागमा दुई अनुसन्धान निर्देशकमा दिल्ली दुतावासमा कार्यरत सहअनुसन्धान निर्देशक नवीन अधिकारी र प्रशासन महाशाखाका सहअनुसन्धान निर्देशक राजन उप्रेतीको बढुवा भएको छ । उप्रेती नेपाली कांग्रेसका नुवाकोटका नेता डा. प्रकाश शरण महत निकट मानिन्छन् । उनी कनिष्ठ सहअनुसन्धान निर्देशक भएपनि दिल्ली दुतावासको काउन्सिलर भएर आएको र कांग्रेस नेतृ डा. आरजु राणाको जेडबलमा अनुसन्धान निर्देशक भएको गुप्तचर स्रोत बताउछ ।

उता, रिक्त तीन सहअनुसन्धान निर्देशकमा प्रशासन महाशाखाका कांग्रेस बिटको सूचना संकलनमा माहिर मानिएका टेकराज तिमिल्सिना, टीका पोखरेल र उत्तम खनालको बढुवा भएको छ । उनीहरू तीनैजना यस अगाडि नै बढुवा हुनुपर्नेमा तत्कानीन प्रमुख गणेश प्रसाद अधिकारीको कोपभाजनमा परेर पछाडि पारिएको स्रोत बताउछ । यो बढुवा भएपनि अनुसन्धान विभागमा अझै ४ वटा उपअनुसन्धान निर्देशक, २० वटा प्रमुख अनुसन्धान अधिकृतसहित दुई सय पद पदपूर्ति गर्न अझै बाँकी छ ।

मुख्य अनुसन्धान निर्देशक टेकेन्द्र कार्कीले उपअनुसन्धान निर्देशकसम्मको सरूवा र वरिष्ठ अनुसन्धान सहायकसम्मको बढुवा गर्नसक्ने अधिकार विशेष सेवा ऐन २०४२ र विशेष सेवा नियमावली (२० संशोधन) ले दिएको बताइन्छ । यसबीच ०८२ साउन ५ मा प्रशासन महाशाखाका विकासराज पाण्डे अवकाशमा गएका थिए । रिक्त स्थानमा पनि बढुवा नगरी तत्कालीन प्रमुख हुतराज थापा अनिवार्य अवकास गएका थिए । तयसपछि भीमबहादुर बुढाथोकी २०८२ मंसिर अन्तिम साता अवकास गएका थिए । बल्ल केही दिन अगाडि मात्र यी पदमा बढुवा गरिएको छ ।

विभागमा ठूलो संख्यामा नेतृत्व तह रिक्त रहँदा दैनिक प्रशासनिक काम मात्र होइन, रणनीतिक पूर्वसूचना संकलन र विश्लेषण क्षमतामै असर परेको विभाग स्रोतको भनाइ छ । विशेष सेवा नियमावली स्पष्ट, कार्यान्वयन अनिश्चित हुँदा विभाग पङ्गु भएको छ । विभागसम्बन्धी प्रचलित नियमावलीले मुख्य अनुसन्धान निर्देशक र अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्दा अपनाउनुपर्ने प्रक्रिया र आधार स्पष्ट रूपमा तोकेको छ ।

## समाचार/विविध

# बैरो बिभागमा मन्त्री सिंहको गोप्य निगरानी !

● **साँघु संवाददाता**

*काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमातहतको ताहाचलस्थित बैदेशिक रोजगार बिभागमा हुने अनियमिततामा मन्त्री राजेन्द्र सिंह भण्डारीले गोप्य ढंगले निगरानी बढाएका छन् । मन्त्री सिंह नेपाल प्रहरीको पूर्व एआइजीपीसमेत भएर काम गरिसकेकोले बैदेशिक रोजगार नाममा हुने ठगी र अनियमितताबिरुद्ध उनले गोप्य रुपमा सुरक्षाकर्मीहरु परिचालन गर्दै निगरानी गरिरहेको मन्त्रालय ाेतले दावी गरेको छ । मन्त्रालयमा रहेको डीएसपीको कमाण्डमा रहेको सुरक्षाकर्मीको टोलीले नै गोप्य रुपमा बिभागमा हुने अनियमिततालाई नियन्त्रणका लागि प्रहरीहरु खटाएर निगरानी गरिरहेको बिभाग स्रोतले बताएको छ ।*

*बैदेशिक रोजगारको नाममा हुने अनियमिततालाई यसअघिका मन्त्रालय र बिभागको नेतृत्वले न्यूनिकरण गर्न खोजेपनि सफल हुन सकिरहेको छैन । मन्त्रालयबाट कर्मचारी सरुवा लागि मरिहत्ते गर्नेक्रम अझै रोकिएको छैन । जसका जेनजी आन्दोलनकाक्रममा बिभागको*




*भवनसमेत आगजनी गरिएको थियो । तरपनि बिभागमा हुने अनियमितता नरोकिदा बदनाम हुँदै आएको छ । पछिल्लो समय नेतृत्व र सचिव दुवै परिवर्तन भएपछि दुईजना शक्तिशाली सहसचिवद्वय निराश हुन पुगेका छन् । मन्त्रालयको नेतृत्व भण्डारीले गर्नासाथ विवादित सचिव डा. कृष्णहरि पुस्कर कर्णलाई सचिवका लागि बेकामे मानिएको उपराष्ट्रपतिको कार्यालयमा सरुवा गरेका थिए ।*

*त्यसपछि डा. दीपक काफ्लेलाई मन्त्रालयमा भित्र्याएका छन् । यही कारण बिभागको महानिर्देशमा जान खुट्टा उचालेर बसेका सहसचिवद्वय कृष्णप्रसाद सापकोटा र पिताम्बर घिमिरे भने हिस्स हुन पुगेको चर्चा मन्त्रालय परिसरमा चल्ने गरेको छ । चर्चा अनुसार, उनीहरु दुवैले विभागको महानिर्देशक हुन निकै जोडबल नगरेका पनि होइनन् । तर, प्रधानमन्त्री सुशीला कार्कीकै निर्देशनमा तत्कालीन सुधारवादी महानिर्देशक कमलप्रसाद भट्टराईलाई निमित्त सचिवको जिम्मेवारीसहित मधेस प्रदेशको प्रमुख सचिवमा खटाइएको छ ।*

*विभागमा हुने घुसखोरी र भ्रष्टाचार रोक्न वरिष्ठ सहसचिव रहेका महानिर्देशक भट्टराईले प्रयास गर्दागर्दै उनको सो प्रदेशमा सरुवा गरिएपछि महानिर्देशकमा मिरा आचार्यलाई खटाइएको छ । बिभागमा सुधार र सुशासनको खाँचो रहेको बिषय प्रधानमन्त्री कार्कीसमक्ष पुगेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सचिव चन्द्रकला पौडेललाई निर्देशन दिएर विभागको नेतृत्वमा महिला सहसचिवलाई खटाउन भनिएको चर्चा कर्मचारीहरु बिचमा चल्ने गरेको छ । सचिव पौडेलले युवा सहसचिव आचार्यको नाम सिफारिस गरेकी थिइन ।*

*त्यसपछि प्रधानमन्त्री कार्कीले मन्त्री भण्डारीलाई निर्देशन दिएर पुरुष सहसचिवलाई होइन महिलालाई खटाउन निर्देशन दिएको स्रोत बताउँछ । सहसचिव आचार्यले पनि लगत्तै बिभागको नेतृत्व गरेसँगै दुईजना महिला उपसचिवद्वय कृष्णकुमारी गौली तिवारी र राजेश्वरी खत्रीलाई भित्र्याएकी छिन । उता, तत्कालीन सचिव पुस्करलाई मनाएर विभागको नेतृत्वमा जान खोजेका दुई सहसचिव त हिस्स परे नै । त्यसबखत मन्त्रालयको नेतृत्व गरिरहेकी प्रधानमन्त्री कार्की स्वयम्लाई सचिव पुष्करले वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने अस्पतालहरूको आर्थिक प्रभावमा परेर ६ हजार ५ सय लाग्ने शुल्कलाई बढाएर लुटतन्त्र कायम गर्न ९ हजार ५ सय रुपैयाँ पुर्‍याएका थिए ।*

*जसको वैदेशिक रोजगारमा जाने कामदारहरूले कडारुपमा विरोध जनाएपछि नवनियुक्त मन्त्री भण्डारीले मन्त्रालयका नेतृत्व गर्नासाथ पहिलो निर्णयमार्फत सच्चाएको बताइन्छ । त्यसपछि सचिव कर्णलाई पनि सरूवा गरी उपराष्ट्रपति कार्यालयमा लखेटेका थिए । तत्कालीन सचिव पुस्करको सोर्समा महानिर्देशक हुन सहसचिवद्वय सापकोटा र घिमिरेले निकै जोडसमेत गरेका थिए ।*

*यी दुवैजना भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा कार्यरत रहँदा भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशकको जिम्मेवारीमा रहेर काम काज गरिसकेका सहसचिवसमेत हुन् । उनीहरूकै योजनामुताबिक मन्त्री भण्डारीले बिभागमा सुरक्षाकर्मीमार्फत निगरानी बढाएको स्रोतको भनाई रहेको छ ।*

# अर्यालको नेतृत्वमा सशस्त्रमा के के सुधार भए ?



*काठमाडौं । सशस्त्र प्रहरी बलको नेतृत्व २०७९ वैशाख १८ गते महानिरीक्षक राजु अर्यालले सम्हालिरहेका छन् । अर्यालले संगठनको जिम्मेवारी सम्हालेसँगै संगठनमा नीतिगत र व्यावहारिक सुधारका लागि थुप्रै प्रयास गरेको सशस्त्र स्रोतले दावी गरेको छ । जसमा सीमा क्षेत्रमा बोर्डर आउटपोस्टको संख्या बढाउने, सुरक्षित आवास र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउनेलगायतका महत्वपूर्ण कार्यहरू उनको प्रयास भइरहेको स्रोतको दावी रहेको छ । उनको कार्यकालमा लामो समयदेखि सयौंको संख्यामा रोकिएको विभिन्न पदको बढुवा प्रक्रियालेसमेत गति लिएको बताइन्छ ।*

*आईजीपी अर्यालले सांगठनिक क्रियाकलापलाई पारदर्शी बनाउने, भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अपनाएका छन् । तल्लो तहका कर्मचारीहरूको मनोबल बढाउन विभिन्न युनिटहरूमा युनिट फन्डको अवधारणा कार्यान्वयनमा ल्याएको संगठन स्रोतले दावी गरेको छ । उनले संगठन मातहतका कर्मचारीहरूलाई अनुशासन, विवेक र संयमताका साथ काम गर्न निर्देशन दिँदै आएका छन् । जसले गर्दा उनलाई अध्ययनशील र बौद्धिक सुरक्षा अधिकारीका रूपमा चिनाएको छ ।*

*उनी आगामी २०८३ बैशाखमा आईजीपीको चारवर्षे कार्यकाल पूरा गरेर अवकासमा जाँदैछन् । संगठलाई गतिशील बनाएकै कारण आइजीपी अर्यालले सुकीर्तिमय राष्ट्रदीप, सुप्रबल जनसेवा श्री जस्ता थुप्रै महत्वपूर्ण मानपदवी र पदकहरू प्राप्त गरिसकेका छन् । आईजीपी अर्याल अवकाशमा गएपछि संगठनको नेतृत्व हाल मानव स्रोत बिभागमा कार्यरत सशस्त्र प्रहरी बलका वरिष्ठ प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले गर्ने छन् ।*

***एसएसपीको नेतृत्वमा केन्द्रीय सेल गठन***

*यसैबिच, २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको लागि सशस्त्र प्रहरी बलले एसएसपीको नेतृत्वमा केन्द्रीय निर्वाचन सेल गठन गरेको छ । संगठनले कार्य विभागका एसएसपी राजेश उप्रेतीको कमान्डमा केन्द्रीय निर्वाचन सेल गठन गरिएको प्रवक्ता डीआईजी मनिष थापाले जानकारी दिएका हुन् ।*

*डीआईजी थापाले निर्वाचनका संगठनले १७ बुँदे परिचालन नीति बनाएर लागू गरिएको जानकारी गराएका छन् । एकीकृत सुरक्षा योजना केन्द्रीय सुरक्षा समितिबाट पारित भइसकेको बताइएको छ । प्रदेश र उपत्यकामा रहेका सबै बाहिनीमा पनि निर्वाचन सेल गठन गरिने डीआईजी थापाले बताए ।*

*थापाले अपरेशनल जिम्मेवारीमा रहेका सबै गण र गुल्ममा पनि निर्वाचन सेल गठन गरिने जानकारी दिए । केन्द्रीय निर्वाचन सेलका प्रमुख एसएसपी उप्रेतीले यसअघि पनि एकीकृत निर्वाचन सुरक्षा योजनाको ड्राफ्ट तयार गर्ने समितिमा पनि बसेर काम गरिसकेका हुन् ।*

# अन्यायमा परेका पराजुलीको सचिवमा बढुवा

*काठमाडौं । महालेखापरीक्षकको कार्यालयको सचिव बन्ने अवसरबाट बञ्चित गरिएका घनश्याम पराजुली अन्तत तेस्रो प्रयासमा सचिवमा बढुवा हुन सफल भएका छन् । विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले एक नम्बरमा सिफारिस भएका पराजुलीलाई अन्याय गरी दुई पटक सचिवमा बढुवा हुनबाट बञ्चित गरिको समाचारहरु बारम्बार प्रकाशित भएका थिए । तर, तेस्रो प्रयासमा उनी सचिवमा बढुवा हुन सफल भएका छन् ।*

*यसअघि बसेको मन्त्रिपरिषदको बैठकले नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फको राजपत्रांकित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पराजुलीलाई बढुवा गर्ने निर्णय गरेको हो । उपमहालेखापरीक्षक नारायण एमसी ५८ वर्ष पुगेर अनिवार्य अवकाश गएका छन् । उनी अवकाश गएसँगै उक्त स्थानमा ईन्द्रप्रसाद आचार्यको बढुवा गरेको थियो । अघिल्लो पटक पनि उनी एक नम्बरमा सिफारिस भएका पराजुलीलाई उछिन्दै एमसी र त्यसपछि आचार्यले उपमहालेखा परीक्षकमा बढुवा भएका थिए ।*

*अन्तत आचार्य पनि उमेरहदका कारण अवकाशमा गएपछि मात्र पराजुली सचिव बढुवाको अवसर पाएका हुन् । पराजुली २०७६ माघमा नायबमहालेखा परीक्षक (सहसचिव) बढुवा भएका थिए । ६ वर्षपछि पराजुलीले विशिष्ट श्रेणीमा बढुवा हुन सफल भएका छन् । पराजुली आगामी २०८६ चैत अर्थात चारवर्ष विशिष्ट श्रेणीमा रहेर सेवा गर्नेछन् ।*

# दक्षता बिना शासन, उत्तरदायित्व बिनाको राज्य ?
# प्रशासनिक सुधार बिना समृद्धि असम्भव !



लोकबहादुर थापा मगर
सहायक रथी(अप्रा.)

**नागरिक प्रशासन राज्य क्षमताको मेरुदण्ड, सार्वजनिक विश्वासको आधार र राष्ट्रिय विकासको प्रमुख साधन हो। नेपालमा संवैधानिक रूपान्तरण र संघीय शासन प्रणालीको कार्यान्वयन भइसकेको भए पनि नागरिक प्रशासनले अझै कार्यकुशलताको अभाव, प्रक्रियागत जटिलता, राजनीतिक हस्तक्षेप, असमान सेवा प्रवाह र कमजोर उत्तरदायित्वजस्ता संरचनागत चुनौतीहरू भोगिरहेको छ।**

यी समस्याको समाधान टालटुले सुधारबाट सम्भव छैन। यसका लागि चरणबद्ध, यथार्थपरक र दीर्घकालीन दृष्टिसहितको सुधार मार्गचित्र आवश्यक छ, जसले तत्कालीन सुधार र संस्थागत रूपान्तरणलाई सन्तुलित रूपमा अघि बढाओस्।

अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन चरणमा विभाजित सुधार रणनीतिले नेपालको नागरिक प्रशासनलाई दक्ष, पेशागत र नागरिक-केन्द्रित प्रणालीतर्फ डोर्‍याउन सक्छ।

**१. अल्पकालीन सुधारः**
**बलियो आधार** (१–३ **वर्ष**)

अल्पकालीन चरणले सुधारको बलियो आधार निर्माण गर्नुका साथै छिटो देखिने सकारात्मक परिणाम दिनुपर्छ। यस चरणको प्रमुख प्राथमिकता भनेको सबै मन्त्रालय, विभाग र स्थानीय तहमा पारदर्शी र योग्यता-आधारित भर्ती तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीको स्थापना हो। निजामती सेवामा प्रवेश र पदोन्नति स्पष्ट प्रतिस्पर्धा, क्षमता र परिणामका आधारमा हुनुपर्छ। वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा वरिष्ठता वा व्यक्तिगत निकटताभन्दा सेवा प्रवाहको गुणस्तर र नतिजालाई मुख्य मापदण्ड बनाइनुपर्छ।

यस चरणमा नागरिक सेवाको डिजिटल रूपान्तरण पनि अत्यन्तै महत्वपूर्ण हुन्छ। नगरपालिकाले जन्म-मृत्यु दर्ता, नागरिकता प्रमाणपत्र र भवन अनुमति जस्ता सेवाहरू अनलाइन प्रणालीमार्फत दिन सक्छन्। अर्थ मन्त्रालयले साना तथा मध्यम व्यवसायका लागि अनलाइन कर दाखिला र डिजिटल भुक्तानी प्रणाली विस्तार गर्न सक्छ। यस्ता सुधारले सेवा समय घटाउनुका साथै भ्रष्टाचारको सम्भावना न्यून गर्छ।

संघीय प्रणाली प्रभावकारी बनाउन स्थानीय तहको निर्णय क्षमता सुदृढ गर्नुपर्छ। जिल्ला तथा नगर प्रशासकलाई निश्चित बजेट सीमाभित्र निर्णय गर्ने अधिकार दिदा सेवा प्रवाह छिटो र उत्तरदायी बन्छ। साथै, सेवा चार्टर, हटलाइन र डिजिटल गुनासो प्रणालीमार्फत नागरिक-केन्द्रित प्रशासनलाई व्यवहारमा उतार्न सकिन्छ।

**२. मध्यमकालीन सुधारः**
**संस्थागत समन्वय** (३–७ **वर्ष**)

मध्यमकालीन चरणको लक्ष्य नागरिक प्रशासनलाई स्थिर तर सिकाइमुखी संस्था बनाउनु हो। यसका लागि राष्ट्रिय नागरिक सेवा प्रतिष्ठान स्थापना गरी नेतृत्व विकास, नैतिकता, नीतिगत विश्लेषण, परियोजना व्यवस्थापन र सूचना प्रविधिमा निरन्तर तालिम दिनुपर्छ।

मन्त्रालय, प्रदेश र स्थानीय तहबीच घुम्ती पदस्थापन प्रणाली लागू गर्दा साइलो सोच घट्छ र कर्मचारीमा साझा शासन दृष्टिकोण विकास हुन्छ। साथै, मन्त्रालय र तहहरूबीच डाटाबेस जोडेर एकीकृत ई-शासन प्रणाली विकास गर्नुपर्छ, जसले नीति निर्माणलाई तथ्यमा आधारित बनाउँछ।

विकेन्द्रीकरण अधिकारसागै बजेट र जनशक्तिको समुचित व्यवस्थापन आवश्यक हुन्छ। प्रक्रियागत सरलीकरण गर्दै एकद्वार सेवा प्रणाली लागू गर्दा सेवा प्रवाह र व्यवसायिक वातावरण दुवैमा सुधार आउँछ।

**यो चरणबद्ध सुधार मार्गचित्रले नेपालको नागरिक प्रशासनलाई व्यावहारिक, दिगो र नागरिक-केन्द्रित दिशामा अघि बढाउने स्पष्ट आधार प्रदान गर्दछ। अल्पकालीन सुधारले छिटो देखिने परिणाम सुनिश्चित गर्छ, मध्यमकालीन सुधारले पेशागतता र संस्थागत दक्षता मजबुत बनाउँछ, र दीर्घकालीन सुधारले प्रशासनिक संस्कृतिको रूपान्तरण गर्दै जनमुखी शासनलाई स्थायी बनाउँछ।**

**३. दीर्घकालीन सुधारः**
**प्रशासनिक रूपान्तरण** (७–१५ **वर्ष**)

दीर्घकालीन चरणले सुधारको दिगोपन सुनिश्चित गर्न प्रशासनिक संस्कृतिको रूपान्तरणमा केन्ित हुनुपर्छ। नागरिक सेवालाई पूर्ण रूपमा पेशागत र राजनीतिक हस्तक्षेपमुक्त बनाउने लक्ष्यका लागि कर्मचारी सरुवा, पदस्थापन र पदोन्नतिमा कानुनी संरक्षण आवश्यक छ। उच्च पदमा नियुक्ति योग्यता, नेतृत्व क्षमता र विगतको कार्यसम्पादनका आधारमा हुनुपर्छ।

यस चरणमा कृत्रिम बुद्धिमत्ता, पूर्वानुमान विश्लेषण र भू-सूचना प्रणालीजस्ता उन्नत प्रविधिलाई योजना निर्माण, स्रोत बाँडफाँड र विपद् व्यवस्थापनमा प्रयोग गर्न सकिन्छ। यसले जोखिम न्यूनीकरण र सेवा प्रभावकारिता दुवै बढाउँछ।

नागरिक सन्तुष्टिलाई प्रशासनको केन्द्रीय सूचकका रूपमा स्थापित गर्दै उत्कृष्ट सेवा दिने कार्यालय र कर्मचारीलाई प्रोत्साहन गर्नुपर्छ। पारदर्शिता र उत्तरदायित्व सुदृढ गर्न सार्वजनिक प्रतिवेदन, आन्तरिक लेखापरीक्षण र निगरानी संयन्त्रलाई संस्थागत बनाइनुपर्छ।

**४. निष्कर्षः जनमुखी शासनतर्फ दिगो यात्रा**

यो चरणबद्ध सुधार मार्गचित्रले नेपालको नागरिक प्रशासनलाई व्यावहारिक, दिगो र नागरिक-केन्द्रित दिशामा अघि बढाउने स्पष्ट आधार प्रदान गर्दछ। अल्पकालीन सुधारले छिटो देखिने परिणाम सुनिश्चित गर्छ, मध्यमकालीन सुधारले पेशागतता र संस्थागत दक्षता मजबुत बनाउँछ, र दीर्घकालीन सुधारले प्रशासनिक संस्कृतिको रूपान्तरण गर्दै जनमुखी शासनलाई स्थायी बनाउँछ। दृढ राजनीतिक इच्छाशक्ति र प्रशासनिक प्रतिबद्धतासहित कार्यान्वयन भएमा, यो मार्गचित्रले नेपालको नागरिक प्रशासनलाई दक्ष, उत्तरदायी र विकासमुखी बनाउँदै दिगो राष्ट्रिय विकासको सशक्त आधार निर्माण गर्न सक्छ।

(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर ाष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन्। फोनः +९७७ ९८५१०७३४७७। इमेलः thapalok53@gmail.com)

## स्वास्थ्य/घरेलु उपचार

### हाँसो, चिसो नुहाइ र आन्द्रा ब्याक्टेरियाः सन् २०२६ का चकित पार्ने अनुसन्धान

*सन् २०२६ जनवरीमा सार्वजनिक भएका केही स्वास्थ्य अनुसन्धानहरूले मानिसको दैनिकीसँग जोडिएका सामान्य बानीले शरीर र मस्तिष्कमा असाधारण प्रभाव पार्ने देखाएका छन्। औषधि र अस्पतालभन्दा बाहिरका यस्ता तथ्यहरूले स्वास्थ्यप्रति सोच्ने तरिका नै बदल्न सक्ने वैज्ञानिकहरू बताउँछन्।*

***हाँसोले दुखाइ कम गर्छ***



*हालै गरिएको एक अन्तर्राष्ट्रिय अनुसन्धान अनुसार दिनमा केही समय खुलेर हाँस्ने मानिसमा दुखाइ सहने क्षमता बढ्ने देखिएको छ। हाँस्दा शरीरमा "एन्डोर्फिन" नामक प्राकृतिक पेनकिलर हर्मोन सक्रिय हुने अनुसन्धानकर्ताहरूले बताएका छन्। नियमित रूपमा सकारात्मक हास्य सामग्री हेर्ने व्यक्तिमा तनाव, रक्तचाप र मुटु सम्बन्धी समस्या कम देखिएको अध्ययनले उल्लेख गरेको छ।*

***चिसो पानीले मानसिक शक्ति बढाउँछ***

*जनवरीमा गरिएको अर्को रोचक अनुसन्धानले चिसो पानीले नुहाउँदा मानसिक सतर्कता र आत्मविश्वास बढ्ने देखाएको छ। अनुसन्धान अनुसार हप्तामा २-३ पटक चिसो पानीको सम्पर्कले शरीरको प्रतिरोधात्मक क्षमता मात्र होइन, डिप्रेसनको लक्षणसमेत कम गर्न सहयोग गर्छ। वैज्ञानिकहरूका अनुसार यसले मस्तिष्कमा ' अलर्ट मोड' सक्रिय गराउँछ।*

***आन्द्रामा बस्छ खुसीको सूत्र***

*अनुसन्धानहरूले मानिसको खुसी र उदासी आन्द्रासँग गहिरो रूपमा जोडिएको तथ्य पुनः पुष्टि गरेका छन्। आन्द्रामा रहेका राम्रो ब्याक्टेरियाले "सेरोटोनिन" हर्मोन उत्पादनमा भूमिका खेल्ने भएकाले पाचन स्वास्थ्य बिग्रँदा मानसिक समस्या बढ्ने देखिएको छ। दही, फर्मेन्टेड खाना र फाइबरयुक्त आहार खाने मानिस बढी सकारात्मक देखिने निष्कर्ष अध्ययनले निकालेको छ।*

***मोबाइलबाट टाढा, निद्राबाट नजिक***

*जनवरी २०२६ को एक अध्ययनले सुत्नुअघि ३० मिनेट मोबाइल नछुने मानिसको निद्रा गहिरो र स्मरणशक्ति बलियो हुने देखाएको छ। मोबाइलबाट निस्कने नीलो प्रकाशले मस्तिष्कलाई दिन भएको संकेत दिने भएकाले अनिद्राको समस्या बढ्ने वैज्ञानिकहरूको चेतावनी छ।*

***निष्कर्ष*** *: सन् २०२६ सुरु दिनका यी अनुसन्धानहरूले स्वास्थ्य जटिल औषधिमा मात्र नभई हाँसो, खानपान, पानी र सुत्ने बानीजस्ता साना कुरामा लुकेको देखाएका छन्। विशेषज्ञहरूका अनुसार दैनिक जीवनमा साना सकारात्मक परिवर्तनले ठूलो स्वास्थ्य लाभ दिन सक्छ।*

### सुगर भएका व्यक्तिमा यौन समस्या क्षमता कसरी बढाउने ?



*मधुमेह-नेपालमा तीव्र रूपमा फैलिएको रोग। तर यसले ल्याउने एउटा संवेदनशील समस्या धेरैले खुला रूपमा भन्न सक्दैनन- यौन क्षमतामा कमी। सुगरले शरीरका नसा, रक्तसञ्चार र हार्मोनमा सीधा असर गर्ने भएकाले यौन इच्छा घट्ने, उत्तेजना कमजोर हुने, थकान बढ्नेजस्ता समस्या सामान्यजस्तै हुन्छन्। तर चिन्ता लिनुपर्ने कारण छैन, किनकि सुगर भएका व्यक्तिले यौन शक्ति पूर्ण रूपमा सुधार गर्न सक्छन्–यदि केही वैज्ञानिक र व्यवहारिक उपाय अपनाइयो भने।*

*सबभन्दा पहिला ब्लड सुगर नियन्त्रण अनिवार्य छ। सुगर नियन्त्रणमै कमजोरी छ भने अन्य उपायले लामो असर गर्दैन। फास्टिङ ९०-११० र एए ११०-१६० दायरा राख्न सके यौन क्षमतामा पनि सुधार देखिन थाल्छ।*

*दैनिक ३० मिनेट व्यायाम-तेज हिँडाइ, साइकल, स्क्वाट र हल्का दौड–यौन अंगमा रगत प्रवाह मजबुत बनाउँछ। यिनै व्यायामले त्भकतयकतभचयलभ बढाउने वैज्ञानिक प्रमाण पनि छन्। खानपानमा परिवर्तन अर्को महत्वपूर्ण पक्ष हो। ओखर, बदाम, दालचिनी, अण्डा, माछा, अम्बा, कागती र काला चना-यौन शक्ति र सुगर दुवैका लागि लाभदायी छन्। त्यसबिपरीत चिनी, अत्यधिक भात, पिठो, चाउमिन र तारेको खानेकुराले यौन क्षमता घटाउँछ।*

*धेरै मधुमेहीमा Vitamin D, B-१२, Zinc / Testosterone कमी हुन्छ। यी परीक्षण गराएर कमी भेटिए पूरक सेवनले यौन क्षमता उल्लेखनीय रूपमा बढ्छ। धूम्रपान र रक्सी चाहिँ सबैभन्दा ठूलो शत्रु-नसा सुस्त पारेर क्षमता घटाउँछ।*

*मानसिक तनावले समस्या झनै जटिल बनाउँछ। ध्यान, सास व्यायाम, पर्याप्त नि‍्रा र आत्मविश्वासले शरीर र मन दुवैलाई तयार पार्छ। आवश्यक परे चिकित्सकको सल्लाहमा सुरक्षित औषधि (जस्तै Sildenafil/Tadalafil) पनि प्रभावकारी विकल्प हुन सक्छ।*

*सारांश-सुगरले यौन शक्ति घटाउन सक्छ, तर सही जीवनशैली, उचित परीक्षण र चिकित्सकीय मार्गदर्शनले पूर्ण रूपमा सुधार सम्भव छ।*

# गगन थापाको नयाँ केन्द्रीय पदाधिकारीमा को-को निर्वाचित ?



काठमाडौं। २०८२ पुस ३० गते बुधवार राती सम्पन्न नेपाली काँग्रेसको विशेष महाधिवेशनले पार्टी सभापतिमा गगन कुमार थापालाई चयन गरेको छ। यसैगरी महाधिवेशनले २ जना उपसभापतिद्वयमा क्रमश विश्व प्रकाश शर्मा र पुष्पा भुषाल गौतमलाई निर्वाचित गरेको छ। दुई महामन्त्रीमा भने प्रदीप पौडेल र गुरुराज घिमिरेलाई निर्वाचित गरेको छ। बिशेष महाधिवेशनबाट निर्वाचित पदाधिकारीमा केन्द्रीय सह-महामन्त्री महिलातर्फ डा. डिला संग्रौला पन्त निर्वाचित भएकी छिन।

अन्य केन्द्रीय सह-महामन्त्रीहरुमा दलिततर्फ प्रकाश रसाईली स्नेही, आदिवासी जनजातीमा बहादुर सिंह लामा, खसआर्यमा उदय शम्शेर राणा, मधेशीमा मुक्ता कुमारी यादव र मुस्लिमतर्फ भने फर्मुल्ला मन्सुर चयन भएका छन्। यस्तै, थारु क्लस्टरतर्फ योगेन्द्र चौधरी र पिछडिएको क्षेत्रबाट भने कर्णबहादुर बुढा निर्वाचित भएका छन्। ३५ खुल्ला केन्द्रीय सदस्य पदका लागि गोपालमान श्रेष्ठ, ओमकार प्रसाद श्रेष्ठ, अर्जुन नरसिंह के.सी, राजेन्द्र कुमार के.सी, अर्जुन प्रसाद जोशी र सुरेश कुमार योङ्या निर्वाचित हुन पुगेका छन्।

अन्य खुल्ला केन्द्रीय सदस्यहरुमा चिनकाजी श्रेष्ठ, सुधिर सिवाकोटी, भरत शाह, मधु आचार्य, अमृत अर्याल, धुर्व वाग्ले, देवराज चालिसे र बिनोद चौधरी चयन हुन पुगेका छन। यसैगरी, मोहन आचार्य, उज्वल बराल, जनक गिरी, देवप्रसाद तिमिल्सिना, अजय बाबु सिवाकोटीपनि खुल्ला सदस्यमा निर्वाचित हुन सफल भएका छन्। त्यसैगरी, प्रेम बहादुर खड्का, जयराम लामिछाने, बसन्त भट्टराई, प्रदीप शर्मा, जगत जोशी, प्रमोदहरी गुरागाई, डा. केदार नरसिंह के.सी र विदुर बस्नेतले पनि निर्वाचित हुन सफल भएका छन्।

खुल्ला सदस्यमा बाजी मार्नेहरुमा तिर्थजंग शाही, भरत खड्का, सुवास पोखरेल, शम्भु बुढाथोकी, धर्मराज गौतम, टेकराज पौडेल, तिलक रानाभाट र राजेन्द्र गोपाल सिंह रहेका छन। महिला खुल्ला केन्द्रीय सदस्य पदका लागि नौ जनाले बाजी मारेका छन। जसमा चम्पा देवी खड्का, धना खतिवडा, नानु बास्तोला, चिनु पोखरेल, जानकी सिंह र प्रतिमा गौतम छन। अन्य सदस्यहरुमा, गिता सत्याल, सन्तोषी साउद ऐरी र दिल कुमारी राई रहेका छन।

प्रदेशतर्फ केन्द्रीय सदस्यमा कोशी प्रदेशबाट महिला १ पदमा सारदा देवी कोईराला निर्वाचित भएकी छिन। खुल्ला दुई पदका लागि २ भने हिमालय कर्माचार्य र अग्नी पौडेल निर्वाचित भएका छन। मधेश प्रदेश-महिला पदका लागि केन्द्रीय सदस्यमा मधु शाहीले बाजी मारेकी छिन भने खुल्ला दुई पदमा भन रामानन्द यादव र बजरंग नेपाली निर्वाचित भएका छन। बागमती प्रदेश-महिलातर्फ एक केन्द्रीय सदस्य पदका लागि उमा दाहाल चयन भएकी छिन।

बागमती प्रदेश-खुल्ला दुई केन्द्रीय सदस्य पदका लागि भने जितनारायण श्रेष्ठ र रमेश धमलाले बाजी मारेका छन्।

गण्डकी प्रदेश-महिला १ केन्दीय सदस्य पदका लागि १ विष्णुदेवी पाण्डे निर्वाचित भएकी छिन भने खुल्ला दुई केन्द्रीय सदस्य पदका लागि रेशम बानिया र कृष्ण के.सी निर्वाचित भएका छन। यस्तै, लुम्बिनी प्रदेश-महिलातर्फको १ पदका लागि पवित्रा कुमारी अर्याल निर्वाचित भएकी छिन भने प्रदेश-खुल्ला २ केन्द्रीय सदस्य पदका लागि केशव आचार्य र राम बहादुर कार्कीले बाजी मारेका छन। कर्णाली प्रदेश-महिला पदका लागि १ केन्द्रीय सदस्यमा रामदेबी खड्का चयन भएकी छिन। खुल्ला दुई केन्द्रीय सदस्यमा भने दिक्पाल शाही र नारायण भट्टराई निर्वाचित भएको बताइन्छ।


सुदूरपश्चिम प्रदेश-महिला एक केन्द्रीय सदस्य पदका लागि निपा चोख्याल र खुल्ला दुई पदका लागि भने हिमबहादुर रावल र नरेन्द्र प्रसाद भट्ट चयन भएका छन। अपाङ्गता भएका खुल्ला एक केन्द्रिय सदस्यमा प्रकाश पन्थ अल्पसंख्यक खुल्ला पदका लागि शिवनारायाण सिंगनगाईले बाजी मारेका छन। दलित-महिला चार केन्द्रीय सदस्यहरुमा सिता मिजार, छायाँ सुनार, गंगा सुनार र लिला नेपाली निर्वाचित भएका छन्। त्यस्तै, दलित-खुल्ला पदका ५ केन्द्रीय सदस्यहरुमा मैकुलाल बाल्मिकी, शिव बहादुर सुनार, धर्म नेपाली दर्जी, सुर्य बि.क र दिनेश सुनार चयन भएका छन।

आदिवासी जनजाती महिला सात केन्द्रीय सदस्य पदमा क्रमश सपनाराज भण्डारी, प्रमिला राई, मन कुमारी गुरुङ्ग, कुशुमदेवी थापामगर, लिलादेवी बोखिम लिम्बु, डा. अमिता प्रधान र छिन्दुल्होमु शेर्पा निवार्चित हुन पुगेका छन।

आदिवासी जनजाति-खुल्ला आठ पदका लागि तारामान गुरुङ्ग, अस्टकुमार कबे, छन्दबहादुर पहराइ मगर, नगेन्द्र कुमाल, शम्भुलाल श्रेष्ठ, भिम श्रीष, नरेन्द्र केरुङ र दीपन श्रेष्ठले केन्द्रीय सदस्यमा निर्वाचित हुन सफल भएका छन्। खसआर्य-महिला ६ पदको केन्द्रीय सदस्य लागि उमा सिवाकोटी, बाला अधीकारी, मुना भुषाल, इन्दिरा कार्की, विनिता खड्का र सम्झना खत्री निर्वाचत हुन पुगेका छन्।

खसआर्य-खुल्ला सात केन्द्रीय सदस्य पदका लागि विजय स्वार, मथुरा घिमिरे, जगदिश चन्द्र उपाध्याय, विष्णु कुमार कार्की, विश्वनाथ रिजाल, केशव भेटुवाल र कमल भुषालले बाजी मारेका छन। मधेशी-महिला चार केन्द्रीय सदस्य पदका लागि अञ्जु झा, चन्द्रकला कुमारी यादव, गोमा अन्सारी र निलम साह निर्वाचित हुन सफल भएका छन। मधेशी-खुल्ला पाँच केन्द्रीय सदस्य पदका लागि क्रमश, राम पल्टन शाह, नागेन्द्र शाह, राधेश्याम पाठक, सनिल कुमार यादव र रामरुप प्रसाद निर्वाचित भएका छन।

एक मुस्लिम-महिला केन्द्रीय सदस्य पदमा भने सनम वेगम र दुई मुस्लिम-खुल्ला पदमा अब्दुल रज्जाक गद्दी र अब्दुल सत्तार निर्वाचित भएका छन। थारु-महिला केन्द्रीय सदस्य दुई पदमा भने नवोदिता चौधरी र सुनिता राना निर्वाचित भएका छन्। थारु-खुल्ला २ केन्द्रीय सदस्यहरुमा भने सुरेन्द्र प्रसाद चौधरी र गोपाल दहित निर्वाचित भएको बताइन्छ। पिछडिएको क्षेत्र खुल्ला केन्द्रीय सदस्य १ पदमा भने दीपकजंग शाह निर्वाचित भएका छन्।



# सहकारी सञ्चालकहरूले आफैँ धनी हुने नीति ल्याए राजनीतिक पहुँच र प्रभावले विकृति जन्मायो !



**शशि कुमार लम्साल,**
**उपरजिष्ट्रार, राष्ट्रिय सहकारी विभाग**

*(मुलुकमा सहकारी संस्थाहरूको कुल दर्ता संख्या ३३ हजारभन्दा अझ बढी नै रहेको छ । खासगरी मुलुकमा ०४६ सालमा प्रजातन्त्र स्थापना भएपछि सहकारी संस्थाहरूको दर्ता गर्ने क्रम निकै बढेको बताइन्छ । सहकारीमा अहिले रकम हिनामिना र अपचलनका घटना निरन्तर रूपमा बढ्दै गइरहेका छन् । अर्कोतर्फ अब सहकारी संस्थाको नियमन, प्रवर्द्धन कसरी गर्ने भन्ने बारेमा केही अन्योलतासमेत देखिएको छ । हाल देखिएका समस्याको निराकरण गर्न अबका दिनमा विभाग के कसरी अगाडि बढ्ला भन्ने कौतुहलतासमेत उत्पन्न भइरहेका छन् ।*

*सरकारले पनि सहकारी संस्थाहरूलाई तीनखम्बे अर्थतन्त्रको रूपमा समेत परिभाषित गर्दै यसअघि दर्तामा सहजतासमेत प्रदान गरेको थियो । साथै, विभागले स्वयंले दर्ता गरेका सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन र प्रशिक्षणलगायतका कार्यहरू गर्दै आएको थियो । तर, मुलुक संघीयतामा गएसँगै विभागको अलावा स्थानीय र प्रदेश सरकारहरूले पनि यी कार्यहरू गर्दै आएका छन् । तर, पनि कतिपय सहकारी संस्थाहरूले बचतकर्ता सदस्यहरूको समयमा बचत फिर्ता नगरेर ठगीलगायतका कार्यहरू गरेको गुनासो चौतर्फी रूपमा बढ्दै गएका छन् । विभागमा आवश्यक जनशक्ति र स्रोत-साधनको कमीका कारण पनि अनुगमन र नियमनमा केही समस्या रहेको बताइन्छ । जसका बाबजुद पनि विभागले डिजिटल एकीकृत प्रणाली लागू गर्दै नियमनलाई प्रभावकारी बनाउने प्रयास गरिरहेको छ । हाल सहकारी संस्थाहरूमा बढ्दै गएको विकृति, समयमा बचतकर्ता सदस्यहरूको रकम फिर्ता हुन नसक्नुको कारण, सञ्चालकहरूको भूमिकालगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरि चौलागाईंले विभागका सूचना अधिकारीको समेत जिम्मेवारीमा रहेका लम्सालसँग गरेको कुराकानीको सम्पादित अंश: सम्पादक)*

**० हाल, राष्ट्रिय सहकारी विभागले सहकारीको क्षेत्रमा के कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

यो विभागले अहिले मूल रूपमा तीनवटा काम गरिरहेको छ । पहिलो हो सहकारी नियमन, दोस्रो सहकारी प्रवर्द्धन र तेस्रो प्रशिक्षण । यही कार्य गर्नका लागि नीति र वार्षिक बजेटले निर्देश गरेको छ । खासगरी सहकारी संस्थाको सघन अनुगमन गर्नुपर्ने जिम्मेवारी विभागको रहेको छ । अझ खासगरी २०७७ सालमा जारी भएको निर्देशिका अनुसार १७ वटा बुँदामा केन्द्रित रहेर विभागले अनुगमन गर्छ। सोही आधारमा प्रतिवेदन तयार हुन्छ । प्रतिवेदनको आधारमा सुधार गर्नुपर्ने विषय देखिएमा त्यस्ता सहकारी संस्थाहरूलाई विभागमा बोलाएर आवश्यक निर्देशन दिने काम गर्दै आएको छ । देशभरिका सहकारीको विवरण राख्ने एउटा प्रणाली छ, त्यसलाई कसरी अपग्रेड गर्ने भन्ने काम नै यतिखेर विभागको प्राथमिकतामा परेको छ ।

**० यतिखेर सहकारी संस्थाहरूप्रतिको मोह आम नागरिकमा निरन्तर घट्दै गएको छ, जसले गर्दा तपाईंहरूको प्रवर्द्धन कार्यक्रमले यसमा के कस्तो प्रभाव पार्न सक्ला त ?**

कतिपय सहकारी संस्थाहरूमा समस्या छन् । तर, धेरैजसो सहकारी संस्थामा समस्या छैन भन्ने हामीले बुझ्नुपर्छ । मेरो भनाइ के हो भने कतिपय सहकारी संस्थाका सञ्चालकहरूले मौलिक मूल्य-मान्यता अनुसार र समुदायमा आधारित भएर सञ्चालन गरेका छन्, तिनमा समस्या छैन । जसले कानून र सिद्धान्तको उल्लङ्घन गरे, ती सहकारीमा समस्या छन् । त्यसमा पनि जसले घर-जग्गाको कारोबार र लगानीलाई प्राथमिकता दिएर सञ्चालन गरेका छन्, ती सहकारीमा बढी समस्या छ । हामीले अहिले दुई तरिकाले सहकारीलाई व्यवस्थापन गर्न खोजिरहेका छौँ । पहिलो नियमन र अर्को स्वनियमन । नियमन निकायले देखिएका त्रुटि सुधारका लागि सल्लाह, सुझाव र सुधारको कार्ययोजना माग गर्छ । स्वनियमनले सञ्चालक समितिले गरेका काम-कारबाहीमा लेखा सुपरीवेक्षणले आन्तरिक लेखा प्रणालीमार्फत सुधार गर्नुपर्ने विषय औँल्याउँदै सुधार गर्नका लागि सुझाव दिन्छ । यसको अर्को पाटो भनेको सदस्यहरूले नियमन गर्ने हुन्छ । सहकारी संस्था नियमन र स्वनियमनको नीतिमा नै सञ्चालन हुन्छ, जहाँ सदस्यले लेखा प्रणाली निर्णयका बारेसमेत प्रश्न गर्ने हैसियत राख्दछन् ।

**० समस्याग्रस्त भनिएका सहकारीको अहिलेको अवस्था कस्तो छ ?**

सहकारी विभाग, प्रदेश र स्थानीय तह, सहकारी नियमन प्राधिकरणलगायत सरकारी निकायहरूले सहकारी क्षेत्रको समग्र अवस्था हेर्ने अधिकार पाएका छन् । जहाँ समस्या देखिएका छन्, ती संस्थाहरूले सुधार गर्नुपर्ने पक्षबारे 'यी-यी विषयमा सुधार गर' भन्ने निर्देशन दिने काम अहिले पनि भइरहेको छ । जहाँसम्म समस्याग्रस्त सहकारीको विषय छ, यसलाई हामीले दुई तरिकाले हेर्नुपर्छ । पहिलो राम्रा सहकारी संस्था र दोस्रो समस्यामा पर्दै गएकाहरूको अध्ययन गर्न जरुरी छ । तर, कतिपय बाहिर नआइसकेका र अझै समस्याको पहिचान गरी समस्याग्रस्त घोषणा भइनसकेकाहरूको पनि पहिचान गर्न जरुरी छ । अहिलेसम्म २३ वटा सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा भइसकेका छन् । यी संस्थालाई हेर्ने छुट्टै निकाय रहेको छ । सोही निकायले उनीहरूको सम्पत्ति र दायित्वको एकिन गरेर सोको अनुपातमा सदस्यको बचत फिर्ता गराउने कार्य गरिरहेको छ । विभागले भने समस्याग्रस्त नहुँदैको अवस्थामा अनुगमन गर्दै नियन्त्रण गर्ने कोसिस गर्दै आएका छौँ ।

**० नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई नियमनका लागि बारम्बार नीति र ऐनमा परिवर्तन गरिरहँदा विभागले कत्तिको असहजता भोग्नुपरेको अनुभव तपाईंलाई भएको छ ?**

यो विषयमा तपाईं-हामी सबैले के बुझ्नुपर्छ भने ०४८ सालको सहकारी ऐनले सहकारीलाई नियमनभन्दा बढी प्रवर्द्धनमा जोड दिएको थियो । जसका कारण सहकारीको दर्ता संख्या ह्वात्तै बढ्यो । तर, चाहेजति नियम हुन सकेन । यो विषयलाई मनन गर्दै ०७४ मा नयाँ ऐन जारी भयो, जसले यो क्षेत्रमा बढ्दै गइरहेको समस्यालाई खासै सम्बोधन गर्न सकेन । यही कारण सरकारले नियमन प्राधिकरण गठन गरेको छ । जति सहकारीको संख्या थपिँदै गयो, उत्तिनै समस्या पनि थपिँदै गएका छन् । जसको निराकरणको एउटै उपाय भनेको सदस्य, सञ्चालक, अभियानकर्ता र नियामक निकाय मिलेर मात्र यो समस्याको समाधान गर्न सकिन्छ भन्ने मेरो मान्यता रहेको छ । मैले माथि उल्लेख गरेका सहकारी संस्थाहरूमा कुनै एक मात्र कमजोरी भयो भने स्वत: बिग्रन्छ नै । त्यसैले पनि जिम्मेवार बचतकर्ता सदस्य, ऋणी र सञ्चालकहरूको प्रविधिमैत्री अनुगमन हुनु आवश्यक रहेको म ठान्दछु । यही कारण आवश्यकताको आधारमा ऐनमा परिवर्तन गरिएको हो ।

**० नेपाल राष्ट्र बैंकले बेला-बखत जारी गरेको नयाँ मापदण्डले विभागको काममा समस्या थपेको छ भनिन्छ, वास्तविकता के हो ?**

मैले माथि पनि बताइसकेँ, यसअघि कानूनले नै प्रवर्द्धनलाई प्राथमिकतामा राखेको थियो । तर, अहिले भने नियमनलाई प्राथमिकतामा राखेर मापदण्ड आएको छ । मुख्य विषय अरू वित्तीय संस्थामा हाल प्रचलनमा आएका नियमलाई नै सहकारीमा पनि लागू गर्ने भन्ने राष्ट्र बैंकको उद्देश्य रहेको देखिन्छ। हामी यसलाई यसरी नै बुझौँ । अहिले सहकारी संस्थालाई अलि बढी नियमन गर्नुपर्छ भन्ने सबैलाई महसुस पनि भएको छ । असरको कुरा गर्ने हो भने राम्रा संस्थाका लागि एकदम सुरक्षित र राम्रो भएको छ भने जो ढ्याक बाहिर छन्, उनीहरूलाई सही बाटोमा आउन केही समस्या भने देखिएकै छ ।

**० कतिपय सहकारी संस्थाहरूले सदस्यहरूको बचत फिर्ता नगरेको धेरै गुनासाहरू बाहिर आएका छन्, विभागमा यस्ता गुनासोका उजुरीको संख्या के कति रहेको छ त ?**

यतिखेर स्थानीय तह, प्रदेश सरकार, नियमन प्राधिकरण, सहकारी विभाग र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समेत नियमन गर्न सक्ने कानूनी प्रावधान रहेको छ । यसको अर्थ नियामक निकायको संख्या धेरै छ । उजुरीको सम्बन्धमा जानकारी गराउनुपर्दा विभाग, प्राधिकरण, प्रदेशमा आउँछन् नै । यसरी आएका उजुरीको समाधान पनि हुँदै गएका छन् । समस्या आएर सञ्चालक भाग्ने अवस्थामा पुगेका केही सहकारीका दायित्व धेरै छन् । त्यसैले समस्याग्रस्त सहकारी निकायले त्यहाँको अवस्थाबारे सदस्यहरूलाई जानकारी गराउँदै पीडितहरूको मागको सम्बोधन गरिरहेको अवस्था छ। बाँकीमा हामीले नियामक निकायको आधारमा समस्याको समाधान पनि गर्दै गएका छौँ। विभागको अधिकार क्षेत्र भए हामी आफैँले गर्छौं । विभागको अधिकार क्षेत्र बाहिर भए सम्बन्धित निकायमा लेखी पठाउने गरेका छौँ । यसरी धेरै बचतकर्ताको समस्या समाधान भएको छ भने रकम अपचलन भएका केही सहकारी संस्थामा बचतकर्ताको समस्या समाधान गर्न समय लाग्ने भएको छ ।

**० मन्त्रालयले सहकारी नियमन प्राधिकरण गठन गरेपछि विभागको अधिकार खुम्चिएको बताइन्छ, वास्तविकता के हो ?**

विभागको अधिकार खुम्चिएको छैन । ०७४ मा नयाँ ऐन जारी भएपछि प्रदेश र स्थानीय तहमा यसको अधिकार बाँडफाँड भयो । सहकारी संस्थाको कारोबार नहेरी भूगोललाई हेर्दा ८० प्रतिशतको हाराहारी सहकारी संस्थाहरू स्थानीय तहको अधिकार क्षेत्रमा गएका छन् । १९.५ प्रतिशत प्रदेशमा र संघमा ०.५ प्रतिशत मात्र रहेका छन् । ०८१ मा प्राधिकरण गठन गरिएसँगै ५० करोडभन्दा माथिको कारोबार गर्ने संस्थाहरू विभागअन्तर्गत आएका छन् ।

भूगोलका आधारमा अन्यत्र गए पनि अनुगमन गर्ने अधिकार भने विभागको कार्यक्षेत्रमा पर्ने भएकाले अधिकार खुम्चिएको मान्न सकिन्न । प्राधिकरणले पनि अनुगमन गर्ने अधिकार पाएको हुँदा अलिकति दोहोरो मापदण्ड हो कि जस्तो आशंका लाग्न सक्छ । प्राधिकरण नयाँ गठन भएको निकाय हो । दर्ता, नवीकरणका काम विभागले गर्छ भने नीति, नियम र परिपालनाको काम मात्र प्राधिकरणले हेर्ने हो । यसकारण यी दुवै निकायलाई एक-अर्काका परिपूरकका रूपमा हेर्नुपर्छ जस्तो मलाई लाग्छ ।

**० विभागले अनुगमनमा जाँदा सहकारी संस्थाहरूबाट के-कस्ता समस्याको सामना गर्नुपर्ने अवस्था रहेको छ ?**

यसमा धेरै समस्याहरू छन् । एउटा जोखिम, जसलाई कोभिड वा घर-जग्गामा आएको मन्दीले असर गर्‍यो । अर्को भनेको संस्थाभित्र सुशासनको कमी भएर समस्या बढेका छन् । केहीमा बाह्य कारणको प्रभाव देखिए पनि धेरैमा सुशासनको कमीले नै समस्या निम्त्याएको देखिन्छ । सबै सहकारी संस्थाले आफूले खाइ-मासेको होइन, केहीमा सहकारी संस्थाका सञ्चालकमा अनुभव र क्षमताको कमी देखिएको पनि छ। सहकारी संस्थालाई वित्तीय संस्थाका रूपमा विकास गर्नुपर्नेमा उनीहरूले त्यो गर्न सकेको देखिँदैन । सञ्चालकहरू भावनात्मक र राजनीतिक हिसाबले जाँदा अझ बढी समस्या आएको पनि छ। यसको अर्थ के हो भने त्यो विषयको गाम्भीर्य नबुझेरै त्यस्तो भएको हो भन्ने हामीलाई लागेको छ। जसले गल्तीलाई अझ बढावा दिएको हो कि भन्ने लाग्छ।

**० त्यसो भए बचत तथा ऋण र बहुउद्देश्य सहकारी संस्थाहरूमा कुन सबल देखिएको तपाईंहरूले पाउनुभएको छ ?**

उद्देश्य र नाम जे राखे पनि मुख्य रूपमा सबैले बचत तथा ऋण सहकारीकै कारोबार गरेको देखिन्छ । उत्पादनसँग जोडिएका संस्था उत्पादनमा जानुपर्ने हो । तर, बचतकर्ता सदस्यहरूसँग पैसाको किनबेच मात्र गरिरहेका छन् । खासमा बहुउद्देश्यको उद्देश्य यो होइन । बहुउद्देश्यले के गर्नुपर्ने थियो भने स-सानो पुँजी संकलन गरेर रोजगारी सिर्जनामा जोड दिनुपर्ने थियो । साथै, उद्यमशीलताको विकास गर्नुपर्ने थियो । तर, त्यसो हुन सकेको देखिँदैन ।

- **सहकारीबाट ऋण लाने सदस्य झन् गरिब भए ।**
- **सहकारीका मूल्य-मान्यताको स्वनियमन उल्लंघन गरियो ।**
- **धेरैजसो सहकारी संस्थामा समस्या छैन ।**
- **समस्याग्रस्त नहुँदै अनुगमन र नियन्त्रण गर्दै आएका छौँ ।**
- **प्रणाली अपग्रेड गर्ने काम विभागको प्राथमिकतामा छ ।**
- **१७ वटा बुँदामा केन्द्रित रहेर विभागले अनुगमन गर्छ ।**
- **सहकारी संस्था स्वनियमनको नीतिमै सञ्चालन हुन्छन् ।**
- **कतिपय सहकारीले बचत किनबेच मात्र गरिरहेका छन् ।**
- **पाँच वटा उद्देश्य भए पनि सहकारीको काम एउटै हो ।**
- **सहकारी संस्था सेयर सदस्यहरूको हो, सञ्चालकको होइन ।**
- **संस्थाको भन्दा सदस्यको घर बन्नुपर्ने थियो ।**
- **अहिले समस्या आउनुको कारण पनि यही हो ।**

केवल बचत तथा ऋण पनि सुख-दु:खको साथी हुनुपर्ने थियो । त्यो नभएर सीमित सदस्यका लागि मात्र सहकारी बनेको पनि देखियो । कतिपयले त सहकारीका सदस्यलाई शोषण गरेर सहकारी सञ्चालकहरूले आफैँ धनी हुने नीति ल्याएका पनि छन् । सहकारी भनेको सेयर सदस्यहरूको हो, सञ्चालकको होइन । अर्को कुरा भनेको संस्थाको भन्दा सदस्यको घर बन्नुपर्ने हो । तर, यहाँ त सहकारीमा ऋण लाने सदस्य झन् गरिब भए । सहकारीको विकृति र समस्या आउनुको कारण पनि यही हो ।

**० जुन उद्देश्य राखेर दर्ता भएका छन्, उनीहरूले उत्पादन र रोजगारीमा जोड नदिएको विषयमा विभाग अनभिज्ञ भएर हेरिरहेको छ त ?**

खासगरी सहकारीका मूल्य-मान्यताअनुसारको स्वनियमन उल्लङ्घन गरियो । अनि सहज रूपमा दर्ता भएको परिणाम पनि हो जस्तो लाग्छ । अझ भन्नुपर्दा नियमनभन्दा प्रवर्द्धनमा जोड दिनु सरकारको पनि कमजोरी रह्यो । त्यसपछि सञ्चालकहरूले आफ्नो जिम्मेवारी पूरा गरेनन् । ती संस्थाहरूलाई सशरीरभन्दा पनि विभागले प्रविधिमैत्री तरिकाले अनुगमन गर्न सकेको देखिँदैन । साथै, तथ्याङ्कको आधार बनाएर कुन सहकारी संस्थाले के काम गरिरहेको छ भनेर हेर्न पनि सकिएन । विभागको जनशक्ति पनि असाध्यै न्यून रहेको छ । यो न्यून जनशक्तिले देशभरिका सहकारीको नियमन गर्न नसकेको यथार्थ विषय हो ।

नेपाल राष्ट्र बैंकले बैंक तथा विकास बैंकहरूको संख्या धेरै भयो भनेर मर्जरमा लैजाने नीति अख्तियार गर्‍यो, जुन क्षमताका कारण सम्भव भयो पनि । हामीसँग प्रविधि र क्षमता नभएका कारण सहकारी संस्था कति र कहाँ आवश्यक हो भनेर पहिचान गर्न सकिएन । नभएका स्थानमा दर्ता रोक्ने र भएकाको नियमन विभागले गर्नुपर्ने थियो । त्यसमा सुधार गर्न सकिएन । यसलाई अनभिज्ञ नै चाहिँ नभनौँ ।

**० सहकारी क्षेत्रमा लागेका कतिपय पेशागतभन्दा राजनीतिक रूपमा गाइडेड भएर चलेको आरोप लाग्ने गरेको छ नि ?**

यो कुरा सही हो । हाम्रो समाज नै आफ्नो जिम्मेवारीप्रति उत्तरदायी र पेशागत रूपमा केन्द्रित हुनुपर्ने थियो । तर त्यसो भएको पाइएन । सहकारी संस्था सञ्चालकहरूले आफ्नो काममा ध्यान कम दिने अनि राजनीतिमा बढी चासो राख्ने गरे । सहकारी संस्था दर्तामा पनि राजनीतिक कुप्रभाव छँदैछ । सुरुदेखि नै नियमन गर्नुपर्नेमा त्यो हुन सकेन । यसले सहकारीको बेथितिलाई बढावा दियो । दर्ता गर्दा केही सीमित सदस्य भए पनि पछि उनीहरूले लाखौँ सदस्य बनाउन सके । तर, नियामक निकायको भूमिका दर्ताभन्दा बढी हुन सकेन र सहकारीमा सुशासनको पाटोलाई खास ध्यान दिन सकिएन । सदस्यले पनि सहकारी संस्था हाम्रो हो भनेर आत्मसात् गर्न सकेको देखिएन । सदस्यलाई पनि संस्थाभन्दा बढी ब्याजको माया भयो । संस्था कसले चलाएको छ, कसरी चलेको छ भनेर उनीहरूले हेरेनन् । जम्मा हुने रकमको स्रोत खोजिएन, अनि भए, गरिएका अनैतिक गतिविधिबारे चासो राखिएन । सरकारको पनि समय-समयमा नीतिमा परिवर्तन भइरह्यो । सेवाकेन्द्र, पहुँच विस्तार वा प्रवर्द्धन के हो भन्ने एकिन हुन सकेन । यसले पनि समस्या ल्याएको हो, सहकारीमा राजनीतिक पहुँच र प्रभावले विकृति ल्यायो ।

**० यदि त्यसो हो भने विभागले किन सहकारी संस्थाहरूलाई मर्जरमा लैजाने नीति अख्तियार गर्न नसकेको हो त ?**

अहिले हामी संक्रमणकालमा छौँ । अहिले दर्ता र सेवाकेन्द्र विस्तारलाई बन्द गरेका छौँ । सहकारी सञ्चालक, नियामक निकाय र सदस्यको एउटै बुझाइ बनाएर अब यसको नियामक निकाय एउटै हो भन्ने नबनाई मर्जरमा जान सकिँदैन । त्यसका लागि अर्थतन्त्रको पक्षबारे सबैलाई बुझाउन जरुरी छ । अनि मात्र सरकारले लिएको तीनखम्बे अर्थनीतिको खाका स्पष्ट भएपछि यो कदम अगाडि बढ्न सक्छ ।

**० सहकारी संस्थाहरूमा देखिएको वर्तमान अवस्थाको बेथिति रोक्ने उपाय विभागसँग के छ त ?**

नियामक निकायले आफ्नो मातहतका सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन र प्रशिक्षणलाई सबल बनाएर लैजानुपर्छ । सहकारीका निर्देशन र मूल्य-मान्यता नबुझेका व्यक्तिलाई बुझाउनुपर्छ । कमजोर क्षमता भएकालाई वृद्धि गर्नुपर्छ । क्षमता र पुँजी भएका संस्थाहरूलाई अहिले जारी भएका मूल्य-मान्यताका आधारमा सबल बनाउनु पर्छ । जसले सहकारीको बारेमा बुझेको छ तर परिपालना गरेको छैन, ती सबैका लागि कडा नियमन आवश्यक छ ।

यो एक उपयुक्त विकल्प हो । अहिले सहकारीमा सम्पत्ति शुद्धीकरणको विषय उठेको छ । यस विषयमा विभागले १० वटा बुँदामा काम गरिरहेको छ । हामी त्यसको समयतालिकामा रहेर काम गरिरहेका छौँ । सहकारीका सबै गतिविधिलाई हामीले हाम्रो प्रणालीमा अभिलेख गरिरहेका छौँ । यो प्रणालीले कुन सहकारी कस्तो हो भन्ने जानकारी दिन्छ ।

**० तपाईंको यो भनाईको मतलव के हो त ?**

मेरो भनाई दोहोरो सदस्यताको अन्त्य गर्छ र बाहिर बसेर पनि उनीहरुको गतिविधिको अनुगमन गर्न सकिन्छ । अर्को महत्वपूर्ण विषय भनेको उनीहरुले पेश गरेको प्रतिवेदनको आधारमा टेवलमा नै बसेर पनि त्यसको अवस्था बारे जान्न सकिन्छ । १०, १५, २५ र ५० करोड पुँजी भएका संस्थामा यो तह र यो योग्यताको कर्मचारी चाहिन्छ भन्ने बारेमापनि विभागले अध्ययन गरिरहेको छ । सबैलाई एउटै नियमभन्दा पनि संस्थाको क्षमता हेरेर फरक फरक ढंगले नियमन गर्दै यसलाई विस्तारै स्थानीयकरण गर्नुपर्छ । थोरै थोरै जम्मा गर्ने सदस्यको रकम मासिने अवस्था आउन दिनु हुँदैन । जसले गर्दा वित्तीय सुरक्षा हुने संस्थामा नै कारोवार गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ । त्यसोहुँदा दीर्घकालीन सोच राखेर संचालन गर्ने संस्थाले नीति नियमभित्र र नसक्नेले क्रमश: बन्द गर्दै जाने अवस्था बन्नसक्छ ।

# बुटवल ३० वर्षपछि : व्यापार, संस्कृति र स्मार्ट शहरको संगम

# पूर्वाधार र संस्कृति मिलेर उदाउँदै गरेको महानगरको कथा



शंकरमान सिंह

**बुटवल आज नेपालका प्रमुख व्यापारिक केन्द्रहरूमध्ये एक हो। पूर्व-पश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गको संगमस्थलमा अवस्थित यो सहरले लुम्बिनी, पोखरा र काठमाडौंलाई जोड्ने प्रवेशद्वारको भूमिका निर्वाह गर्दै आएको छ। तर, ३० वर्षपछि, सन् २०५६ मा, बुटवलको स्वरूप कस्तो होला ? यो प्रश्नले केवल कल्पनालाई मात्र होइन, तथ्याक्त, विकास योजना र सामाजिक-आर्थिक प्रवृत्तिलाई समेत समेट्छ।**

**जनसंख्या र सामाजिक संरचना**

२०२१ को जनगणना अनुसार बुटवल उपमहानगरपालिकाको जनसंख्या १,९४,३३५ थियो। राष्ट्रिय प्रक्षेपणअनुसार २०५१ सम्म नेपालमा शहरी जनसंख्या तीव्र गतिमा बढ्नेछ। यसै आधारमा बुटवलको जनसंख्या आगामी ३० वर्षमा ३ लाखभन्दा माथि पुग्ने सम्भावना छ। हाल ७१.८ प्रतिशत जनसंख्या कार्यशील उमेर समूह (१५-६४ वर्ष) मा रहेकाले भविष्यमा श्रमशक्ति र आर्थिक गतिविधि थप सशक्त हुने देखिन्छ।

बुटवल लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा अवस्थित उपमहानगरपालिका हो। यो सहर तिनाउ (तिलोत्तमा) नदीको किनारमा रहेको छ। तत्कालीन बुटवल-खस्यौली इलाकालाई समेटेर वि.सं. २०१६ कार्तिक १२ गते नेपाल राज्य नगरपालिका ऐन, २००९ अनुसार यसलाई नगरपालिका घोषणा गरिएको थियो।

वि.सं. २०१७ पुस २२ गते राजा महेन्द्रद्वारा पंचायती व्यवस्था लागू भएपछि बुटवल-खस्यौली नगरपालिकाको नाम परिवर्तन भई 'बुटवल खस्यौली नगरपञ्चायत' भएको थियो। पछि वि.सं. २०३५ माघ ८ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार 'खस्यौली' हटाई 'बुटवल नगरपञ्चायत' कायम गरिएको देखिन्छ। खस्यौली नै आजको बुटवल उपमहानगरपालिकाको पुरानो नाम हो।


**खस्यौली/बुटवलको ऐतिहासिक पृष्ठभूमि**

बुटवललाई पहिले बटौली वा खस्यौली भनेर चिनिन्थ्यो। सयौँ वर्षअघि यो क्षेत्र व्यापारिक नाका तथा गणराज्यको केन्द्रका रूपमा प्रयोग हुन्थ्यो। जितगढी किल्लामा नेपालले अंग्रेज सेनालाई पराजित गरेको ऐतिहासिक घटना यहींसँग जोडिएको छ। पाल्पा राज्यका राजा मणिमुकुन्द सेनले काश्मीरबाट व्यापारीहरू ल्याई यस क्षेत्रलाई व्यापारिक केन्द्रका रूपमा विकास गरेका थिए। नून, घिउ, कपडा, सुन तथा जडीबुटीको व्यापार यहींबाट भारत र तिब्बतसम्म हुने गर्दथ्यो।

महेन्द्र राजमार्ग र सिद्धार्थ राजमार्गको संगमस्थलमा रहेको बुटवल पश्चिम नेपालको प्रमुख वाणिज्य केन्द्रका रूपमा विकास भइरहेको छ। बुटवल-तिलोत्तमा-भैरहवा-देवदह शहरी करिडोरको महत्त्वपूर्ण हिस्सा पनि यही शहर हो।

**विकास योजना र बजेट**

बुटवलले १५ वर्षे दृष्टिकोण योजना सुरु गरिसकेको छ, जसले नगर समृद्धिको आधार तय गर्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०२५/२६ का लागि ३.३६ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन र कृषि मुख्य प्राथमिकता क्षेत्र हुन्। 'Learn and Earn' कार्यक्रममार्फत विद्यार्थीलाई यातायात व्यवस्थापनजस्ता क्षेत्रमा संलग्न गराउने योजना अघि सारिएको छ।



**आधुनिक बुटवल**

वि.सं. २०७१ मङ्सिर १६ गतेको निर्णय तथा २०७१ पुस २८ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार बुटवललाई उपमहानगरपालिका घोषणा गरिएको हो। तत्कालीन सेमलार र मोतिपुर गाउँ विकास समितिलाई समेटेर हाल बुटवल उपमहानगरपालिका १०१.६१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। २०७८ को जनगणना अनुसार यहाँ १,९४,३३५ जनसंख्या रहेको छ, जसमा ४८.८ प्रतिशत पुरुष र ५१.२ प्रतिशत महिला छन्। कुल ५०,५६५ परिवार रहेको यस उपमहानगरपालिकामा १९ वडा छन्।

**पूर्वाधार परियोजना**

नारायणगढ-बुटवल सडक : ३३ किलोमिटर खण्ड कालोपत्रे भइसकेको भए पनि परियोजना ढिलो गतिमा अघि बढिरहेको छ। बुटवल-गोरुसिंघे राजमार्ग : ५० किलोमिटर खण्डलाई ४-६ लेनमा विस्तार गर्ने काम सुरु भएको छ। बुटवल प्रसारण लाइन (MCC Compact) : १८ किलोमिटर लाइन र नयाँ सबस्टेशन निर्माणाधीन छ।

**वातावरण र दिगोपन**

तिनाउ नदी किनार र वरपरका डाँडाहरूलाई इको-पार्कका रूपमा विकास गर्ने योजना छ। बाढी नियन्त्रण र जलवायु अनुकूलनका लागि आधुनिक तटबन्ध निर्माण गरिने बताइएको छ। सौर्य ऊर्जा र जलविद्युत प्रयोगमार्फत बुटवललाई आत्मनिर्भर ऊर्जा सहर बनाउने लक्ष्य लिइएको छ।

**संस्कृति र पर्यटन दृष्टि**

लुम्बिनीको विश्वव्यापी महत्व बढ्दै जाँदा बुटवल 'लुम्बिनी प्रवेशद्वार' का रूपमा स्थापित हुँदै जानेछ। विश्वविद्यालय, अनुसन्धान केन्द्र र प्राविधिक संस्थाहरूले बुटवललाई शैक्षिक केन्द्रका रूपमा विकास गर्ने अपेक्षा गरिएको छ। ढाका बुनाइ, तराई संस्कृतिका उत्सव र स्थानीय खाद्य परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने प्रयास हुनेछ।

**चुनौतीहरू**

तीव्र शहरीकरणका कारण आवास, खानेपानी र सरसफाइमा दबाब बढ्न सक्छ। सडक र ऊर्जा परियोजना समयमै सम्पन्न नभए विकास अवरुद्ध हुन सक्छ। तिनाउ नदीको बाढी र बढ्दो गर्मी लहर पनि प्रमुख चुनौती हुन्।

**निष्कर्ष**

बुटवलको भविष्य स्मार्ट महानगर, व्यापारिक केन्द्र र धार्मिक-सांस्कृतिक प्रवेशद्वारका रूपमा देखिन्छ। तथ्याङ्क, बजेट प्राथमिकता, पूर्वाधार विस्तार र सांस्कृतिक संरक्षणले यसको सम्भावना स्पष्ट गर्छन्। तर विकाससँगै आउने चुनौतीहरूलाई समयमै सम्बोधन गर्न सके मात्र बुटवलले दिगो भविष्य सुनिश्चित गर्न सक्नेछ।

**बुटवलमा घुम्नलायक स्थानहरू**

*मणिमुकुन्द सेन पार्क (फूलबारी)*
*सिद्धबाबा धाम*
*देवदह*
*बुटवल हिल पार्क*
*बनबाटिका पार्क*

इतिहास, संस्कृति र प्रकृतिको सुन्दर संयोजनले बुटवललाई यात्रुहरूका लागि आकर्षक गन्तव्य बनाएको छ।

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### पृथ्वीनारायण शाहको ज्यान जोगाउने काजी श्रीहर्ष पन्त को हुन् जानौ

बडामहाराज श्री ५ पृथ्वीनारायण शाह तीन पटक ज्यान मार्ने प्रयासबाट बच्नुभएको इतिहासमा उल्लेख छ। ती घटनामध्ये अन्तिम र निर्णायक क्षणमा उहाँको ज्यान बचाउने व्यक्ति थिए-काजी श्रीहर्ष पन्त।



**१. बडामहाराजमाथि भएका तीन आक्रमण प्रयास**

बडामहाराज पृथ्वीनारायण शाहमाथि निम्न तीन स्थानमा ज्यान लिने प्रयास भएको इतिहास पाइन्छ :

पहिलो: बेलकोटको लडाइँमा
दोस्रो: कीर्तिपुरको पहिलो लडाइँमा
तेस्रो: भक्तपुरको थिमीस्थित 'ह्वा-ह्वा पाटी' नजिक

तेस्रो पटकको आक्रमणबाट भने बडामहाराजलाई काजी श्रीहर्ष पन्तले ज्यान जोगाएर बचाउनु भएको थियो।

**२. काजी श्रीहर्ष पन्तको भूमिका**

गोर्खाबाट बडामहाराजको उदयसँगै उदाएका काजी श्रीहर्ष पन्त एक बहादुर सेनापति काजी हुनुहुन्थ्यो। उनले नेपाल एकीकरणका धेरै युद्धहरूमा सक्रिय भूमिका निर्वाह गरेका थिए। यद्यपि उहाँको कार्यकालको स्पष्ट अवधि भने इतिहासमा उल्लेखित छैन।

**३. षड्यन्त्र र थिमीको घटनाक्रम**

कान्तिपुर, पाटन र भक्तपुर विजयपछि बडामहाराजका विरोधीहरू-पूर्वी सेन राजा कर्ण सेन, भक्तपुरका राजा रणजित मल्लका छोरा अवधूत सिंह, पाटनका पूर्व भारदार देवीदासलगायत केही व्यक्तिहरू तथा नगरकोट-कांगडाबाट ल्याइएका मल्ल सेनाका नाइकेहरू बडामहाराजको हत्या षड्यन्त्रमा संलग्न भए।उक्त षड्यन्त्रमा नगरकोटी सेनाका नाइके भवानी सिंह प्रमुख थिए। बडामहाराज भक्तपुरबाट कान्तिपुर फर्किंदै गर्दा थिमीको ह्वा-ह्वा पाटी नजिक खेतमा लुकेर बसेका भवानी सिंह र उनका सैनिकहरूले अचानक आक्रमण गरे।



आक्रमणको संकेत पाएलगत्तै बडामहाराजले काजी श्रीहर्ष पन्तलाई प्रतिकार गर्न आदेश दिनुभयो। सोही क्रममा श्रीहर्ष पन्तले भवानी सिंहलाई त्यहीँ परास्त (हत्या) गरे र बडामहाराजको ज्यान जोगियो।

**४. अन्य ऐतिहासिक सन्दर्भ**

स्वरूप सिंह कार्की, जो पहिले चौदण्डीका सेन राजा कर्ण सेनका भारदार थिए, पछि बडामहाराजसँग मिलेर कर्ण सेनलाई पराजित गरेका थिए। तर, पछि उनी पनि षड्यन्त्रमा संलग्न भएको प्रमाणित भएपछि कास्कीमा मृत्युदण्ड दिइएको थियो।

**५. श्रीहर्ष पन्तको पद र योगदान**

काजी श्रीहर्ष पन्त, काजी केहरसिंह बस्न्यातपछि ए.डी.सी. (हजुरिया काजी) नियुक्त भएका थिए। सो समय केहरसिंह बस्न्यात पश्चिम नेपालको एकीकरण अभियानमा खटिएका थिए।

**६. इतिहासमा ओझेलमा परेका काजी**

दुर्भाग्यवश, काजी श्रीहर्ष पन्तलाई इतिहासले पर्याप्त स्थान दिएको छैन। जंगी अड्डाबाट लेखाइएका सैनिक इतिहासमा समेत उहाँबारे विस्तृत विवरण भेटिंदैन। उहाामाथि थप खोज-अनुसन्धान आवश्यक देखिन्छ।

सैनिक इतिहास लेखनमा संलग्न प्राध्यापक दिनेशराज पन्त तथा गोर्खा निवासी रथी अमर पन्तलाई पनि यस विषयमा ध्यानाकर्षण गराइएको थियो। श्रीहर्ष पन्तका वंशजहरू अझै कतै हुन सक्ने सम्भावना छ।

(स्रोत: बाबुराम आचार्य, "बडामहाराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी"

*-प्रेम सिंह बस्न्यात*

*(तस्बिरबारे : यहाँ प्रयोग गरिएको तस्बिर काल्पनिक हो।)*

### राप्रपा: यता न उता, जाइफलको झुत्ता नेताहरूको अनेक चाल: कार्यकर्ताको भयो बेहाल



**अध्यक्ष राजेन्द्र लिंगदेन**-चुनावमा अकल्पनीय सिट जितेर राजसंस्था ल्याउने, आन्दोलन नगर्ने र चुनाब बहिस्कार गर्दै नगर्ने। मेरो गोरूको बाह्रै टक्का। नमरी स्वर्ग देखिन्न !

महामंत्री र सचिवालय प्रमुख राजेन्द्र गुरूङ-पहिले राजसंस्था ल्याउने सर्वपक्षीय निर्णय नगरी चुनावमा जाँदै नजाने, चुनाब बहिस्कार गर्ने, अघि ....जानिन, बाघ लाग्यो घिस्याउन पछि ..मानिन।

वरिष्ठ उपाध्यक्ष रबीन्द्र मिश्र: चुनावमा पनि जाने नवीन समझदारी पनि गर्ने। आए आँप, गए झटारो।

प्रवक्ता ज्ञानेन्द्र शाही: समानुपातिक सूची सच्याउनु पर्ने, अनि मैमत्ताहरूलाई प्रत्यक्ष चुनावमा उठाउनु पर्ने ! बिग्रेको घरको भत्केको चाला, जो जसले सक्छ उस-उसले खाला।

महामंत्री धवलशम्शेर राणा : आन्दोलनमा जाने भए जाम् नत्र चुनावमा नउठ्ने। आन्दोलनबाटै राजसंस्था ल्याउने। नजाने ठाउँको बाटो नै नसोध्नु।

स्वघोषित पञ्चनेता वा श्री पाँचका स्वघोषित यी ५ नेतागणबारे कार्यकर्ताहरूको भनाई:
"गाँडमे लत्ता नही, चल वे कोलकत्ता ?''



एक पार्टी, अनेक रूप
देशभन्दा पार्टी माथि, पार्टीभन्दा स्वार्थ माथि
म ताक्छु मूढो, बञ्चरो ताक्छ घुँढो
आखिरमा के हुन्छ ?
शून्यमा शून्य सरी बिलाउँछ
हात्ती आयो, हात्ती आयो फुस्सा हुन्छ
जसले सक्ला उसले खाला
नमच्चिने पिङको सय झड्का, चोरका लामा फड्का (भनेझैं हुने हो कि ?)

*-सुरेश आचार्य*


### अक्सिजन बिना समाधि, चेतनाको उचाइ : महायोगी पाइलट बाबाको रहस्य



महायोगी पाइलट बाबा (कपिल सिंह-सोमनाथ गिरी)को जीवन कुनै फिल्मको कथाभन्दा कम रोचक छैन। एउटा अत्याधुनिक लडाकु विमान चालक उहाँ एउटा चामत्कारिक घटना पछि हिमालयको गुफामा पुगेर विश्वविख्यात योगी बन्न पुग्नु भएको थियो। पाइलट बाबाको जीवनमा यस्तो आध्यात्मिक मोड सन् १९६२ को भारत-चीन युद्धको समयमा आएको थियो। भनिन्छ, आकाशमा लडाकु विमान उडाउँदै गर्दा प्राविधिक गडबडीका कारण उहाँको विमान दुर्घटनाको मुखमा थियो। नियन्त्रण गुमेको त्यस घडीमा उहाँले जहाजको ककपिटमा आफ्ना गुरु 'हरिबाबा'लाई प्रकट भएको देख्नुभयो। गुरुले उहाँलाई सुरक्षित अवतरण गर्न मार्गदर्शन गर्नुभयो। विज्ञान र प्रविधिले केहीगर्दा पनि नसकेर हार खाएको ठाउँमा 'पराशक्ति'को प्रत्यक्ष अनुभव र प्रभावले सकुशल उद्धार भएपछि उहाँको भौतिकवादी सोच बदलियो र ३३ वर्षको उमेरमा भारतीय वायुसेनाको प्रतिष्ठित जागिर छोडेर उहाँ सन्यास मार्गमा लाग्नुभयो। पाइलट बाबा विशेषगरी 'महामृत्युञ्जय समाधि'का लागि विश्वभर प्रसिद्ध हुनुहुन्छ। उहाँले सयौं पटक जमिनमुनि, पानीभित्र र सिसाको बन्द घेराभित्र कैयौं दिनसम्म बिना अक्सिजन सफल भू-समाधि र जल-समाधि लिएर संसारलाई देखाउनु भएको छ। विश्वका १०० भन्दा बढी देशहरूको भ्रमण गरी "सङ्कल्प शान्ति'' अभियानमार्फत मानिसहरूलाई विश्व शान्ति यात्रा सम्पन्न गरेर आन्तरिक शान्तिको मार्ग देखाउने उहाँले हिमालयका कठिन गुफाहरूमा वर्षौं साधना गरेर कुण्डलिनी जागरण र चेतनाको उच्च साधना र सिद्धि प्राप्त गर्नुभएको थियो। पाइलट बाबाले-"आफैंलाई जान्नु नै सबैभन्दा ठूलो विजय हो'' भन्ने कुरामा जोड दिनुहुन्थ्यो। उहाँको जीवनले बाहिरी संसारमा जतिसुकै सफल भए पनि वास्तविक शान्ति केवल आफै भित्रको यात्राबाट मात्र सम्भव छ भन्ने कठोर सत्य सिकाउँछ। गतवर्ष २०२४ अगस्तमा महाप्रस्थान गरेका उहाँ केवल एक महानयोगी मात्र नभएर विज्ञान र अध्यात्म बिचको एउटा बलियो पुल हुनुहुन्थ्यो। **यस्ता महान योगीराजमा शतत: नमन:** !

*-बाबुलाल भण्डारी*

### हामीमा चेत कहिले आउने ?



५०औं लाख नेपाली कामको खोजीमा विदेश पलायन भै सके। हाम्रा कृषि योग्य जमिन बाँझो छन्। हाम्रा होटलका कोठाहरु पर्यटकको अभावमा खाली छन्। हाम्रो उत्पादनहरु अन्य देशको उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्दैनन। भएका उद्योगहरु पनि उत्पादनको मागको अभावमा बन्द हुँदैछन्। बैंकको Non performing Loan दिन प्रति दिन बढदै छ। नयाँ लगानी नभएर बैंकमा पैसा थुप्रिएको छ। पढेलेखेका सक्षम युवाहरुले यहाँ भविष्य देखि रहेका छैनन्।

देशको आन्तरिक र बाह्य ऋण बढ्दो क्रममा छ। राजश्व भन्दा खर्च दिन प्रति दिन बढ्दो छ। कर्मचारी तन्त्रको efficiency र मनोबल दुबै न्यून छ। हाम्रा विकासका परियोजनहरु कुनै पनि समयमा सम्पन्न हुन सक्दैनन्। दातृ निकायहरुले हामीलाई विश्वास गर्न छोडि सके।

भुटानी शरणार्थी लगायत काण्डले नेपालको छवि धुमलिएको छ। हामी ग्रे लिस्टमा छौं। राजनीतिक संस्कार दिन प्रति दिन ह्रास भै रहेको छ। जनताले दलहरु र यिनका पुरानो अनुहारलाई पत्याउन छोडि सके। यी सबै कारणले जेन-जी विद्रोह भएर देशले राष्ट्रिय धन-जनको ठुलो नोक्सानी पनि बेहोरी सक्यो। तर, हाम्रा राजनीतिक दलका Date expire नेताहरुमा चेत आएको देखिंदैन। नेपालको सम्पूर्ण System नै overhauling गर्नु पर्ने बेला भै सक्यो। बेलैमा जनतलाई परिवर्तनको अनुभूति गराउन सकिएन भने देश अझै ठूलो दुर्घटनामा जान सक्छ।

*-प्रवल जंग पाण्डे*

## रंग बिरंग

### विश्वमै मानव मुटुको अन्त्य ? कृत्रिम मुटुले जित्यो जीवन !



*सन् २०२६ मा चिकित्सा विज्ञानले ऐतिहासिक सफलता हासिल गरेको छ। युरोपको एक अग्रणी अस्पतालमा पूर्ण रूपमा कृत्रिम मुटु प्रत्यारोपण गरिएका एक बिरामी एक वर्षभन्दा बढी समयदेखि सामान्य जीवन बिताइरहेका छन्। यो उपलब्धिलाई विश्व स्वास्थ्य इतिहासकै आश्चर्यजनक घटना मानिएको छ। ६५ वर्षका ती बिरामी गम्भीर मुटुरोगबाट पीडित थिए र प्राकृतिक मुटु प्रत्यारोपण सम्भव थिएन। त्यसपछि वैज्ञानिकहरूले पूर्ण रूपमा कृत्रिम मुटु प्रत्यारोपण गर्ने निर्णय गरे। यो मुटु शरीरभित्र आफौ ऊर्जा व्यवस्थापन गर्ने र शरीरको गतिविधिअनुसार धड्कन मिलाउने प्रविधिमा आधारित छ।*

*चिकित्सकहरूका अनुसार बिरामी अहिले हिंड्न, हल्का व्यायाम गर्न र दैनिक काम गर्न सक्षम छन्। कुनै पनि बाह्य मेसिनमा निर्भर रहनु नपरेको यो पहिलो घटना हो। यसअघि प्रयोग भएका कृत्रिम मुटुहरू अस्थायी समाधान मात्र थिए। विश्वभरिका स्वास्थ्य विज्ञहरूले यस उपलब्धिलाई मुटुरोगीहरूका लागि नयाँ आशाको ढोका भनेका छन्। अब मुटु प्रत्यारोपणका लागि लामो समय कुर्नुपर्ने समस्या कम हुने अपेक्षा गरिएको छ।*

*यस घटनाले चिकित्सा प्रविधि र कृत्रिम अंग विकासमा नयाँ युग सुरु गरेको मानिन्छ। सन् २०२६ साललाई मुटु उपचारको इतिहासमै निर्णायक वर्षका रूपमा लिइएको छ।*

### युरोपको पहिलो पूर्ण डिजिटल राष्ट्र: एस्टोनियाले संसारलाई चकित पाऱ्यो

*युरोपको सानो देश एस्टोनिया सन् २०२६ मा विश्वकै पहिलो पूर्ण डिजिटल राष्ट्र बनेपछि विश्वभर चर्चा केन्द्रमा आएको छ। एस्टोनियाले नागरिक सेवा, शासन प्रणाली र दैनिक जीवनका सबै प्रक्रिया पूर्ण रूपमा डिजिटल माध्यममा रूपान्तरण गरेको घोषणा गरेको हो।*

*सरकारका अनुसार, अब एस्टोनियाली नागरिकलाई कुनै पनि सरकारी कामका लागि कागज बोकेर कार्यालय धाउनुपर्ने अवस्था छैन। जन्मदर्ता, नागरिकता, कर तिर्ने, स्वास्थ्य सेवा, शिक्षा, बैंकिङ र मतदानसमेत डिजिटल पहिचान (Digital ID) मार्फत सम्भव भएको छ। नागरिकले मोबाइल वा कम्प्युटर प्रयोग गरेर केही मिनेटमै सेवा लिन सक्ने व्यवस्था गरिएको छ।*



*एस्टोनियाको डिजिटल प्रणाली ब्लकचेन र उच्चस्तरीय साइबर सुरक्षामा आधारित छ। यसले भ्रष्टाचार घटाएको, सेवा पारदर्शी बनाएको र सरकारी खर्च उल्लेखनीय रूपमा कम भएको सरकारको दाबी छ। अन्तर्राष्ट्रिय विज्ञहरूले एस्टोनियालाई "भविष्यको शासन मोडल" भनेर टिप्पणी गरेका छन्।*

*यद्यपि, डिजिटल निर्भरता बढेसँगै साइबर आक्रमण र डाटा गोपनीयताको चुनौती पनि बढेको छ। यस विषयमा एस्टोनियाले विश्वकै कडा साइबर सुरक्षा नीति अपनाएको जनाएको छ। विश्लेषकहरूका अनुसार, एस्टोनियाको यो कदमले विश्वका अन्य देशहरूलाई पनि डिजिटल राष्ट्र निर्माणतर्फ प्रेरित गर्नेछ। सानो जनसंख्या भए पनि प्रविधिको सही प्रयोगले एस्टोनियाले विश्व राजनीतिमा ठूलो उदाहरण प्रस्तुत गरेको छ।*

**विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (Foreign Nationals Management Information System, FNMIS) मा आबद्ध हुनेसम्बन्धी**

**अत्यन्त जरूरी सूचना**

अध्यागमन विभागले नेपाल भ्रमण गर्ने विदेशी नागरिकहरुको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रबर्द्धनमा सहयोग गर्ने उद्देश्यले विकास गरेको विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (Foreign Nationals Management Information System, FNMIS वि. सं. २०८२ पुष १७ (सन् २०२६ जनवरी १) देखि कार्यान्वयनमा आएको छ।

यस प्रणालीलाई पहिलो चरणमा वि. सं. २०८२ पुष १७ (सन् २०२६ जनवरी १) गतेदेखि काठमाडौं उपत्यकाभित्रका तारे होटलहरुमा अनिवार्य रुपमा लागू गरिनेछ। दोस्रो चरणमा वि. सं. २०८२ फागुन १७ (सन् २०२६ मार्च १) देखि देशभित्रका सबै तारे होटल, विमान कम्पनी, टुर्स एण्ड ट्राभल्स कम्पनी, मनी एक्सचेञ्जरहरुमा र क्रमश: सबै प्रकारका होटल, गेष्ट हाउस र अन्य सार्वजनिक तथा निजी संस्थाबाट प्रवाह हुने सेवामा लागू गरिने कार्ययोजना रहेको छ।

यस सूचना प्रणालीको कार्यान्वयनको प्रभावकारीताका लागि विदेशी नागरिकहरुलाई सेवा प्रदान गर्ने सबै निकायहरु प्रणालीमा दर्ता हुनुपर्छ। पहिलो चरणमा उपत्यकाका तारे होटेलहरुमा अनिवार्य भए तापनि विदेशी नागरिकहरुलाई सेवा प्रवाह गर्ने सबै सार्वजनिक संस्था एवम् निजी कम्पनीहरु अग्रीम रुपमा यस प्रणालीमा आबद्ध हुन सकिनेछ। उक्त प्रणालीमा दर्ता हुने प्रक्रिया र Manual यस विभागको वेभसाईट https://www.immigration.gov.np मा हेर्न सकिनेछ। यस सम्बन्धी थप जानकारी आवश्यक भएमा विभागको सूचना प्रविधि शाखा वा विभागका कम्प्युटर ईञ्जिनियर श्री सन्तोष कुमार शाह (मोबाईल नं +९७७ ९७६१४२३६३७) लाई सम्पर्क गर्न सकिनेछ।

**अध्यागमन विभाग**
**कालिकास्थान, काठमाडौं**

# प्रधानमन्त्रीज्यू : कर्मचारीका यी माग सम्बोधन नगर्ने ?

● साँघु संवाददाता

**काठमाडौं । नेकपा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनले राष्ट्रसेवक कर्मचारीहरुको सेवा सुविधा सम्वन्धमा अन्तरिम सरकारसँग तल उल्लेखि निम्न माग गरेको छ । संगठनले कर्मचारी संचय कोषबाट उपलब्ध गराईदै आएको घर सापटी रकमको व्याजदरलाई न्यूनीकरण गर्दै प्रिमियममा आधारित घरसापटी उपलव्ध गराउन जोडदार माग गरेको छ । कर्मचारीहरुलाई आवश्यकपर्ने न्यूनतम क्यालोरी तोकी बहालवाला र सेवा निवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि 'निजामती कर्मचारी रासन कार्डको व्यवस्था' गर्न प्रस्तावसमेत राखेको छ ।**

सार्वजानिक तथा सरकारी निकायमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष कार्यक्रम सँग अनिवार्य जोड्नु पर्ने । अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाईसमेत स्थायी कर्मचारी सरहको विदा तथा महंगी भत्ता, लुगा भत्ता उपलब्ध गराउने ब्यबस्थाको लागि माग अगाडि सारेको छ । पूर्णरुपमा अशक्त भई विरामी भएको कर्मचारीलाई स्याहार गर्नुपर्ने व्यक्ति कर्मचारी नै भए मेडिकल बोर्डको सिफारिस बमोजिमको आवश्यक विदाको व्यवस्था गर्न संगठनको माग रहेको छ ।



सार्वजनिक निकायहरुमा आवश्यक कार्यालय सामग्री, फर्निचर तथा सवारी साधन खरिद गर्दा महिला तथा अपांगमैत्रीसमेत हुनेगरी व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गरेको छ । सञ्चित घर विदा बापतको रकम बार्षिक रुपमा भुक्तान गर्ने व्यवस्था र प्रत्येक जिल्लामा कर्मचारी सामूहिक आवास, प्रत्येक प्रदेशमा निजामती विद्यालय र निजामती अस्पतालको सुविधा प्रदेश अस्पतालबाट उपलब्ध गराउने ब्यवस्था गर्नका लागि अनुरोध गरेको छ ।

प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको एपीआईएस हस्तान्तरण गरी सोही तहबाटै निजको व्यक्तिगत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाउन माग गरेको छ । काठमाडौं उपत्यकाभित्र सञ्चालन हुँदै आईरहेको एकीकृत परिवहन सेवालाई थप व्यवस्थित गर्दै प्रदेशतहमा एकीकृत परिवहन सेवा र क्षेत्र विस्तार गर्ने ब्यबस्थाको लागि सरकारसँग जोडदार माग गर्ने संगठनको भनाई छ । निजामती कर्मचारीलाई एकपटक भन्सार छुटमा सवारी साधन खरिद गर्ने ब्यबस्था मिलाउन सरकारसँग माग गरेको छ ।

असाध्य रोग लागेका राष्ट्रसेवक कर्मचारीहरुको सम्पूर्ण उपचार खर्च सम्बन्धित सरकारबाट व्यहोर्ने ब्यबस्था मिलाउन, राजपत्र अनंकित द्वितीय श्रेणीवाट राजपत्र अनंकित प्रथम श्रेणीमा वढुवा हुनको लागि कम्तीमा एक आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकन सोही जिल्लाको अनिवार्य रुपमा पेश गर्ने व्यवस्था गर्नसमेत संगठनले माग गरेको छ । प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको प्रदेश कानून बमोजिम बढुवा भएका कर्मचारी सेवानिवृत्त हुँदा वढुवा भएको पदको सेवा, सुविधा उपलब्ध गराउन सरकारसँग जोडदार माग गरेको बताइन्छ ।

प्रदेश कानून बमोजिम प्रदेश र स्थानीय तहमा नियुक्त कर्मचारीहरु अन्य प्रदेश वा संघमा नियुक्ति हुँदा सेवा अवधि जोड्ने र अन्तरतहको लोक सेवाको परीक्षामा भाग लिंदा उमेर हद नलाग्ने व्यवस्थाको लागि सरकारसँग माग गर्ने संगठनको निर्णय रहेको जानकारी दिइएको छ ।

**प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको एपीआईएस हस्तान्तरण गरी सोही तहबाटै निजको व्यक्तिगत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाउन माग गरेको छ । काठमाडौं उपत्यकाभित्र सञ्चालन हुँदै आईरहेको एकीकृत परिवहन सेवालाई थप व्यवस्थित गर्दै प्रदेशतहमा एकीकृत परिवहन सेवा र क्षेत्र विस्तार गर्ने ब्यबस्थाको लागि सरकारसँग जोडदार माग गर्ने संगठनको भनाइ छ ।**

**ट्रेड युनियन अधिकार सम्वन्धमा**

संघ प्रदेश तथा स्थानिय तहमा ओएण्डएम सर्वेगर्दा ट्रेड युनियनसमेतको सहभागिता सुनिश्चितता माग संगठनको रहेको छ । सहकारी ऐन, २०७४ ले पेशागत सहकारीको परिकल्पना गरेको पेसाकर्मीले सञ्चालन गरेका सहकारीका लागि लगाइएको विशेष प्रकारका बन्देजहरु (कर, दोहोरो सदस्यता, प्रतिनिधित्व) सहकारी मैत्री हुने गरी संशोधन गर्नसमेत सरकार समक्ष माग गरेको छ ।

अनौपचारिक, असंगठित समूह वा अभियानको नामबाट हुने गतिविधिलाई निरुत्साहित गर्न साथै सरकारले गर्ने वार्ता आधिकारिक तथा राष्ट्रियस्तरका ट्रेड युनियनमार्फत गर्न ध्यानाकर्षण गराएको छ । सेवा प्रवेश तथा सेवाकालिन तालिम गराउने तालिम केन्द्रहरुको पाठ्यक्रममा सैद्धान्तिक तथा प्रयोगवादी ट्रेड युनियन तथा सामुहिक सौदावाजीसँग सम्बन्धित पाठ्ययोजना समेट्नु पर्नेमाग संगठनको रहको छ ।

**सांगठनिक सुदृढीकरण र आन्तरिक जीवन सम्बन्धमा**

संगठनको अभिन्न अंगको रुपमा रहेको प्रशिक्षण कार्यक्रमलाई ब्यबस्थित गर्दै प्रदेशस्तरको प्रशिक्षण २०८२ चैत्र मसान्तसम्म, जिल्ला/विभागीय प्रशिक्षण २०८३ असार मसान्तसम्म र पालिकास्तरको प्रशिक्षण २०८३ असोज महिनासम्म सम्पन्न गर्नसमेत संगठनले सरकारसँग माग गरेको छ । सार्वजनिक सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता, सदस्यता नविकरण तथा विस्तार, राष्ट्रसेवक सहकारी संस्थाको सुदृढीकरणलगायतका विषयहरुम संगठनले यी माग गरेको छ ।

जसमा समावेश गरी संगठन सुदृढीकरण अभियान २०८२ माघ, फागुन र चैत्र महिनासम्म सम्पन्न गर्ने र संगठन सुदृढीकरण अभियानलाई मिसन पालिका अभियानसँग जोडने योजना संगठनको रहेको छ । संगठनको आन्तरिक जीवनलाई क्रियाशील र प्रभावकारी वनाउँदै नवप्रवेशी कर्मचारीहरुलाई संगठनप्रति आकर्षण बढाउन २०८२ फागुन महिनामा युवा तथा अध्यक्षहरुको राष्ट्रिय भेला आयोजना गर्ने र सार्वजनिक प्रशासनमा महिलाहरुको पहुँच बढाउन, कार्यस्थलमा हुने भेदभावको अन्त्य गर्नसमेत माग गरेको छ ।

साथै, नेतृत्व विकास, समस्या, भावी लक्ष्य सहितको विविध पक्षहरुमा छलफल गर्न २०८३ बैशाखमा राष्ट्रिय महिला भेलाको आयोजना गर्ने संगठनको योजना रहेको छ । संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरुको वार्षिक साधारण सभा सहकारी ऐन, नियम अनुसार तोकिएको समयमा सम्पन्न गर्ने ब्यबस्था मिलाउने र सहकारीहरुको प्रदेश भेला पश्चात सहकारीको छैठौं राष्ट्रिय भेला २०८३ असोजमा सम्पन्न गर्ने महासचिव रामचन्द्र अधिकारीले जानकारी दिए ।

# सार्वजनिक खर्च घटाउने अर्थ मन्त्रीको गफ
## सचिवहरूको विदेश भ्रमण, खर्च बढाउने काम ?

साँघु संवाददाता



काठमाडौं । अन्तरिम सरकार आगामी २०८२ फागुन २१ गते घोषित प्रतिनिधि सभा निर्वाचन तोकिएको समयमा नै सम्पन्न गर्ने रटान दोहोऱ्याइरहेको छ। विकास बजेट कटौती गरेर निर्वाचन खर्चको जोहो गरिरहेको गफ दिंदै आएका अर्थ मन्त्री रामेश्वर खनाल र सरकारले अघिल्लो हप्ता मात्र ५ वटा मन्त्रालयका सचिवलाई विदेश भ्रमणमा जान स्वीकृति दिने निर्णय गरेको छ । सरकारको यो निर्णयले सार्वजनिक खर्च घटाउनुभन्दा पनि नेपाल सरकारका सचिवहरूलाई विदेश भ्रमण गर्न दिएर आफ्नो स्वार्थपूर्तिमा केन्द्रित हुन थालेको भान निजामती प्रशासनमा पर्दै गएको छ ।

२०८२ माघ ३ गतेबाट निर्वाचन आचार संहिता लागू भएको छ । सरकारले आगामी निर्वाचनमा कर्मचारीलाई फोकस गर्न निर्देशनसहित खटाउन केन्द्रित हुनुको साटो उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका आपूर्तितर्फका सचिव डा. रामप्रसाद घिमिरे नेतृत्वको प्रतिनिधिमण्डलको चीन भ्रमणका लागि स्वीकृति दिने निर्णय गरेको जानकारी हुन आएको छ । यसैगरी, मन्त्रिपरिषद्ले स्विट्जरल्यान्डको जेनेभामा आयोजना हुने डब्लुएचओको कार्यक्रममा सहभागी हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्यतर्फका सचिव डा. विकास देवकोटालाई स्वीकृति दिएको छ ।

त्यस्तै, सरकारले मोरक्कोमा आयोजना हुने बालश्रम उन्मुक्तिसम्बन्धी कार्यक्रममा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्लेलाई स्वीकृति प्रदान गरेको बताइएको छ । मन्त्रिपरिषद् बैठकले स्पेनको म्याड्रिडमा आयोजना हुने अन्तर्राष्ट्रिय पर्यटन मेलामा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलालाई स्वीकृति दिने निर्णय गरेको छ । साथै, अर्थ मन्त्रालयका सचिव (राजस्व) भूपाल बराललाई पनि मेक्सिको भ्रमणका लागि स्वीकृति प्रदान गरिएको बताइन्छ ।

त्यसैगरी, सरकारले इटालीको रोममा आयोजना हुने कार्यक्रममा कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदन परियारलाई सहभागी हुने स्वीकृति दिने निर्णय गरेको छ । चुनावको मुखमा अझ नेपाली नागरिकले गाँस कटाएर तिरेको करबाट धमाधम सरकारका मन्त्री र सचिवहरूलाई विदेश भ्रमणका लागि स्वीकृति दिएर राष्ट्रिय ढुकुटीको दोहन गरिएको आरोप कर्मचारीहरूले नै लगाएका छन् । सार्वजनिक खर्च घटाउने भन्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले अस्थायी, दैनिक ज्यालादारी र कतिपय कार्यालय नै खारेज गरेर निमुखाहरूको रोजीरोटी खोसेको आरोपसमेत खेप्दै आएका छन् ।

अर्कोतिर, धमाधम चुनावी सरकारले सार्वजनिक खर्च बढाउने गरी आधा दर्जन सचिव र मन्त्रीहरूको विदेश भ्रमण स्वीकृत के जरुरी थियो भन्ने प्रश्नसमेत उठ्न थालेको छ । मन्त्रिपरिषद् बैठकले एकैपटक सचिवहरू देवकोटा, काफ्ले, निरौला र बराल तथा मन्त्री परियारको विदेश भ्रमण स्वीकृत गरेपछि सरकारको कार्यशैलीप्रति प्रश्न मात्र नउठी निर्णयमाथि नै नागरिकस्तरबाट औंला उठ्न थालेका छन् । साथै, चुनावको मुखमा यी सचिवहरू विदेश भ्रमणमा जानुको उद्देश्य के हो भन्ने शंकासमेत उठ्ने गरेका छन् ।

# शिक्षाको आवरणमा ठगी गर्ने गिरोह प्रहरी फन्दामा
## कन्सल्टेन्सीको 'डिग्री व्यापार' सीआईबीद्वारा भण्डाफोर

● साँघु संवाददाता

**काठमाडौं । विदेश पढ्ने सपना देख्नु आजका नेपाली युवाका लागि असामान्य विषय होइन । तर यही सपना पछिल्लो समय ठगीको सबैभन्दा सजिलो माध्यम बन्दै गएको छ । आकर्षक देश, अन्तर्राष्ट्रिय डिग्री, क्रेडिट ट्रान्सफर र उज्यालो भविष्यको कथा सुनाउँदै विद्यार्थी र अभिभावकबाट लाखौँ रुपैयाँ उठाउने कन्सल्टेन्सीहरूको कालो धन्दा फेरि एकपटक सतहमा आएको छ ।**

नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गतको केन्द्रीय अनुसन्धान ब्युरो (CIB) ले हालै गरेको कारबाहीले वैदेशिक शिक्षाको नाममा भइरहेको संगठित ठगीको जालो उजागर गरेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज के.सी.को नेतृत्वमा गरिएको अनुसन्धानका क्रममा UAE मा अध्ययन गराइदिने बहानामा रकम असुली ठगी गर्ने पाँच जना कन्सल्टेन्सी सञ्चालक पक्राउ परेका छन् ।

**'मान्यता प्राप्त' भन्ने झुटो आवरण**

अनुसन्धान अनुसार ती कन्सल्टेन्सीहरूले काठमाडौंका विभिन्न स्थानमा आकर्षक कार्यालय सञ्चालन गर्दै फ्रान्स, अष्ट्रेलिया लगायतका मुलुकका विश्वविद्यालयबाट मान्यता प्राप्त भन्दै UAE मा रहेका कलेजहरूमा क्रेडिट ट्रान्सफर हुने एकेडेमिक कोर्स पढाइदिने प्रचार गर्थे । विद्यार्थीहरूलाई प्रस्तुत गरिने ब्रोसर, प्रस्तुति र मौखिक आश्वासनमा सबै कुरा 'कानूनी' र 'अन्तर्राष्ट्रिय मान्यता प्राप्त' जस्तो देखिन्थ्यो ।

तर, वास्तविकता भने बिल्कुल फरक थियो । प्रहरीको अनुसन्धानले देखायो-विद्यार्थीहरूलाई पठाइएका कलेजहरू UAE को उच्च शिक्षा मन्त्रालय अन्तर्गतको निकाय MOHESR/ Commission for Academic Accreditation (CAA)बाट स्वीकृति नलिएका Training Institute मात्र थिए । न त ती कलेजका डिग्री नेपालमा मान्य थिए, न त अन्य विकसित मुलुकमा ।

**८ लाखदेखि २२ लाखसम्म असुली**

कन्सल्टेन्सीहरूले विद्यार्थी तथा अभिभावकको अज्ञानता र विदेशप्रतिको आकर्षणलाई प्रयोग गर्दै प्रति विद्यार्थी ८ लाखदेखि २२ लाख रुपैयाँसम्म रकम असुलेका थिए। कतिपय पीडितले किस्ताबन्दीमा, कतिले ऋण काढेर, त कतिले घरजग्गा धितो राखेर रकम बुझाएका थिए।

UAE पुगेपछि भने उनीहरूलाई भनिएअनुसारको कलेज, कोर्स र सुविधा नपाउँदा ठगी भएको महसुस भयो । कतिपय विद्यार्थीले कलेजको डिग्री मान्य नहुने थाहा पाएपछि अध्ययन बीचमै छोडेर नेपाल फर्किनुपऱ्यो ।

**पीडित बोल्न थालेपछि खुल्यो रहस्य**

सुरुमा पीडितहरू खुलेर बोल्न डराइरहेका थिए । विदेश जानकै लागि ठूलो रकम खर्च गरिसकेपछि 'अब के गर्नु' भन्ने मानसिकताले धेरैलाई चुप लाग्न बाध्य बनाएको देखिन्छ । तर, समस्या झनै बढ्दै गएपछि पीडितहरू संगठित हुँदै प्रहरीमा पुगे । हालसम्म १३ जना




पीडितले औपचारिक जाहेरी दरखास्त दिएका छन् । ती जाहेरीका आधारमा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई मिति २०८२ पुस ३० गते पाँच जना कन्सल्टेन्सी सञ्चालक पक्राउ परेका हुन् ।

**पक्राउ परेका ठगहरु को हुन् ?**

पक्राउ परेकाहरू सबै काठमाडौं केन्द्रित कन्सल्टेन्सी व्यवसायमा संलग्न देखिन्छन् ।

उनीहरूमा–

Best Path Education Pvt. Ltd. का २९ वर्षीय सञ्चालक कृष्ण थापा,

Mercy Education Consultancy Pvt. Ltd. का सञ्चालक रामचन्द्र टन्डन,

Cityhub Education Network Pvt. Ltd= का ३१ वर्षीय सञ्चालक सुबास सिलवाल क्षेत्री,

Kantipur Abroad Consultant Pvt. Ltd. का सञ्चालकद्वय हेमराज भट्ट र दामोदर ढकाल रहेको केन्द्रीय अनुसन्धान ब्युरो (CIB) ले जानकारी दिएको हो ।

अनुसन्धान अधिकृतहरूका अनुसार यी कन्सल्टेन्सीहरू आपसमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सूचना साटासाट, एजेन्ट साझेदारी र विद्यार्थी 'शेयर' गर्ने नेटवर्कमा जोडिएका थिए ।

**कानूनी कमजोरीको फाइदा**

नेपालमा कन्सल्टेन्सी खोल्न सजिलो, तर अनुगमन कमजोर छ । यही कमजोरीलाई प्रयोग गर्दै कतिपय व्यवसायीहरूले शिक्षा होइन, डिग्रीलाई व्यापार बनाएका छन् । विदेशी कलेजको वास्तविक मान्यता जाँच्ने संयन्त्र कमजोर हुँदा ठगहरू सहजै बच्न सफल हुँदै आएका थिए ।

प्रहरी स्रोत भन्छ- "यस्ता केसमा प्रमाण जुटाउन गाह्रो हुन्छ । कागजमा सबै कुरा मिलाइएको देखिन्छ, तर भित्र ठगी हुन्छ ।"

**CIB को सक्रियता : सन्देश के हो ?**

पछिल्लो समय CIB ले वैदेशिक शिक्षा र रोजगारी ठगीलाई प्राथमिक अपराध सूचीमा राखेको छ । यो कारबाही त्यसैको परिणाम हो । प्रहरीका अनुसार अनुसन्धान अझै जारी छ र थप पीडित तथा संलग्न व्यक्ति सार्वजनिक हुन सक्ने संकेत देखिएको छ ।

**विद्यार्थी र अभिभावकका लागि चेतावनी**

यो घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ-विदेश पढ्न जानु जोखिम होइन, तर गलत कन्सल्टेन्सी छान्नु हो ।

प्रहरीले स्पष्ट चेतावनी दिएको छः

कन्सल्टेन्सीको सरकारी अनुमति जाँच्नुस्

कलेजको अन्तर्राष्ट्रिय मान्यता आफैं पुष्टि गर्नुस्

मौखिक आश्वासनमा होइन, लिखित सम्झौतामा भर पर्नुस्

अस्वाभाविक रूपमा आकर्षक अफरप्रति सतर्क रहनुस्

**निष्कर्ष**

विदेश जाने सपना वैध हो, तर त्यो सपना बेचेर धन कमाउने गिरोहहरू अझै सक्रिय छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीको पछिल्लो कारबाहीले एउटा गिरोहलाई मात्र होइन, सम्पूर्ण ठगी नेटवर्कलाई चेतावनी दिएको छ । तर, दीर्घकालीन समाधानका लागि कडा नियमन, नियमित अनुगमन र सार्वजनिक सचेतना अपरिहार्य देखिन्छ । नत्र, आज UAE, भोलि अर्को देश–ठगीको गन्तव्य फेरिएला, तर पीडितको पीडा उस्तै रहनेछ ।

## ३३ किलो सुन तस्करी प्रकरण : सनम शाक्य हत्या
# यो राज्यप्रति निरन्तर उठेको नैतिकताको प्रश्न

● साँघु संवाददाता

काठमाडौं । नेपालमा केही अपराधहरू अदालतका मिसिलमा थन्किएर सकिँदैनन् । ती अपराधहरू समयसँगै झन् गहिरिँदै जान्छन्, किनकि तिनले केवल कानून होइन, राज्यको चरित्र र नैतिकतालाई चुनौती दिएका हुन्छन् । सनम शाक्यको हत्या त्यस्तै एउटा घटना हो–जसलाई राज्यले मुद्दा मानेर टुंग्याउन खोज्यो, तर समाजले आजसम्म प्रश्नकै रूपमा बोकेको छ ।

यो हत्या कुनै एक व्यक्तिको व्यक्तिगत दुश्मनीको परिणाम थिएन । यो हत्या ३३ किलो सुन तस्करी, संगठित अपराध, संरचनागत संरक्षण र न्यायिक ढिलाइ को साझा परिणाम थियो। यही कारणले यो काण्ड कहिल्यै सकिएको अनुभूति हुँदैन ।

सबै कुरा २०७४ साल साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भयो । हङकङबाट आएको एउटा कार्गो-कागजमा मोटरसाइकलको 'ब्रेक सु' । तर त्यस कार्गोभित्र लुकाइएको थियो ३३ किलो सुन । त्यो सुन भन्सार जाँच पार गरेर बाहिर निस्कियो। यही क्षणमा राज्य असफल भयो । किनकि त्यो सुन बरामद हुनुपर्ने थियो, तर राज्यको आँखै अगाडि तस्करी भयो । आजसम्म पनि त्यो पहिलो प्रश्न अनुत्तरित छ-३३ किलो सुन कसरी भन्सार पास भयो ?

**को जिम्मेवार थियो ?**
**र किन कसैले जिम्मेवारी लिएन ?**

सुन हराएपछि घटनाले अर्को भयावह मोड लियो । मोरङका युवा व्यवसायी सनम शाक्य हराए । केही दिनपछि जंगलमा उनको शव भेटियो-यातनाका गहिरा चिन्हसहित । यही क्षणदेखि ३३ किलो सुन काण्ड सुनको विषय रहेन । यो अपहरण, शरीर बन्धक र निर्मम हत्या को काण्ड बन्यो ।

प्रहरी अनुसन्धानले देखायो-सनम शाक्यलाई योजनाबद्ध रूपमा अपहरण गरियो । हातखुट्टा बाँधियो । करेन्ट लगाइयो, कुटपिट गरियो । चरम यातना दिइयो । र, अन्ततः हत्या गरियो । कारण एउटै थियो-सुन हराएको आरोप । यसले नेपाली समाजलाई एउटा डरलाग्दो सन्देश दियो-सुनको मूल्य मान्छेको ज्यानभन्दा ठूलो भयो ।

घटनापछि प्रहरी अनुसन्धान तीव्र बन्यो । प्रहरी अधिकृतहरुलगायत पक्राउ परे धेरै नाम । तीमध्ये सबैभन्दा चर्चित बने चुडामणि उप्रेती उर्फ गोरे । उनलाई ३३ किलो सुन काण्डको 'मास्टरमाइन्ड' भनियो । गोरे पक्राउ परे, बयान दिए, अदालतले दोषी ठहर गऱ्यो र जेल सजाय सुनायो ।


गोरे र केही व्यक्ति जेल जानु राज्यका लागि उपलब्धि जस्तो देखियो । तर, यहीँ एउटा गम्भीर भ्रम भयो-गोरे जेल गएपछि काण्ड सकियो भन्ने भ्रम । संगठित अपराध एक जनामा सकिँदैन । गोरेहरु अनुहार मात्रै थिए, पूरा संरचना होइनन् । र, यही संरचना




बाँकी रहँदा काण्ड पनि बाँकी रह्यो ।

यसको प्रमाण हो-वर्षौंसम्म फरार रहेका अभियुक्तहरू । राज्य र प्रहरीलाई उनीहरूको नाम थाहा थियो । फाइलमा काण्ड जीवित थियो । तर, लामो समयसम्म अभियुक्तहरु समातिएनन् । यही सूचीमा थिए सुरेन्द्र गौतम, जो करिब ८ वर्षपछि, काठमाडौं प्रहरी परिसरबाट २०८२ माघ १ गते मात्र पक्राउ परे । यो पक्राउले राहतभन्दा बढी प्रश्न जन्मायो । यदि सुरेन्द्र गौतम दोषी थिए भने उनी यतिका वर्ष कहाँ थिए ? कसले जोगायो ? किन खोजी प्रभावकारी भएन ?

यस्ता प्रश्नको जवाफ नआएसम्म यो काण्ड व्यक्तिगत अपराधबाट माथि उठेर राज्य, प्रहरी, प्रशासन, राज्यको गुप्तचर निकायको असफलताको कथा बन्छ ।


जिल्ला प्रहरी परिसर काठमाडौं
भद्रकाली काठमाडौं

आ.व.: २०८२।०८३
प्रेस विज्ञप्ति नं.: १०-०१

मिति: २०८२।१०।०१ गते
ने.सं. ११४६

प्रेस विज्ञप्ति

सनम शाक्यको अपहरण शरीर बन्धक तथा ज्यान सम्बन्धी कसुरका (३३ किलो सुन सम्बन्धको) फरार प्रतिवादी सुरेन्द्र गौतम पक्राउ

राजिव शाक्यको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला मकवानपुर, हेटौंडा उप-महानगरपालिका १७ बस्ने वर्ष ३३ को सुरेन्द्र गौतम समेत रहेको अपहरण शरीर बन्धक तथा ज्यान सम्बन्धी कसुरमा (सनम शाक्यको मृत्यु) जिल्ला प्रहरी कार्यालय मोरङमा मुद्दा दर्ता भइ फरार रहेका प्रतिवादी निज सुरेन्द्र गौतमलाई पक्राउ गरि मिति २०८२।१०।०१ गते जिल्ला प्रहरी कार्यालय मोरङ पठाइएको ।

प्रहरी उपरीक्षक
(पवन कुमार भट्टराई)
प्रहरी प्रवक्ता / सूचना अधिकारी

न्यायिक प्रक्रियाको ढिलाइले पनि यो काण्ड नसकिने बनायो । मुद्दा चल्यो, फैसला आयो, तर समय धेरै लाग्यो । न्याय ढिलो हुनु पनि अन्याय हो । किनकि समयसँगै साक्षी कमजोर हुन्छन्, पीडित थाक्छन् र समाज अर्को काण्डतिर लाग्छ । यही मौनतामा अपराध बाँचिरहन्छ ।

सनम शाक्यको परिवारका लागि यो काण्ड समाचार होइन। यो उनीहरूको दैनिक पीडा हो । गोरे जेल जानु, सुरेन्द्र पक्राउ पर्नु–यी सबै कदम हुन्, तर न्याय पूरा भएको अनुभूति होइन । जबसम्म सबै संलग्न पात्र कानुनी कठघरामा उभिँदैनन्, परिवारका लागि यो काण्ड सकिँदैन ।

**सनम शाक्यको परिवार :**
**न्यायको प्रतीक्षा, थकान र मौनता**

सनम शाक्यको परिवारका लागि यो काण्ड समाचार होइन । यो दैनिक पीडा हो । गोरे जेल गए । आठ वर्षपछि बल्ल आरोपी सुरेन्द्र पक्राउ परे । तर जबसम्म सबै दोषी कानूनी कठघरामा उभिँदैनन्, परिवारका लागि न्याय अधुरो नै रहन्छ । राज्यले फाइल बन्द गर्न सक्छ ।

समाचार हराउन सक्छ । तर, पीडितको पीडा बन्द हुँदैन । यही कारणले सनम शाक्यको हत्या कुनै साधारण मुद्दा होइन । यो राज्यको नैतिक परीक्षाको प्रश्न हो । प्रश्न सरल छ-के नेपालमा संगठित अपराधभन्दा राज्य कमजोर छ ? के पैसाभन्दा मान्छेको ज्यानको मूल्य कम छ ? जबसम्म यी प्रश्नको जवाफ व्यवहारमा दिइँदैन, ३३ किलो सुन काण्ड सकिँदैन । सनम शाक्यको हत्या प्रकरण समाजले कहिल्यै बिर्सिँदैन । र, राज्य यो परीक्षाबाट पास पनि हुँदैन ।

# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*भूकम्पको केन्द्र बिन्दु भनेर बताइने ठाउँ*
*त्यसको उत्पति गर्भ हुँदै होइन ।*
*त्यो सतहको प्रस्थान बिन्दु मात्रै हो ।*
*जन्मिएको ठाउँको संकेत थलो हो ।*
*समकालीन नेपाली राजनीतिको उपद्रोको केन्द्र बिन्दु*
*'यो' काँग्रेसको उत्पति गर्भ हुँदै होइन ।*
*त्यसैले, अहिलेको राजनैतिक उपद्रोको*
*यो देखिने ठाउँ मात्रै हो ।*
*यतिखेर,*
*'त्यो' भनिने काँग्रेस पराजित देखिएको मात्रै हो ।*
*नासिएको हुँदै होइन ।*
*राक्षसहरूले तिनलाई फेरि पनि उराल्ने छन् ।*
*र, फेरि विग्रहका लागि तयार बनाउने छन् ।*
*नेपाली पाठ् सामाग्रीमा दन्त्यकथाहरू*
*जहिल्यै तन्नेरी वयकालाई स्वैरकल्पना हुन् ।*
*राक्षस र राजकुमार भीडन्तका स्वैरकल्पना ।*
*जहाँ अजेय राक्षसहरूलाई बध गर्न*
*सुकुमार राजकुमार अमुक रुखको हाँगामा बसेको*
*चराको टाउको धनुवाण प्रयोग गरेर बध गर्दछ ।*
*चराको बध हुँदा मात्र राक्षसको टाउको काटिन्छ ।*
*र, राक्षसको नाश भएर राज्यमा सुविस्ता बन्छ ।*
*अजेय राक्षस ढलेको स्वैर कल्पनाले*
*किशोर किशोरीको मन रोमाञ्चक बन्छ ।*
*दन्त्य कथाहरूले जहिल्यै सुकोमल स्वैरकल्पना बुन्छ ।*
*राक्षसको सर्वनास पछि राजकुमारको विहे*
*एकादेशकी सुकुमारी राजकुमारीसित हुन्छ ।*
*नेपाली दन्त्य कथाहरूमा पाइने यिनै रोमाञ्चक कथाहरूले*
*नेपाली राजनीतिको वर्तमान वर्णमाला सिङ्गारिएको छ ।*
*सोझो भन्न नसकेर मात्र हो ।*
*सोझो भन्न जानियो भने*
*घात प्रतिघातको वर्णसंकरबाट जन्मिएका*
*एमाले, उसको सोच र त्यसमा बसेका*
*के पी ओली नामक दैत्य प्रवृत्ति भनेर जबसम्म पहिचान हुन्न ।*
*त्यतिञ्जेल अहिलेको खाँडो जागेको उपद्रो रोकिन्न ।*
*धेरैलाई लागेको छ, नेपाली राजनीतिको उपद्रो*
*वैदेशिक चलखेल र शक्ति केन्द्र देखाउँदा सञ्चो हुन्छ ।*
*दन्त्य कथामा वर्णित राक्षसको बध*
*अमुक रुखको चराको टाउकोमा रहस्यमय भएर बसेको हुन्छ ।*
*नेपालको राजनीतिको उट्पट्याङ्गमा*
*के पी ओली र उनको गोलघरको 'क्यारमबोटे' खुरापातको*
*बध नहुञ्जेल*
*न तिनका अंरिगाल जत्थाको सर्वनाश हुन्छ*
*न त नेपाली राजनीतिको दैत्य बिगबिगीको अन्त्य नै ।*
*सिलसिलेबार रुपमा हेर्दा देखिन्छ,*
*के पी ओलिको अप्राकृतिक उदय*
*र, त्यसपछि नेपाली राजनीतिमा उम्रिएका उपद्रोहरू*
*सबका सबले एउटै केन्द्र बिन्दु बनाएको छ ।*
*त्यो सतहको प्रस्थान बिन्दु भनेर चिनिएको मात्रै हो ।*
*उत्पति गर्भ हुँदै होइन ।*
*साराका सारा उपद्रो के पीको गोलघरको क्यारमबोटे खुरापातको*
*'एस्ट्रोयड' परिणाम हो ।*
*यो रोग हो, लक्षण होइन ।*
*'त्यो' कांग्रेस अलमलियो, त्यति मात्रै हो ।*
*'यो' काँग्रेस परीक्षणमा परि सकेको छैन ।*
*हेर्दै जानु होला,*
*जुन दिन 'यो' काँग्रेस के पीको एस्ट्रोयडको गोल चक्करमा पर्नेछ ।*
*नेपाली राजनीति फेरि पनि गञ्जागोल नै हुनेछ ।*
*दन्त्य कथाका राजकुमार भएर आएको 'यो' काँग्रेस*
*एस्ट्रोयडको गोल चक्करमा पर्छ कि*
*फेरि पनि चक्रब्युह तोडेर निस्किन्छ*
*'यो' काँग्रेसको सबैभन्दा शक्तिशाली परीक्षण त्यति मात्र हुन्छ ।*
*आजभोलि त केबल उन्माद मात्र छ ।*
*यो उन्मादमा मिसिनु धेरै सोच्छन्, सही निकास हो ।*
*मलाई लाग्दछ,*
*अजेय राक्षसको शिरच्छेदन मात्रै*
*राक्षसहरूको उपद्रोको बिनास हो ।*

## सुशासनको...

हुनु आफैंमा राजनीतिक बहुलताको संकेत हो । हर्क साम्पाङको 'श्रम संस्कृति पार्टी' ले श्रम र भुँइमान्छेका मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्ने प्रयास गरिरहेको छ । बालेन्द्र शाह (बालेन), रवि लामिछाने र ज्ञानेन्द्र शाहीबीच देखिएको नीतिगत सहकार्यले पुराना दलका किल्ला मानिने क्षेत्रमा समेत हलचल पैदा गरेको छ ।

यसपटक स्वतन्त्र उम्मेदवारहरू केवल सांकेतिक भूमिकामा सीमित रहने देखिँदैनन् । 'युथ अगेंस्ट करप्सन' जस्ता डिजिटल प्लेटफर्ममार्फत संगठित युवाहरूले आफ्नै उम्मेदवार उठाउने तयारी गरिरहेका छन् । सागर ढकाल, महावीर पुन र राष्ट्र विमोचन तिम्सिनाजस्ता व्यक्तित्वको चर्चाले मतदाताहरू अब पार्टीको झण्डाभन्दा उम्मेदवारको क्षमता र भिजन हेरेर मतदान गर्न तयार हुँदैछन् भन्ने संकेत दिन्छ । तर, साना दलको अत्यधिक संख्याले भोट विभाजन गराउने र त्यसको फाइदा पुराना दललाई पुग्ने जोखिम पनि उत्तिकै छ ।

**उम्मेदवार, गठबन्धन पर्दा पछाडिको रणनीति**

निर्वाचन नजिकिँदै जाँदा दलहरूबीच गठबन्धनको रस्साकस्सी चर्किँदै गएको छ । एमाले र माओवादी केन्द्रबीच वामपन्थी तालमेलका अनौपचारिक छलफल भइरहेका छन् भने कांग्रेसले 'एक्लै चुनाव लड्ने कि नीतिगत गठबन्धन गर्ने' भन्ने विषयमा आन्तरिक बहस गरिरहेको छ । रास्वपा र नयाँ स्वतन्त्र शक्तिहरू पुराना दलविरुद्ध एउटै मोर्चा बनाउने प्रयासमा छन् ।

भोलि २०८२ माघ ६ गते उम्मेदवार दर्ताको मिति नजिकिँदै गर्दा दलहरू चटारोमा छन् । कांग्रेसले १३ सदस्यीय संसदीय बोर्डमार्फत टिकट वितरण गर्ने निर्णय गरेको छ । एमालेले सचिवालयबाट उम्मेदवार छनोट गर्ने भएको छ भने अन्य दलमा संस्थागत निर्णयभन्दा व्यक्तिकेन्द्रित प्रक्रिया हावी देखिन्छ ।

रास्वपाबाट बालेन शाह झापा क्षेत्र नं. ५ मा केपी ओलीसँग भिड्ने चर्चा छ भने सागर ढकाल डडेलधुराबाट उठ्ने निश्चित जस्तै छ । बालेन शाह 'पर्यटक उम्मेदवार' ठहरिन्छन् कि 'परिवर्तनको प्रतीक' बन्छन् भन्ने प्रश्न अहिले निर्णायक बनेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको सक्रियता, पुराना नेताहरूलाई पत्तासाफ गर्ने कथित रणनीति र कांग्रेसमा गगन थापाको उदयलाई एउटै सूत्रमा जोडेर हेर्ने विश्लेषण पनि सार्वजनिक रूपमा भइरहेका छन् ।

**निर्णय जनताको हातमा**

अहिलेको सबैभन्दा ठूलो आवश्यकता भनेको भयरहित, स्वच्छ र निष्पक्ष निर्वाचन सुनिश्चित गर्नु हो । केही वाह्य र भित्री तत्व निर्वाचनको बाहनामा हिंसात्मक अवस्था सिर्जना गर्नका लागि पनि भित्रभित्रै सक्रिय रहेको चर्चा पनि चल्ने गरेको छ । लोकतन्त्रका संकटको समाधान सडकको आवेग, हिंसा वा सत्ता-उलटफेरबाट होइन, ब्यालेट बक्सबाट मात्र सम्भव हुन्छ । आन्दोलन, ध्रुवीकरण र सुरक्षा चुनौतीका बीच निर्वाचन आयोग र सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले जनतालाई "मेरो मत सुरक्षित छ, मेरो आवाज गनिन्छ" भन्ने विश्वास दिलाउन असफल भयो भने त्यसले केवल निर्वाचनको वैधता मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीमाथि नै गहिरो प्रश्न खडा गर्नेछ । यो निर्वाचन सरकार र आयोगका लागि औपचारिक दायित्व मात्र होइन, इतिहाससँगको प्रत्यक्ष जवाफदेहिता पनि हो ।

२०८२ फागुन २१ गते नेपाली जनताले केवल सांसद छान्ने छैनन्, उनीहरूले देशको भविष्यको दिशा तय गर्नेछन् । त्यो दिन ब्यालेट बक्समा खस्ने मतले पुस्तान्तरण वास्तविक हो कि केवल नयाँ अनुहारमार्फत पुरानै शक्ति-राजनीतिक खेल दोहोरिएको हो भन्ने कुराको फैसला हुनेछ । सुशासन, जवाफदेहिता र परिवर्तनको नाममा उठेका नयाँ नेतृत्वहरू आफैं पुरानै विकृत संरचनाको हिस्सा बन्छन् कि जनआकांक्षाको प्रतिनिधि साबित हुन्छन् भन्ने प्रश्नको उत्तर पनि त्यही दिनको मतले दिनेछ । अन्ततः, यो निर्वाचन नेपाललाई दिगो स्थिरता, संस्थागत लोकतन्त्र र नागरिक सर्वोच्चताको बाटोमा लैजान्छ कि फेरि अस्थिर सत्ता-संघर्ष र पर्दा पछाडिको वाह्य शक्तिको खेलमा धकेल्छ-यसको अन्तिम निर्णय २०८२ फागुन २१ गते नेपाली जनताले ब्यालेट बक्समार्फत सन्देश दिनेछन् ।

## कांग्रेस विभाजन...

*अध्यक्ष ओलीले नेपाली कांग्रेसका निर्वतमान महामन्त्री गगन थापाहरूले विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरे पनि आफूले कार्यबाहक प्रमुख आयुक्त भण्डारी, आयुक्त सदस्य तथा पदाधिकारीहरूलाई दबाब दिएर संस्थापन अर्थात देउवा पक्षलाई नै आधिकारिकता दिलाउने आश्वासन दिएको बताइन्छ ।*

*तर, आयोगले अध्यक्ष ओलीको कुरा सुन्नु त परै जाओस्, विशेष महाधिवेशन पक्षधरले आयोगमा बुझाएका प्रमाणहरूको अध्ययन आधा दिन नबित्दै विशेष दवावकबा बिचमा सकेर निर्णय सुनाएको थियो । यस निर्णयले नेपाली कांग्रेसको देउवा पक्षलाई भन्दा एमाले अध्यक्ष ओलीलाई बढी झड्का लागेको चर्चा राजनीतिक जगतमा चल्ने गरेको छ ।*

*देउवा पक्षका नेताहरू आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालत जाने योजनामा रहेको बताइन्छ । तर, अदालतले आयोगको निर्णयलाई सदर गरे/नगरे भन्ने विषयमा अहिले नै निष्कर्ष निकाल्नु हतार हुने भनाइ पनि बताइन्छ ।*

*०७९ को आम निर्वाचनमा नेपाली जनताले नेपाली कांग्रेसलाई संसदको सबैभन्दा ठूलो दलको मान्यता दिएका थिए । तर, पनि यसबीच नेपाली कांग्रेसको संसदीय दलका नेता देउवाले एकपटक पनि सरकारको नेतृत्व लिने आँट र हिम्मत गर्न सकेनन् । उनी कहिले तत्कालीन नेकपा माओवादी केन्द्रलाई त कहिले संसदको दोस्रो दल नेकपा एमालेलाई सहयोग गर्दै सरकारमा सहभागी भएर रमाएको आरोप लाग्दै आएको छ । यसै कारण नेपाली कांग्रेसका निवर्तमान महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माहरू देउवा पक्षलाई गलहत्याउने अवसर खोज्न निरन्तर लागेको बताइन्छ ।*

*सोही अवसरलाई उपयोग गर्दै उनीहरूले २०८२ पुस २७ गते काठमाडौंमा विशेष महाधिवेशन आयोजना गरेका थिए । उक्त महाधिवेशनले नेताहरूलाई खबरदारी मात्र होइन, नेतृत्व नै परिवर्तन गरेको छ । साथै, उनीहरूले २०८३ सालको नियमित महाधिवेशनसम्मका लागि आयोगबाट आधिकारिक कांग्रेसको मान्यता प्राप्त गर्न सफल भएका छन् । यसबीच अध्यक्ष ओली र देउवाबीच पटक-पटक विशेष संवाद पनि भएका थिए । उनीहरूको योजना विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन भए पनि निर्वाचन आयोगबाट परास्त गर्ने 'भित्री रणनीति' रहेको राजनीतिक वृत्तमा चर्चा छ ।*

*तर, वाह्य र आन्तरिक शक्तिहरूको बलियो सात पाएको गगन थापा पक्ष पनि कमजोर थिएन । उनीहरूले महाधिवेशन आयोजना गर्नु अगावै आयोगको नेतृत्वसँग परामर्श गरेको कुरा ओली र देउवाले पत्तो लगाउन नसकेको भनाइ छ । विशेष महाधिवेशन पक्षधरलाई आयोगबाट अवैधानिक घोषणा गराएर आगामी २०८२ फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा चुनावी एकता गरी उम्मेदवार उठाउने भित्री योजना रहेको दाबी पनि गरिन्छ । तर आयोगले यो विषयलाई मध्यनजर गर्दै थापालाई अध्यक्षको मान्यतासहित चारतारे झण्डा र रुख चिन्हमा चुनाव लड्न मान्यता दिइसकेको छ ।*

*यसपछि अध्यक्ष ओली र देउवाको योजना भताभुङ्ग मात्र भएको छैन, आगामी दिनमा मिलेर सत्ताको नेतृत्व गर्ने सपनामा पनि तुषारापात परेको राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ । जेन-जी आन्दोलनपछि पनि यी दुई नेताले युवाहरूको मर्म र भावना विपरीत अगाडि बढ्न खोजेको स्पष्ट रूपमा देखिन्थ्यो भन्ने विश्लेषण पनि भइरहेको छ । तर, अध्यक्ष ओलीले आफ्नो पार्टीमा नेता तथा कार्यकर्तालाई दायाँबायाँ हुन नदिई महाधिवेशनमार्फत पकड जमाइसकेका छन् । नेपाली कांग्रेसमा पनि देउवालाई यस्तै सल्लाह दिएर अघि बढ्न खोजिएको भए पनि अन्ततः असफलता हात लागेको राजनीतिक क्षेत्रका जानकारहरू बताउँछन् ।*

## भावी प्रधानमन्त्री...

त्यसमा मुख्यगरी भारतले चासो राखेको देखिन्छ । उसले नेपालको सन्दर्भमा धर्मलाई जोड दिएर पनि चुनावी नतिजासँग हेरिरहेको उच्च स्रोतहरूले उल्लेख गरेका छन् । भारतले पछिल्ला दिनमा नेपालको राजनीतिमा प्रभाव बढाउन भने थालेको छ । जेन-जी सरकारकै पालामा पनि भारतले आफ्नो अनुकूलका केही निर्णयहरू गराएको छ । भारतीय मुद्रालाई नेपालमा चल्न दिने निर्णयले पनि त्यसमा प्रभाव पार्ने स्रोतहरूले उल्लेख गरेका छन् । सरकारले भारतीय मुद्रा चलाउन दिने गरी निर्णय गरेर राजपत्रमा सूचना निकालिसकेको छ । अर्थात, भारत निरन्तर दबाब बढाउन सक्ने अवस्थामा रहेको छ ।

त्यो अवस्थाका कारणले आउने चुनावपछि धर्मको सन्दर्भमा बोल्ड निर्णय लिन सक्ने गरी नेताहरूलाई अहिलेबाट नै प्रभावमा राख्न सकिने गरी काम गरिरहेको पनि बताइन्छ । भारत नेपालमा रक्षा, परराष्ट र मुद्रामा नियन्त्रण चाहन्छ । यो पुरानै तर निरन्तरको प्रयास हो । अहिले पनि त्यही प्रयास गरिरहेको छ ।

त्यसैले, अबको चुनाव निकै पेचिलो हुने अवस्थामा रहेको छ । चुनावका तरल अवस्थामा हुन लागेका कारण कतिपय उम्मेदवारहरू छिटो प्रभाव हुने वा कमजोर आउने संभावना रहन्छ । त्यस्ता उम्मेदवारहरू सांसद निर्वाचित भएमा उनीहरूको प्रभाव झन् बढ्ने आंकलन पनि भइरहेको छ । त्यही कारणले पपुलिष्ट नेताहरू हार्नुपर्ने अघोषित मनोविज्ञान रास्वपाभित्र पनि देखिन्छ । त्यहीकारणले पनि बालेनलाई केपी ओलीसँग प्रतिस्पर्धा गराउन खोजिको विश्लेषण भइरहेको छ ।

## प्रचण्डः ...

लेखनाथ न्यौपानेले गोरखा २ बाट टिकट पाएका छन् । उनी पहिलोपटक चुनाव लड्दैछन् । विगतमा बाबुराम भट्टराईको यो क्षेत्रमा नारायणकाजी श्रेष्ठ दाबेदार थिए । नारायणकाजी श्रेष्ठले गोरखाको दाबी छोडेर सर्लाही ३ मा ओर्लिएका छन् । त्यसपछि न्यौपाने टिकट पाएका हुन् । गोरखामा उनीप्रति निकै सदासयता रहेको चर्चा पनि गरिन्छ । श्रेष्ठ भने भरत ताल क्षेत्रमा चुनाव लड्न गएका छन् । भरत ताल बनाउने बागमती पालिकाका प्रमुख भरत थापालाई भ्रष्टाचारको मुद्दा लागेपछि श्रेष्ठ उक्त क्षेत्रमा गएका हुन् । यो क्षेत्र पूर्वजनमोर्चाको बलियो प्रभाव भएको क्षेत्र हो ।

प्रचण्डले पुराना मान्छे कसरी खोज्छन् भन्ने चाहिं हरि रोक्का परेका छन् । रोक्कालाई पनि खोटाङबाट चुनाव उठाउन खोजिएको छ । बौद्धिक व्यक्तित्व रोक्का लामो समयदेखि सक्रिय राजनीतिमा थिएनन् । माओवादीले सांसद भने बनाएको थियो । माओवादीले अर्को चाहिँ दाङबाट निर्वाचित रेखा शर्मालाई उम्मेदवार बनाएको छैन । अघिल्लो चुनावमा माओवादी केन्द्रकी एकमात्र नेतृ हुन जो प्रत्यक्ष निर्वाचित भएकी थिइन् । उनलाई माओवादीले अहिले किन पन्छायो भन्ने प्रष्ट छैन तर एमालेका महासचिव शंकर पोखरेललाई सहयोग गर्न शर्मालाई टिकट नदिएको अनुमान पनि भइरहेको छ ।

यता काठमाडौंमा निर्वाचन जित्नका लागि प्रचण्डले सुमन सायमीलाई भित्र्याएका छन् । उनलाई काठमाडौं ८ को उम्मेदवार बनाइएको छ । अघिल्लो चुनावमा स्वतन्त्रबाट दोस्रो भएका सायमीले अहिले नेकपाको बलमा चुनावमा जित निकाल्ने दाबी गरेका छन् । त्यसरी नै अरु क्षेत्रमा जित्नेलाई टिकट दिने रणनीति प्रचण्डले लिएका छन् ।

## एमालेको...

टिकट पाएका छैनन् । मोरङमा चुनाव हार्ने डरले भानुभक्त ढकाल तेह्रथुम गएका छन् । अर्कातिर छनौटमै नपरेका उम्मेवदरलाई पनि टिकट दिइएको छ ।

कञ्चनपुरमा वचनसिंहलाई टिकट दिएको एमालेले पहिलो नम्बरमा सिफारिश भएका अशोक चन्दलाई पन्छाएको छ । दैलेखमा पनि विष्णु रिजाल एक नम्बरमा सिफारिश भएका थिए तर लक्ष्मीप्रसाद पोखरेललाई टिकट दिएको छ । अनि, दोलखामा पार्वत गुरुङले टिकट पाएका छन् जबकि यसअघिका सांसद बनेका सिवाकोटीले सार्वजनिक रुपमा विरोध गर्दै आएका छन् । विरोधबीच गुरुङले टिकट लगेका हुन् । तर, उनका लागि त्यति सजिलो भने देखिएको छैन । त्यसैगरी कास्कीको उम्मेदवारी छनौट पनि एमाले चुकेको आरोप छ । एमालेले कास्कीमा एकजना पनि गुरुङ उम्मेदवार नबनाएको भन्दै आक्रोश छ भने कमजोर पात्रहरूलाई एमालेले उम्मेदवार बनाएको पनि चर्चा छ । त्यसले गर्दा चुनाव हार्ने संभावना रहेको पनि चर्चा हुन थालेको छ ।

एमालेले आफ्नो प्रभाव क्षेत्रमै टिकट वितरणमा कमजोरी गरेका कारण यो पटक नराम्रो धक्का खाने संभावना बढेको चर्चा एमालेभित्रै भइरहेको छ । काठमाडौंमा पनि एमालेले अहिलेसम्म उम्मेदवारी छनौटमा रणनीतिक हुन नसकेको पनि आरोप छ ।

## रास्वपा :...

बालेन सो क्षेत्रबाट चुनावमा उठ्ने चर्चाका वीचमा सोविताले अडान राखेकी थिइन । रास्वपाले बालेनलाई झापा ५ मा पठाएर काठमाडौं २ मा विपिनलाई उठाउने तयारी गरेपछि यसमा विपिनकै षडयन्त्र रहेको चर्चा पनि भइरहेको छ ।

यता, काठमाडौं-१ मा भने रास्वपाबाट पुकार वमले टिकटपाउने संभावना रहेको छ । उनी पहिलादेखि नै खास प्रभाव नभएका नेता हुन् । रास्वपाबाट नै असिम मानसिंह बस्नेतले पनि दाबी गरेका थिए । रास्वपाभित्रबाट नै बमलाई स्वीकार पनि नगरिसकेको अवस्था छ । त्यसो त, रवि लामिछाने र रविन्द्र मिश्रको संगत निकट रहेका कारणले काठमाडौं १ मा रास्वपाले बलियो उम्मेदवार उठाउने पक्षमा नरहेको चर्चा पनि भइरहेको छ ।

त्यसो त, काठमाडौंमा ३ मा रास्वपाले कुलमान घिसिङलाई टक्कर दिनेगरी उम्मेदवार उठाउन खोजेको छ । तर, यो क्षेत्रको तामाङ वस्तीमा घिसिङको प्रभाव बलियो रहेका कारणले रास्वपाका वरिष्ठ नेता जान मानिरहेका छैनन् । यो क्षेत्रमा प्रदीप खतिवडा भनिने जेन जी आन्दोलनको क्रममा सक्रिय एनजिओकर्मी चर्चामा रहेका छन् । यता काठमाडौं चारमा भने राजु पाण्डे उठ्न खोजेका छन् । बालेनको कोटाबाट उनी उम्मेदवार हुन खोजेका छन् । त्यो त्यसो भयो भने गगन थापालाई सजिलो बनाउन खोजिएको रुपमा पनि हेरिएको छ । त्यसो त, पहिला सुमना श्रेष्ठलाई पनि उठाउन खोजिएको थियो । उनी नउठ्ने भएपछि कुनै राजनीतिक सुझबुझ नभएका डण्ठाको भरमा महानगर प्रहरी हाँकेका महत्वकांक्षी राजु पाण्डेलाई अघि सारिएको छ ।

पहिले चुनाव जितेको भएपनि हाल चाहिं प्रभाव घट्न थालेका नेता हुन् गणेश पराजुली । रास्वपाले पराजुलीलाई काठमाडौं ७ मा निरन्तरता दिने निश्चित भएपनि यो क्षेत्रमा उनको प्रभाव कम रहेका कारण जित्न गाह्रो हुने चर्चा छ । यो क्षेत्रमा बाबुराम भट्टराईको पार्टीबाट मानुषी यमी भट्टराई चुनावमा उठ्दैछिन् । रास्वपाका काठमाडौं ८ का उम्मेदवार विराजभक्त श्रेष्ठलाइ पनि यो पटक भने निकै चुनौती रहेको छ । उनलाई टक्कर दिन प्रचण्डको दलबाट सुमन सायमी सक्रिय भएका छन् । उनी अघिल्लोपटक स्वतन्त्रबाट उठेर दोस्रो भएका थिए । अहिले नेकपाबाट उम्मेदवार हुँदैछन् । यता काठमाडौं ९ मा उपसभापति डीपी अर्याल चुनाव उठ्दैछन् । तर, उनलाई पुरानो विवेकशीलका मिलन पाण्डे र युटुवमा चर्चामा आउने आशिका तामाङले टक्कर दिने अवस्था देखिएको छ । त्यसैले, डीपी पनि चुनावी खेलमा निकै गाह्रो अवस्थामा रहेको पनि विश्लेषण भइरहेको छ ।

## दुई लाख...

नआएको कार्यालयसम्बद्ध स्रोतको दाबी छ । गत आर्थिक वर्षको जेठ-असारमा सफ्टवेयरले धोका दिँदा सेवा प्रभावित भएको गुनासो विभागीय मन्त्रालयसम्म पुगेको थियो ।

त्यसपछि मन्त्रालयले कार्यालयको नेतृत्व परिवर्तन गर्दै सहसचिव बलराम निरौलालाई नयाँ रजिस्ट्रारको जिम्मेवारी दिएको थियो । त्यसयता सर्भर प्रणालीमा सुधार, नयाँ सिस्टम अपग्रेड र सेवा प्रवाह थप सहज भएको बताइन्छ । कार्यालयले 'फेसलेस' प्रणालीलाई प्राथमिकता दिँदै प्रायः सबै सेवा अनलाइनमार्फत प्रवाह गरिरहेको स्रोतको दाबी छ । स्रोत भन्छ, "अबका दिनमा सेवाग्राहीलाई कार्यालय धाइरहनुपर्ने आवश्यकता पर्दैन ।"

कार्यालयले अबदेखि एक करोड रुपैयाँभन्दा माथि चुक्ता पुँजी भएका कम्पनीले अनिवार्य रूपमा कम्पनी सचिव तथा कर्मचारी राख्नुपर्ने व्यवस्था लागू गर्ने तयारी गरेको छ । त्यसपछि कम्पनीको अध्यावधिक, पुँजी वृद्धि, उद्देश्य थपघटजस्ता काम कम्पनीका सचिव वा कर्मचारीबाहेक अन्यले गर्न नपाउने व्यवस्था गरिनेछ । विगतमा यस्ता कार्यका लागि बिचौलिया हाबी हुँदा कार्यालयका कर्मचारी बदनाम भएको गुनासो पनि रहँदै आएको छ । नयाँ व्यवस्थाबाट बिचौलियालाई निरुत्साहित गर्ने उद्देश्य रहेको बताइन्छ ।

## कांग्रेसमा सत्ता...

यद्यपि आन्तरिक अवस्था कमजोर र गिजोलिएको नभए बाह्य शक्तिले हस्तक्षेप गर्ने ठाउँ नै नपाउने यथार्थलाई अस्वीकार गर्न सकिँदैन ।

देउवाको कार्यशैलीबाट असन्तुष्ट पक्षलाई विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तन गर्न प्रेरित गर्ने खालको सल्लाह वा दबाब कुनै बाह्य शक्ति वा पक्षबाट कति आयो भन्ने कुरा एकिनका साथ भन्न कठिन भए पनि विशेष महाधिवेशनमा ५५-६० प्रतिशत प्रतिनिधिको सहभागिताले पुरानो नेतृत्वप्रति बहुमत प्रतिनिधि असन्तुष्ट थिए भन्ने तथ्यलाई बलियोसँग प्रमाणित गरेको छ । यसले कांग्रेसको पुरानो नेतृत्वले कार्यकर्ताको भावना बुझ्न असफल भएको यथार्थलाई पनि उजागर गरेको छ ।

सरकार होस् वा पार्टी-जब नेतृत्वले बहुमतको भावना बेवास्ता गर्छ, तब कार्यकर्ता नै नेतृत्वको विपक्षमा उभिन थाल्छन् भन्ने राजनीतिक यथार्थको उदाहरण कांग्रेसको यो दोस्रो विशेष महाधिवेशन बनेको छ ।

**नेतृत्व हस्तान्तरण र युवा आक्रोश**

इतिहासमा कुनै घटना घटिसकेपछि "के भएको भए यस्तो हुने थिएन" भन्ने बहसलाई सधैं निर्णायक मान्न सकिँदैन । तर, यस पंक्तिकारसहित धेरै विश्लेषकहरूले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीजस्ता पुराना दलका शीर्ष नेताहरूले समयमै नेतृत्व हस्तान्तरण गरेको भए २०८२ भदौ २३ र २४ मा देखिएको तीव्र युवा आक्रोश टार्न सकिन्थ्यो कि भन्ने तर्क प्रस्तुत गर्दै आएका छन् ।

अतीतका घटनाबाट शिक्षा लिएर भविष्यको दिशा तय गर्नु नै राजनीतिक परिपक्वताको चिन्ह हो । थापा र उनका सहयोगीहरूले अघिल्लो नेतृत्वका निर्णय र कार्यशैलीको आलोचना गरेका छन् । अब उनीहरूले भविष्यमा त्यस्तै निर्णय दोहोऱ्याउँछन् कि गर्दैनन् भन्ने कुराले उनीहरूको राजनीतिक निष्ठा र इमान्दारीको वास्तविक परीक्षा लिनेछ ।

**विचारको संकट र नयाँ नेतृत्वको परीक्षा**

२०६३ साल पछि नेपाली राजनीतिमा विचारको युग समाप्त भई पद, सत्ता प्राप्ति र धनार्जनका लागि जे गर्न पनि जायज ठानिने प्रवृत्तिको युग सुरु भएको मानिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ भनिएका दलहरू समेत पदीय लालसा र विचार-शून्यताबाट अछुतो नरहेको कुरा न्यूनतम नीति र कार्यक्रममा छलफल नगरी पद बाँडफाँडका आधारमा पार्टी एकता गरिएको घटनाले स्पष्ट पारेको छ ।

नेपाली कांग्रेसको विशेष महाधिवेशनले अन्य दलसँग गठबन्धन नगरी एक्लै निर्वाचनमा जाने प्रतिबद्धता व्यक्त गरेको छ । यदि यो प्रतिबद्धता व्यवहारमा कार्यान्वयन भयो भने मतदाताले दीर्घकालमा विचारको सामीप्यका आधारमा उम्मेदवार छान्न पाउने वातावरण बन्नेछ र अवसरअनुसार जतातत्तै गठबन्धन गर्ने विकृत राजनीतिक संस्कृतिमा क्रमशः ब्रेक लाग्ने आशा गर्न सकिन्छ ।

नेतृत्वका कमजोरी औंल्याउनु सजिलो हुन्छ, तर नेतृत्वमा पुगेपछि आफ्नै निर्णयलाई निष्कलंक राख्नु सबैभन्दा कठिन हुन्छ । नेपालको सन्दर्भमा, दलको नेतृत्वले देशको नेतृत्व गर्ने अवसर पाउँदा इतिहासले धिक्कार्ने निर्णयबाट आफूलाई जोगाउन सके मात्रै पनि त्यसलाई ठूलो राजनीतिक सफलता मान्न सकिन्छ ।

भूराजनीतिक संवेदनशीलताको गहिरो समझ, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा, तथा कमजोर अर्थतन्त्रलाई सबल बनाउने चुनौतीहरू नेपालजस्ता मुलुकका लागि जटिल छन् । यी सबै विषयमा नयाँ नेतृत्वले कति चनाखो र जिम्मेवार भूमिका निर्वाह गर्छ, यहीँबाट नेपाली कांग्रेसको "नयाँ युग" वास्तविक परिवर्तन हो कि केवल नेतृत्वको फेरबदल मात्र हो भन्ने प्रश्नको उत्तर आउनेछ ।

## प्रहरी फोर्सको...

एक अधिकृतका अनुसार एसपीबाट एसएसपी बन्न ५० लाख रुपैयाँसम्मको अफर खुलेआम चल्ने गरेको थियो । तर, यसपटक त्यो अभ्यास इतिहास बन्दै गएको महसुस गरिएको छ ।

**'५० लाखको अफर' इतिहास बन्दै : यसपटक सिनियारिटी नै आधार**

निष्पक्षताको उदाहरणस्वरूप हालै १० जना एसपी प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)हरू २०८२ माघ २ गते बढुवा भएका छन् । बढुवा हुनेमा राम प्रकाश शाह, भुवनेश्वर तिवारी, ऋषि राम कँडेल, सुरेश प्रसाद काफ्ले, श्याम सिंह चौधरी, नकुल पोखरेल, दिलिप घिमिरे, पदम बहादुर विष्ट, योगेन्द्र सिंह थापा र सुवास चन्द्र वोहरा रहेका छन् । वरिष्ठ र कार्यसम्पादनका आधारमा गरिएको यो बढुवाले संगठनभित्र भरोसा जगाएको छ ।

त्यस्तै १६ जना वरिष्ठ डीएसपीलाई एसपी पदमा बढुवा सिफारिस गरिएको छ । एसपीमा बढुवा सिफारिस हुने डीएसपीहरूमा पुष्पराज मल्लदेखि दीपक भारतीसम्मका नाम समावेश छन् । सूची सार्वजनिक भएयता तुलनात्मक रूपमा विवादरहित र सन्तुलित बढुवाको रूपमा यसलाई हेरिएको छ ।

डीएसपीबाट एसपीमा बढुवाका लागि सिफारिस हुनेहरूमा पुष्पराज मल्ल, धर्मराज भण्डारी, रविन श्रेष्ठ, दिलिप कुमार गिरी, कुमार विक्रम थापा, बुद्ध श्रेष्ठ रहेका छन् । यसैगरी, मान बहादुर राई, मोहन बहादुर खाँण, श्यामु अर्याल, भरत लामा, सागर बोहरा, राम कुमार दानी, छेदीलाल कामती, हरि बहादुर ओली, प्रदीप कुमार सिंह र दीपक कुमार भारती रहेका छन् ।

**जेन-जी आन्दोलनपछि आत्मबल फर्काउने प्रयास**

यस बढुवा प्रक्रियालाई पछिल्लो समय प्रहरी संगठनले भोगेको गहिरो संकटसँग पनि जोडेर विश्लेषण गर्न थालिएको छ । २०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनले नेपाल प्रहरी फोर्सलाई शारीरिकभन्दा बढी मानसिक रूपमा थिलथिलो बनाएको थियो । आलोचना, अपमान र अविश्वासको घेरामा परेको प्रहरी संगठनभित्र आत्मसम्मान गुम्दै गएको अनुभूति थियो ।

यही पृष्ठभूमिमा प्रहरी महानिरीक्षक दान बहादुर कार्कीको गीत 'आमा म त खरानीबाट उठेर आएँ' सार्वजनिक हुनु संयोग मात्र नभई प्रहरी फोर्समा मनोबल बढाउने सन्देशका रूपमा हेरिएको छ । उक्त गीतलाई प्रहरी फोर्सका लागि साहस, धैर्य र पुनर्जागरणको प्रतीक मानिएको छ । बढुवामा देखिएको निष्पक्षताले यही सन्देशलाई व्यवहारमा उतार्ने प्रयास भएको टिप्पणी प्रहरी वृत्तहरूमा सुनिन्छ ।

**डीएसपीका २१ पदमा रिक्त १२९ इन्स्पेक्टर मैदानमा**

बढुवाको सकारात्मक माहोलबीच सबैभन्दा चुनौतीपूर्ण र संवेदनशील चरण भने डीएसपी बढुवा प्रक्रिया बनेको छ । रिक्त रहेका २१ डीएसपी पदका लागि १२९ जना प्रहरी निरीक्षक प्रतिस्पर्धामा उत्रिएका छन् । तीमध्ये २०६४ सालमा भर्ना भएका एक जना, २०७१ सालमा बढुवा भएका समूहका चार जना र बाँकी १२४ जना २०७२ सालमा भर्ना भएका इन्स्पेक्टरहरू रहेका छन् ।

वरिष्ठका आधारमा अगाडिका पाँच जना बढुवा सूचीमा पर्ने निश्चित देखिए पनि बाँकी १६ पदका लागि १२४ जनाबीच कडा प्रतिस्पर्धा हुने अवस्था छ । यही कारण डीएसपी पदमा बढुवा प्रक्रिया संगठनभित्र अत्यन्त जटिल र संवेदनशील बन्दै गएको छ । बढुवाको सरगर्मी बढेसँगै केही निरीक्षकहरूले लबिङ थालेको चर्चा भए पनि शीर्ष नेतृत्वले निष्पक्षताको मानक नछाड्ने संकेत दिएको छ ।

समग्रमा, यसपटकको बढुवा प्रक्रिया केवल पदोन्नतिमा सीमित छैन । यो प्रहरी संगठनभित्र हराउँदै गएको पेशागत गर्व, आत्मसम्मान र संस्थागत विश्वास पुनःस्थापित गर्ने प्रयासका रूपमा हेरिएको छ । यदि यही अभ्यास निरन्तर रह्यो भने नेपाल प्रहरी साँच्चिकै खरानीबाट उठेर पुनः सबल, व्यावसायिक र जनविश्वासयोग्य संस्था बन्ने र 'सत्य सेवा सुरक्षणम्'को मार्गमा अघि बढ्ने अपेक्षा गरिएको छ ।

## सेनाको खरिदमा...

रहेको बताइन्छ ।

**क्यामुफ्लाज कपडाका लागि बोलपत्रदाता (९ कम्पनी)**

१. कमर्सेन्स लिमिटेड
२. एडी सप्लायर्स - चीन
३. रेडियल ग्लोबल - हङकङ
४. होराइजन / प्रगति संयुक्त उद्यम (JV)
५. आईएससी
६. पूजा ट्रेडिङ - भारत
७. कर्माचार्य - चीन
८. अल्बेलो - चीन
९. न्यू उषा / फिट वेल संयुक्त उद्यम (JV)

**चुस्ता कपडा (UN) का लागि बोलपत्रदाता (८ कम्पनी)**

१. रेजिङ इन्टरनेशनल
२. एडी सप्लायर्स - चीन
३. पैला ट्रेडिङ
४. होराइजन / प्रगति संयुक्त उद्यम (JV)
५. आईएससी
६. पूजा ट्रेडिङ - भारत
७. कर्माचार्य - चीन
८. अल्बेलो - चीन

सैनिक स्रोतका अनुसार, संभार रथी विभागमा करिब डेढ वर्षदेखि सहायक रथी द्रव्यराम भण्डारीको कार्यकालमा 'सेटिङ'का आधारमा ठेक्का वितरण भइरहेको आरोप छ । प्रधानसेनापति अशोकराज सिग्देलको सम्धीको नाताले यादव कुँवरको शक्ति, प्रभाव र इसारामा द्रव्यराम भण्डारीले काम गर्दै आएको आरोप छ । भावी प्रधानसेनापतिको समेत ख्वाब देख्ने गरेका सहायक रथी द्रव्यराम भण्डारीको नियम अनुसार, संभारबाट एक वर्षमा नै सरुवा हुनुपर्नेमा यादव कुँवरले नै थामेर राखेको स्रोत बताउछ । संभारमा बिचौलियाको भूमिकामा यादव कुँवरकै निकट मित्र सुदीप भण्डारी सक्रिय रहेको दाबी स्रोतले गरेको छ । सम्धी यादव कुँवरले सेटिङ्ग गरेको सप्लार्यसको मात्रै प्राविधिक प्रस्ताव स्वीकृत गरेर खरिदमा व्यापक रुपमा अनियमित काम गर्ने गरिएको स्रोतको दावी छ ।

यद्यपि यी सबै विषयमा नेपाली सेनाको आधिकारिक धारणा सार्वजनिक भइसकेको छैन । आपूर्तिकर्ता र सरोकारवालाहरूले भने यति ठूलो रकमको खरिद प्रक्रियामा पारदर्शिता, प्रतिस्पर्धा र जवाफदेहिताको माग गर्दै निष्पक्ष छानबिन आवश्यक रहेको बताएका छन् ।

## ठूला करदातामा...

मन्त्री खनाल र अर्थ सचिव डा. घनश्याम उपाध्यायले उक्त प्रवृत्ति तोड्न चाहेको अर्थ स्रोत बताउँछ ।

## सचिव सरुवामा...

सञ्चार मन्त्रालयमा ल्याउने चर्चा चलेको थियो । तर, अन्ततः घिमिरेलाई नभई बस्नेतलाई सरुवा गरिएको छ ।

यसैबीच, सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका केही मन्त्रीहरूले अनियमित काम गर्न दबाब दिएको भन्दै सचिवहरूमा असन्तुष्टि बढ्दै गएको बताइन्छ । आफूअनुकूल निर्णय गर्न नमान्ने सचिवलाई बारम्बार सरुवा गरेर दबाब दिने प्रवृत्ति बढेको आरोप पनि लाग्दै आएको छ । प्रधानमन्त्री कार्यालयदेखि मुख्यसचिवसम्म यस्तो गुनासो पुगेको बताइन्छ ।


**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपांगता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार